# यातना
## गम्भीर फौजदारी अपराध

जुन २६, २००९

**यातना : गम्भीर फौजदारी अपराध**

पहिलो प्रकाशन २०६६ (सन् २००९)

*प्रकाशक*

**— यातना विरुद्धको सहकार्य —**

एड्भोकेसी फोरम (एएफ)
इनहुरेड इन्टरनेसनल
इन्फरमेसन सेक्टर सर्भिस (इन्सेक)
सेन्टर फर भिक्टिमस् अफ टर्चर (सिभिक्ट)
एकाउन्टाविलिटि वाच कमिटि (एडब्लुसी)
फोरम फर प्रोटेक्सन अफ पिपुल्स् राइट्स् (पीपीआर)

सर्वाधिकार © प्रकाशकमा

*ले-आउट/कभर डिजाइन*
किशोर प्रधान

*आवरण चित्र*
सुशील थापा

काठडमौंमा मुद्रित

# विषयसूची


| | |
|---|---|
| प्रस्तावना | ङ |
| परिचय | १ |
| यातनाका स्वरूप | ५ |
| परिभाषा | ११ |
| फौजदारी जवाफदेहीता | १७ |
| स्वास्थ्य परीक्षण | २१ |
| अनुसन्धान र अभियोजन | २५ |
| सजाय | ३१ |
| पुनर्लाभ | ३३ |
| शिक्षा र तालिम | ३७ |
| अन्य आवश्यक प्रावधान | ३९ |
| उपसंहार | ४३ |
| परिशिष्ट-क | |
| यातना निषेधसम्बन्धी विधेयक- २०६६ | ४५ |
| परिशिष्ट-ख | |
| यातनालाई अपराध घोषित गर्न सर्वोच्च अदालतको फैसला | ६५ |
| परिशिष्ट-ग | |
| यातनासम्बन्धी तथ्याङ्क | ८३ |

# प्रस्तावना

सन् १९९१ मा नेपाल सरकारले यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय विरुद्धको महासन्धिलाई अनुमोदन गरेको पनि झण्डै अठार वर्ष पुग्न लागिसकेको छ। तर पनि नेपालले अझैसम्म यातनालाई अपराधीकरण गर्ने र पीडितलाई प्रर्याप्त पुनर्लाभको व्यवस्था गर्ने कानून भने पारित गरेको छैन। विगतको सरकारले यातना विरुद्धको महासन्धिअन्तर्गत पालना गर्नुपर्ने राज्यको दायित्वलाई आत्मसात गर्ने झिनो प्रयास गरेको थियो तर राम्रोसँग मस्यौदा तयार नगरिएको यातना क्षतिपूर्ति ऐन १९९६ ले नेपालमा रहेको यातनाको गम्भीर समस्यालाई सम्बोधन गर्न पूर्णतः अप्रर्याप्त साबित भयो। यसले सशस्त्र द्वन्द्वकालमा नेपालभर व्यापक रूपमा सुनियोजित तरिकाले घटाइएका यातना र गैरन्यायीक थुनाका घटनाहरूलाई रोकथाम गर्न र आवश्यक कानूनी उपचारको प्रदान गर्न पूर्ण असफल रह्यो।

सन् २००६ को राजनीतिक परिवर्तनसँगै यातनाको प्रयोगमा मात्रात्मक रूपमा केही कमी आएको भए पनि हिरासतमा अनुसन्धान र पूर्पक्षको सिलसिलामा हुने यातना कायमै छ। यातनाका यस्ता कुनै पनि घटनाको अनुसन्धान गरी पीडकलाई अदालतमा अभियोजन गरिएको छैन। परिणाम स्वरूप दण्डहीनताको कुसंस्कृति झाङ्गिएकै छ। सशस्त्र द्वन्द्वकालदेखि हालसम्म यातनाका शिकार बनेका पीडितहरू अहिलेसम्म पनि स्व-पीडामा छटपटिइरहेका छन् र न्यायको पर्खाइमा जीवनयापन गर्दैछन्।

मानवअधिकार हननका घटनाहरूको रोकथाम गर्ने, अनुसन्धान गर्ने र सजाय दिलाउने कार्यमा राज्यहरूले *तदारुकता* (Due Diligence) देखाउनु पर्ने दायित्व सम्पूर्ण मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरूको प्रस्थान विन्दु हो। *तदारुकता*को अवधारणाले पीडितलाई पूर्ण पुनर्लाभ प्रदान गर्न आवश्यक संयन्त्रको सुनिश्चितता गर्नुपर्ने नैतिक अभिभारा पक्षराष्ट्रहरूमा निहित रहने कुरामा जोड दिन्छ। तर अधुरो लिखतजस्तो प्रतित हुने यातना क्षतिपूर्ति ऐन र निष्क्रियप्राय फौजदारी न्याय प्रणालीले दण्डहीनतालाई प्रश्रय दिइरहको छ भने यसले जनआन्दोलन सन् २००६ ले गरेको शान्ति, समृद्धि र विधिको शासनको प्रत्यासालाई पनि धरापमा पारेको छ। अन्तर्वार्ता लिने क्रममा हामीलाई सुनाएका यातनाका हृदयविदारक कथाहरू र असह्य शारीरिक र मानसिक यातनाका अमिट छापहरू वहन गर्दै जीवन यापन गरिरहेका हजारौं पीडितहरूको एक ठूलो जमात अझै नेपालमा रहेकाले देशमा यातनाको समस्या कति प्रगाढ छ भन्ने कुराको पुष्टि हुन्छ। नेपालको अन्तर्राष्ट्रिय दायित्व र निर्वाधरूपमा जारी

दूर्व्यवहारका घटनाहरूलाई हृदयंगम गरी यातनालाई अपराधीकरण गर्ने र यसको रोकथाम गर्नेतर्फ उचित कदमहरू चाल्न हामी सरकार र संसदलाई आह्वान गर्दछौं ।

महत्वाकांक्षी प्रयत्न प्रतित भए तापनि हामी नागरिक समाजका सदस्यहरूले यातनासम्बन्धी एक व्यवहारिक नमूना कानून तयार पारेका छौं जसलाई सरकारले अवलम्बन गरी कडाइका साथ लागू गरेको खण्डमा नेपालमा हिरासतको पारदर्शिता, जवाफदेहीता र प्रत्येक व्यक्तिको मौलिक अधिकार प्रति संवेदनशीलताको एक नयाँ अध्याय सुरु हुनेछ । यस प्रतिवेदनको परिशिष्ट (क) मा समावेश गरिएको यातनासम्बन्धी नमूना कानून उपर सरकार र संविधान सभाले आवश्यक ठानेको हेरफेरसहित पारित गर्नको लागि प्रस्ताव गरोस् र तुरुन्त लागू गरोस् भन्ने हामी चाहन्छौं ।

यस प्रतिवेदन तयार पार्नको लागि प्रत्यक्ष र परोक्षरूपमा सहयोग पुऱ्याउनु हुने सबैप्रति कृतज्ञ छौं । यो प्रतिवेदन मस्यौदा गर्ने मन्दिरा शर्मा, धिराज पोखेल, डिल्ली न्यौपाने, इन्ग्रिड मसाजे, वाकर नेवेल, मार्टिन सोमरफेल्ड लगायत सो मस्यौदालाई परिष्कृत तुल्याउन मद्दत गर्ने एपिटि, नेपालस्थित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयोगको कार्यालय लगायतका संघसंस्थाहरूलाई पनि महत्वपूर्ण सुझाव र सहयोगको लागि धन्यवाद दिन्छौं । त्यस्तै गरी एड्भोकेसी फोरम, फोरिड, रिड्रेस, इन्सेक, सिभिक्ट, पीपीआर, आइसिजे, जवाफदेही निगरानी समिति, राष्ट्रिय मानवअधिकार आयोग लगायतका संघसंस्थाहरूलाई पनि महत्वपूर्ण सुझाव र सहयोगको लागि आभारी छौं । यस प्रतिवेदनलाई नेपालीमा अनुवाद गर्नुहुने देवराज लिम्बु, ओमप्रकाश सेन ठकुरी र चेतना शर्मालाई पनि धन्यवाद दिन चाहन्छौं । हामी यो प्रतिवेदन ती पीडितहरूको नाममा समर्पित गर्दछौं जसले बितेका वर्षहरूमा बहादुरीका साथ आफ्ना कथा/व्यथाहरू हामीसँग पोखेका थिए ।

# परिचय

डिसेम्बर २००७ मा सर्वोच्च अदालतले एक विस्तृत फैसला गर्दै यातनालाई फौजदारी अपराध घोषित गर्ने आदेश दिएको छ । यातनालाई अपराधीकरण गरी पीडित पक्षलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्ने कानून निर्माण गर्न सरकारका नाममा परमादेश जारी गरियोस् भनी दुई कानून व्यवसायीहरूद्वारा मार्च २००६ मा दायर रिट उपर सुनुवाइ गर्दै सर्वोच्च अदालतले यस्तो फैसला गरेको हो । पक्षराष्ट्रको हैसियतले संयुक्त राष्ट्रसंघीय यातना विरुद्धको महासन्धिको धारा २ र ४ अन्तर्गत नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाए बमोजिम कानून निमार्ण गर्नु नेपाल सरकारको दायित्व भएको ठहर न्यायालयले गरेको छ । "वर्तमान संविधानको धारा २६ को मौलिक हकको प्रभावकारी कार्यान्वयन हुन र यातना दिनेलाई सजाय गर्ने तथा यातनाबाट पीडितलाई क्षतिपूर्ति दिलाउन कानून निर्माण गर्नुपर्ने राज्यको संवैधानिक कर्तव्य हो", फैसलाले भन्छ ।[१]

उल्लिखित फैसला नै विगत १६ वर्षदेखि सर्वोच्च अदालतले नेपाल सरकारका नाममा जारी गरेको यातनासम्बन्धी सबैभन्दा पछिल्लो निर्देशनात्मक आदेश हो । सन् १९९१ देखि यातना विरुद्धको महासन्धि र अन्य अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको पक्ष रहेता पनि नेपाल सरकाले सन्धिजनित दायित्वहरू पूरा गर्नसकेको छैन ।[२] नेपाली कानूनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप परिवर्तन र संशोधन गर्नुपर्ने विभिन्न क्षेत्रबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्न यस अवधिमा बनेका सरकारहरू पूर्ण उदासिन रहेका पाइए । यातनालाई अपराधीकरण गर्न असफल हुनुका साथै नेपाल सरकारले यातना विरुद्धको राष्ट्रसंघीय समिति, यातनासम्बन्धी विशेष प्रतिवेदक र थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका सुझावलाई समेत बेवास्ता गरेको छ ।

सन् १९९३ मा पक्षराष्ट्रका हैसियतले नेपालले प्रस्तुत गरेको प्रारम्भिक प्रतिवेदन माथि विचार गरी यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय समितिले यातनालाई अपराधीकरण गरियोस् भनी पहिलो पटक सिफारिस गरेको थियो ।

---

[१] Ghimire & Dahal v. Nepal. Supreme Court Judgment, 17 December, 2007.

[२] In addition to the CAT, in 1991 Nepal ratified the International Covenant on Civil and Political Rights (ICCPR) and its Optional Protocol, the Covenant on Economic, Social and Cultural Rights, the Convention on the Rights of Child (CRC) and the Convention on the Elimination of Discrimination against Women.

त्यसपश्चात सरकारले "सबै प्रकारका यातनालाई उचित दण्डसहित सजायको भागिदार बनाइनु पर्ने"[३] भन्ने आफ्नो दायित्वबोध गऱ्यो । तर आफ्ना दायित्वको सम्मान नेपाल सरकारले गर्न सकेन बरु द्वन्द्वकालमा अदण्डीत रूपमा यातनाको सुनियोजित अभ्यास भयो र १२ वर्ष व्यतित हुदाँसमेत यातनाको कसूरमा फौजदारी जवाफदेहीता स्थापित हुन सकेन । सन् २००५ मा नेपाल भ्रमणपश्चात यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकले समेत यातना विरुद्धको समितिले दिएकै सिफारिससँग मेल खाने सुझाव प्रस्तुत गरे । उनले महासन्धिको धारा १ अनुसार उच्च प्राथमिकताकासाथ यातना परिभाषित गरिनुपर्ने तथा यातनाजन्य कसूरको गम्भीरताका आधारमा सजाय समेतको व्यवस्था गरिनुपर्ने सुझाव दिएका थिए ।[४] सन् २००१ मा एम्नेष्टि इन्टरनेशनलले यातनालाई अपराधीकरण गरियोस् भनी नेपाल सरकारलाई आह्वान गरेको थियो[५] भने ह्यूमन राइट्स वाच र एड्भोकेसी फोरमले यातनालाई अपराधीकरण गरियोस् भनी बारम्बार आह्वान गरे ।[६]

हाम्रो बर्षौ लामो लबिङ्गको बाबजुद पनि नेपालले यातना रोकथाम र अपराधीकरण सम्बन्धमा गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप नेपाली कानून र अभ्यास विकसित हुन सकेका छैनन् । यातना, दूर्व्यवहार र गैरकानूनी थुना अझ पनि जारी रहेकाले वर्तमान अवस्थाको आमूल राजनीतिक परिवर्तनले पनि मानवअधिकार अवस्थामा उल्लेख्य सुधार ल्याउन नसकेको प्रस्ट हुन्छ । यातनासम्बन्धी उजुरीको निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्ने तथा देशभरीका सरकारी थुनास्थलहरूको व्यवस्थित अनुगमन गर्ने स्वतन्त्र संयन्त्र हालसम्म नेपालमा विकास हुन सकेको छैन । फलतः सरकारी अधिकारीहरूबाट हुने मानवअधिकार उल्लंघनमा रोकावट ल्याउन सकिएको छैन । यसका अलावा दण्डहीनता कायमै रहेकाले द्वन्द्वकालमा गैरसैनिक नेपालीहरू माथि गरिएका असंख्य मानवअधिकार हनन्का घटनाहरू अदण्डीत रहेका छन् ।

नेपालको वर्तमान कानूनी प्रणालीले न त यातना पीडितलाई न्याय र क्षतिपूर्ति दाबी गर्नको लागि उचित व्यवस्था गरेको छ न त पीडकलाई नै जवाफदेही नै बनाउन सकेको छ । सन् २००७ मा जारी गरिएको नेपालको अन्तरिम संविधानले यातनालाई फौजदारी कसूर मानेता पनि नेपालको व्यवस्थापिकाले यातनालाई अपराधीकरण गर्ने ठोस कानून तर्जुमा नगरेकाले यातना अझै पनि देवानी कसूरको दर्जामा रहेको पाइन्छ । वास्तवमा यातनालाई संवैधानिक रूपमै अपराधीकरण गरिनु प्रारम्भिक चरणको प्रगति मान्न सकिन्छ तर यो आफैमा पूर्ण भने छैन । यातनालाई हिरासत र पूर्पक्षका लागि थुनिएका बन्दीहरू उपर हुने यातनामा मात्र केन्द्रित रहेर परिभाषित गरेको छ । र सार्वजनिक पदधारी अधिकारीहरूद्वारा हिरासत बाहिर दिइएका यातना र दूर्व्यवहारलाई नसमेटेकाले नेपालको संवैधानिक प्रावधान यातना विरुद्धको महासन्धिको एउटा महत्वपूर्ण प्रावधानसँग बाझिएको छ । त्यसका अतिरिक्त यातनासम्बन्धी एकमात्र राष्ट्रिय कानूनको रूपमा रहेको यातना क्षतिपूर्ति ऐन २०५३ ले यातनालाई फौजदारी कसूर नमानी दोषी उपर देवानी दायित्व मात्रको व्यवस्था गरेको छ । उक्त ऐनमा रहेका यस्ता असंख्य

[३] Paragraph 1, Initial Report of Nepal under Article 19 of the UN Convention Against Torture, 1993, also available at http://nepal.ohchr.org/en/resources/Documents/English/other/Support_Of_Victims_Of_Torture/6.pdf

[४] Paragraph 33(b), Report of the UN Special Rapporteur on Torture, 9 January 2006. (ECN.4/2006/6/Add.5)

[५] Amnesty International, Nepal. Make Torture a Crime, March 2001, AI Index ASA 31/002/2001, also available at http://www.amnesty.org/en/library/info/ASA31/002/2001/en

[६] Advocacy Forum, Sharing Experiences of Torture Survivors, June 2006, available at www.advocacyforum.org. Human Rights Watch and Advocacy Forum, Waiting for Justice. Unpunished Crimes from Nepal's Armed Conflict, September 2008, available at http://www.hrw.org/en/reports/2008/09/11/waiting-justice-0

त्रुटिहरूलाई एड्भोकेसी फोरमले बृहत्‌रूपमा अभिलेखीकरण गरेको छ ।[७] यातनामा दोषी ठहरिएका सरकारी अधिकारीहरूमाथि विभागीय कारवाही गर्न आदेश दिने अधिकार जिल्ला अदालतलाई ऐनले दिएको भए पनि उक्त ऐनको सो व्यवस्था व्यावहारिक रूपमा प्रयोग भएको भने विरलै पाइन्छ ।

आफूलाई यातना दिने पीडकहरू जेल चलान भएको देख्न पाउँदैनन् । उनीहरूलाई आर्थिक राहतबाट वञ्चित तुल्याउन विभिन्न बाधा व्यवधानहरू खडा गरिएको हुन्छ जसको प्राप्तिको लागि उनीहरूले कष्टकर अवस्थाको सामना गर्नुपर्ने हुन्छ । सुरक्षा संयन्त्रको अभावमा यातना पीडित र साक्षीहरूलाई पीडक पक्षले निरन्तर रूपमा प्रतिशोधको धम्की दिने गरेकाले पीडितहरू मुद्दा फिर्ता लिन बाध्य भएका छन् । त्यसमा पनि उनीहरू राज्यद्वारा प्रदान गरिने कानूनी उपचारको बारेमा सुसूचित नभएको तथा यातना क्षतिपूर्ति ऐनले निर्धारित गरेको ३५ दिने साँघुरो हदम्यादले पीडितको न्यायिक उपचारको अधिकारलाई निस्तेज पारेको छ । अझ, प्रचलित कानूनले पीडितहरूको पुनर्स्थापनाको आवश्यकतालाई नजरअन्दाज गर्दै रु १००,००० को अत्यन्त न्यून क्षतिपूर्तिको व्यवस्था गरेको छ । यसभन्दा पनि यातनाको आरोप पुष्टि हुन नसकेको अवस्थामा उल्टै पीडितलाई आर्थिक जरिवानासमेत गर्न सकिने व्यवस्थाले त झन् पीडित पक्षलाई कानूनी उपचारको बाटो रोज्न निरुत्साहित गरेको छ ।

यस्तो परिस्थितिमा एक यस्तो बृहत् कानूनको आवश्यकता छ जसले यातनालाई अपराधीकरण गरी यातनासम्बन्धी पूर्ण अनुसन्धानको प्रणाली स्थापना गरोस् । साथै यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार जस्ता कसूर दण्डीत र निरुत्साहित गरी पीडितलाई क्षतिपूर्ति तथा यातना पुनरावृति नहुने समेत सुनिश्चितता गर्न सकोस् । माथि उल्लेख गरिए जस्तै नेपालको अन्तरिम संविधानले यातनालाई अपराधीकरण गरिसकेको अवस्था छ । सर्वोच्च अदालतले पनि सरकारलाई संवैधानिक प्रावधान र महासन्धिको भावना अनुरूप कार्य गर्न आदेश दिइसकेको छ । यसैगरी जारी यातनालाई गैरकानूनी कृत्य मान्ने प्रभावकारी र बृहत् कानूनको निमार्ण तथा कार्यान्वयन गरी आधारभूत मानवीय मर्यादाप्रति प्रतिबद्धता जाहेर गर्नु नेपाल सरकारको दायित्व हो ।

यस प्रतिवेदनमा नेपालमा कार्यरत नागरिक समाजका मानवअधिकारवादी संघसंस्थाहरूले तयार पारेको एउटा नमूना विधेयक मस्यौदा पनि संलग्न गरेका छौं । जसलाई ग्रहण गरी सफलतापूर्वक कार्यान्वयन गरेको खण्डमा यो विधेयक नेपाललाई यातना रहित मुलुक बनाउन सफल अस्त्रको रूपमा प्रयोग हुन सक्छ । यस प्रतिवेदनमा प्रस्तावित नमूना विधेयकले नेपालमा मानवअधिकार उल्लंघनउपर जवाफदेहीता तथा पीडितलाई कानूनी उपचारको परिपाटी विस्तारै बसाउने आधार सिर्जना गर्नेमा हामी विश्वस्त छौं । यस प्रतिवेदनमा नेपालको फौजदारी न्याय प्रणालीमा आम प्रयोगमा रहेको करकाप र बलजफ्तीका साथ बयान लिने परिपाटी विरुद्ध लड्ने व्यवस्थाहरू समावेश गरिएका छन् । यसले नेपालको कानूनलाई अन्तर्राष्ट्रिय स्तरको कानून बनाउन र नेपालमा यातनाको अन्त्य गर्नको लागि विभिन्न प्रावधानहरू पनि समावेश गरेको छ । यो मस्यौदा रचनात्मक ढंगले तयार पारिएको छ जसअनुसार पीडकहरूमाथि प्रभावकारी ढंगले कारवाही गरिने, यातनाका पीडितहरूलाई तत्काल पूर्ण

[७] See Advocacy Forum, Hope and Frustration. Assessing the Impact of Nepal's Torture Compensation Act – 1996, 26 June 2008, also available at http://www.advocacyforum.org/publications/index.php

पुनर्लाभ दिलाउने र मानवअधिकार समूहहरूले सम्पूर्ण हिरासतहरूको निर्वाध रूपमा अनुगमन गर्न पाउने प्रावधानहरू समेत समावेश गरिएका छ ।

यस प्रतिवेदनको परिशिष्टमा समावेश गरिएको नमूना विधेयक निम्न आधारहरूको उपज हो :

- सन् २००१ देखि नेपालको फौजदारी न्याय प्रणालीका मुख्य सरोकारवालाहरूसँग नेपालका विभिन्न स्थानमा एड्भोकेसी फोरमले आयोजना गरेका परामर्श बैठकहरूबाट संकलित सुझाव र सल्लाहहरू ।
- यातना पीडितहरूको न्याय र न्यायिक उपचारप्रतिको दृष्टिकोण ।
- हिरासत अनुगमनकर्ताहरूको बर्षौंको अनुभव ।
- राष्ट्रिय तथा अर्न्राष्ट्रिय मानवअधिकारवादी संघसंस्थाहरूबीच चलेका छलफल र परामर्शका निष्कर्षहरू ।
- अन्तर्राष्ट्रिय प्रचलन तथा अन्तर्राष्ट्रिय कानूनी मापदण्डको अध्ययन ।
- फोरिडको संयोजकत्वमा गरिएका क्षेत्रीय परामर्शहरू ।
- राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक, सिभिक्ट, फोरिड, पीपीआर, इन्हुरेड इन्टरनेशनल, जवाफदेहीता निगरानी समिति, आइसिजे र ओएचसिएचआर लयायतका विभिन्न संघसंस्थाहरूका बर्षौंका अनुभवहरू ।

हामीले यातना र मानवअधिकार हनन्का घटनाहरूको अभिलेखीकरण गर्ने, विगतमा भएका मानवअधिकार हनन्का घटनाहरूलाई अभियोजन गर्न दबाब दिने, निर्वाध चलिरहेको दण्डहीनता विरुद्ध जनमत बनाउने र कानूनमा सामयिक परिवर्तनका लागि आवाज उठाउने काम गर्छौं । तर अपर्याप्त कार्यविधि र यातना क्षतिपूर्ति ऐनले पीडकलाई प्रदान गरेको घुमाउरो संरक्षणले पीडितलाई न्याय प्रदान गराउने हाम्रा प्रयास निरर्थक साबित भएका छन् । तर यस प्रस्तावित मस्यौदा विधेयकले यी सम्पूर्ण कमीकमजोरीहरूको निवारण गर्नुका साथै यातना विरुद्ध लड्नका लागि प्रभावकारी वैधानिक खाका उपलब्ध गराउने छ । वैयक्तिक स्वतन्त्रताको संरक्षण र विधिको शासनप्रति प्रतिबद्ध समाज स्थापना गर्न सरकारलाई अवसर पनि हो यो । सरकारले विभिन्न चुनौतीका बाबजूद पनि विधेयकलाई अँगाल्ने छ र नेपालबाट यातनालाई सधैंका लागि निर्मूल पार्ने दरिदो पाइला चाल्ने छ भन्ने कुरामा हामी आशावादी छौं ।

# यातनाका स्वरूप

अन्तर्राष्ट्रिय कानूनले यातनालाई गम्भीर अपराधको कोटीमा राखेको छ । यसलाई यति गम्भीर हननको दर्जा दिइएको छ कि यातनाको औचित्य पुष्टि गर्न "युद्ध, वा युद्धको त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै संकटकाल, सशस्त्र द्वन्द्व"[१] आदि जस्ता कुनै पनि परिस्थितिको जिकिर लिन पाइँदैन । तर नेपालका फौजदारी न्याय प्रणालीका प्रत्यक्ष सरोकारवालाहरूले यातनाको गम्भीरतालाई नबुझेको वा सम्मान गर्न नचाहेको जस्तो देखिन्छ । यसका अतिरिक्त नेपालभरी रहेका हिरासत केन्द्रहरूमा यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार आम प्रचलनमा रहेको पाइन्छ । सरकारी हिरासत केन्द्रमा क्रूर व्यवहारका शिकार हुने मध्ये बालबालिका समेत पर्दछन् । एड्भोकेसी फोरमले आफू कार्यरत १८ जिल्लाका ६५ ओटा हिरासतहरू (विशेषगरी प्रहरी चौकी) को नियमित अनुगमन गर्ने गर्दछ । यी भ्रमणहरूको मुख्य उद्देश्य भनेको नियमित अनुगमनद्वारा बढ्दो क्रममा रहेका यातनाका घटनाहरूको रोकथाम गर्ने र भैसकेका घटनाहरूको अभिलेखीकरण गर्ने रहेको छ । विभिन्न जिल्लाहरूमा यातनाका घटनाहरूका फरकफरक तथ्याङ्क रहेता पनि यातना दिने कार्यमा नेपाल प्रहरीनै मुख्यरूपमा संलग्न रहेको पाइएको छ । सशस्त्र द्वन्द्वकाल (विशेषगरी २००१ देखि २००६ सम्म) मा नेपाली सेना (तत्कालीन शाही नेपाली सेना) बाट अधिकांश यातनाका घटनाहरू घटाइएका भए पनि हाल यातनामा सेनाको संलग्नता पाइएको छैन । अर्को तर्फ द्वन्द्वको समयमा अनेकौं यातनाका घटनामा संलग्न रहेको सशस्त्र प्रहरी बल भने अझैसम्म पनि आफूलाई अस्थिर तराईमा प्राप्त जिम्मेवारीको दुरुपयोग गर्दै यातनाका घटनामा संलग्न रहेको पाइएको छ ।

जुन २००८ देखि मे २००९ को अन्त्यसम्ममा एड्भोकेसी फोरमका प्रतिनिधीहरूले ४,३२८ थुनुवाहरूको अन्तर्वार्ता (२४६ महिला र ४,०८२ पुरुष) लिएकोमा १९.५% ले आफूहरूलाई यातना दिई अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गरिएको दाबी गरेका छन् (पूर्ण जानकारीको लागि परिशिष्ट 'ग' हेर्नुहोस्) । यस्तै गरी इन्सेकले सन् २००८ मा जम्माजम्मी २९४ ओटा यातनाका घटनाहरूको अभिलेखीकरण गरेको जनाएको थियो । एवं रीतले वि.स. २०६५ का दौरान राष्ट्रिय मानवअधिकार आयोगले ७२ ओटा यातनाका घटनाहरू अभिलेखीकरण गरेको जनाएको छ । अधिकांश यातना पीडितहरू फौजदारी मुद्दाका अभियुक्त रहेको र केरकारको समयमा

[१] Article 2(2), UN Convention Against Torture

यातनाको शिकार भएको तथ्याङ्कले देखाउँदछ । अन्ततः उनीहरूलाई असह्य यातनाबाट मुक्ति पाउन साविती बयानमा हस्ताक्षर गर्न बाध्य बनाइन्छ ।

थुनुवाहरू कारागर र हिरासतमा मात्रै यातनाको शिकार हुने होइनन् बरु पक्राउपछि थुनास्थलसम्म लैजादाका बखतसमेत निर्घात कुटपिटको शिकार हुने गरेका छन् । यस्ता यातनाका घटनाहरू प्राय गरेर प्रहरी अधिकारीहरूले आफूहरूले पक्राउ गर्नु अगावै तेस्रो पक्षले कुटपिट वा यातना दिएको भन्दै आफ्नो बचाव गर्न पाउने भएकोले पनि अझ बढी प्रचलनमा रहेको पाइन्छ । थुनुवाहरूलाई पक्राउको समयमा कुटपिट गरिने, थुनुवा केन्द्रमा लैजादा बाटोमा लात्ती र बन्दुकको कुण्दाले हान्ने तथा लाठीले कुट्ने गरिएको समेत पाइएको छ ।

नाबालक थुनुवाहरूमाथि प्रहरीले गर्ने ज्यादती र यातनाको बढ्दो क्रम सबैभन्दा चिन्ताको विषय रहेको छ । यो कुरा ह्यूमन राइटस् वाचको गतवर्षको प्रेस वक्तव्यले पनि पुष्टि गरेको छ ।[२] एड्भोकेसी फोरमले यो प्रतिवेदन तयार पार्दासम्म .जम्मा ११०५ नाबालक थुनुवाहरूसँग भेट गरेकोमा २७५ (२४.९%) नाबालक थुनुवाहरूले आफूलाई प्रहरीले यातना दिएको दाबी गरेका छन् जुन प्रतिशत साधारण थुनुवाहरूको भन्दा बढी हो ।

यसका अतिरिक्त नाबालक थुनुवाहरूलाई अन्य वयस्क थुनुवाहरूसँग प्रहरी हिरासतमा राखिनु कानून र सर्वोच्च अदालतको आदेश विपरीत हो । एड्भोकेसी फोरमले सेप्टेम्बर १०, २००८ मा नाबालक थुनुवा सुरेश विके र अन्य नाबालक थुनुवाहरूको हकमा सार्वजनिक सरोकारको विषयमा केन्द्रित रहि बन्दी प्रत्यक्षीकरणको रिट दर्ता गरेको थियो । ती नाबालक थुनुवाहरूलाई बाल सुधार गृहले ठाउँको अभाव देखाउँदै प्रहरी हिरासतमा नै फिर्ता पठाएको थियो भने थुनछेकको आदेश पछि पनि ती नाबालकहरूलाई प्रहरी हिरासतमा अन्य वयस्क थुनुवाहरूसँगै पुनः राखिएको थियो ।

सेप्टेम्बर २९, २००८ मा सर्वोच्च अदालतले सरकारी निकायहरूको नाममा बाल सुधार गृहहरूको भौतिक संरचनाहरूको अवस्थामा सुधार गर्न तथा देशका अन्य भागहरूमा समेत बाल सुधार गृहहरूको स्थापना गर्ने र बाल सुधार गृहले नाबालक थुनुवाहरूलाई फिर्ता पठाउन नपाउने आदेश दिएको थियो । त्यस्तै गरी एड्भोकेसी फोरमले फेब्रुअरी १५, २००९ मा यस्तै प्रकृतिका मुद्दामा ११ जना नाबालक थुनुवाहरूलाई काठमाडौं र ललितपुरमा गैरकानूनी थुनामा राखिएको विषयमा मुद्दा दायर गरेको थियो । उक्त मुद्दामा फैसला सुनाउँदै सर्वोच्च अदालतले मे ८, २००९ मा सरकारलाई थप बाल सुधार गृहहरूको निर्माण गर्ने आदेश दिएको थियो । यस विषयमा न्याय क्षेत्रको चाँसो बढेको भए पनि नाबालक थुनुवालाई दिइने यातनालाई रोक्न अझै पनि धेरै काम गर्न बाँकी नै छ ।

हामीलाई गैरराज्य पक्ष विशेष गरेर योङ्ग कम्युनिष्ट लिग (वाईसिएल) र तराईका सशस्त्र समूहहरूबाट घटाइएका यातनाका घटनाहरूको प्रतिवेदन पनि प्राप्त भएका छन् । यी समूहहरूका मुख्य पीडित यिनीहरूका विरोधी राजनीतिक दलका समर्थक वा सर्वसाधारण जनता हुने गरेका छन् जसमाथि उनीहरू आफ्नो हैकम जमाउन

[२] See Human Rights Watch, End Torture of Children in Police Custody; November 18, 2008, available at http://www.hrw.org/en/news/2008/11/18/nepal-end-torture-children-police-custody

चाहन्छन् । एड्भोकेसी फोरमले जुन २००८ देखि मे २००९ सम्ममा २५ र ९५ क्रमश वाईसिएल र तराईका सशस्त्र समूहहरूद्वारा घटाइएका घटनाहरूको अभिलेखीकरण गरेको छ । यस्तै वि.स. २०६५ का दौरान राष्ट्रिय मानवअधिकार आयोगले गैरराज्य पक्षबाट भएका जम्मा ३९ यातनाका घटनाहरूको अभिलेखीकरण गरेको छ ।

## (क) यातनाका विधि

सरकारी अधिकारीहरूले लगभग ७० ओटा यातना दिने विधिहरू प्रयोग गर्दछन् भनी यातनासम्बन्धी क्षेत्रमा लामो समयदेखि काम गरिरहेको संस्था सिभिक्टले बताउँदछ । यद्यपि विगतका वर्षहरूमा गरिएका अनुगमन र अनुसन्धानबाट सरकारी अधिकारीहरूले पीडितहरूलाई दिने यातनाका विधिहरुलाई समग्रमा निम्नलिखित रूपमा पेश गर्न सकिन्छ :

- हातखुट्टा बाँधेर हातखुट्टाको बीचमा लट्ठी घुसार्ने र टेबलमा झुण्ड्याई पैतला र शरीरको अन्य भागमा कटवासको लट्ठी वा प्लाष्टिक पाइपले कुट्ने ।
- शरीरको विभिन्न भागमा सिमेन्ट भरिएको लट्ठी, कटवासको लट्ठी र प्लाष्टिक पाइपले कुट्ने वा राइफलको कुण्दाले हान्ने ।
- ढाड, छाती, पेट र अनुहारलगायत शरीरका विभिन्न भागमा लात्ती र मुक्काले हान्ने ।
- कानमा हातको पञ्जा वा मुक्काले धेरै पटक जोडले हान्ने ।
- कञ्चटमा पेस्तोल राखेर (वा नराखेर) मार्ने धम्की दिने ।
- कपाल लुछ्ने ।
- यातना दिँदा हथकडी लगाई आँखामा कालो पट्टि बाँध्ने ।
- शरीरमा कुल्चिने र उफ्रने ।
- घाटीमा डोरीले बाँध्ने ।
- हथकडी लगाएर रातभरी कुर्सीमा बस्न लगाउने ।
- वाटर बोर्डिङ जस्तै भुईमा बलजफ्ती सुताएर नाक र मुखमा पानी हाल्ने
- शरीरको विभिन्न भागमा चिमोट्ने ।
- यौनाङ्गमा लट्ठीले घोच्ने ।
- विद्युतीय झड्का र झुण्ड्याउने धम्की दिने ।
- नाङ्गो बनाएर लात्तीले हान्ने ।
- चुरोटको ठुटोले पोल्ने ।
- बलात्कार गर्ने धम्की दिने ।
- यौनजन्य दुव्यर्वहार गर्ने ।

## (ख) थुनुवाहरूको अन्य अधिकार हनन्

नेपालको फौजदारी न्याय प्रणालीमा अनुसन्धानको जिम्मा पाएका निकायहरूमा यातना व्यापक प्रचलनमा रहेको त छ नै यसका साथै अन्य गम्भीर प्रकारका मानवअधिकार हनन्का घटनाहरू पनि हुने गरेका छन् । संघसंस्थाहरूले

विगत देखि नै आवाज उठाउँदै आइरहे पनि फौजदारी अभियुक्तहरूलाई प्राय गैरकानूनी थुनामा राख्ने, भेटघाट गर्न नदिने र स्वास्थ्य परीक्षणको लागि नलैजाने जस्ता कानून विपरीत कार्यहरू हुने गरेका छन् । यस अवधिमा ४३२८ थुनुवाहरूलाई भेटिएकोमा जम्मा १९५(४.५%) थुनुवालाई मात्र पक्राउ पूर्जी दिइएको पाइयो जबकि कानूनतः प्रत्येक थुनुवाले पक्राउ भएकै बखत पक्राउ पुर्जी पाउनु पर्दछ । यसका अतिरिक्त, कुनै पनि थुनुवालाई २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइनु पर्छ भन्ने संवैधानिक व्यवस्था रहेता पनि जम्मा १८५७ (५३.८% प्रतिशत) थुनुवालाई मात्र समयसीमा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइएको पाइयो । अन्तमा यातना क्षतिपूर्ति ऐनमा पक्राउ पर्ने वित्तिकै थुनुवाको स्वास्थ्य जाँच गराइनु पर्छ भन्ने प्रावधान भए पनि यस अवधिमा ७३१ (१६%) थुनुवाहरूलाई स्वास्थ्य जाँचको सुविधाबाट वञ्चित गराइएको पाइयो । संघसंस्थाको सक्रिय अनुगमनले सम्बन्धित अधिकारीहरूबाट हुने कानूनको पालनाको अवस्थामा सुधार आएको भए तापनि अनुगमनबाट प्राप्त तथ्याङ्कले कानून कार्यान्वयन गर्ने अधिकारीबाट कानून उल्लंघन गर्ने कार्य जारीनै रहेको देखाउँछ ।

## (ग) यातना क्षतिपूर्ति ऐन

पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्ने र पीडकलाई यातना दिने कार्य गर्नबाट रोक लगाउने भन्ने आफ्नो देखावटी लक्ष्य प्राप्त गर्न समेत यातना क्षतिपूर्ति ऐन धेरै हदसम्म असफल रहेको छ । तर पनि वर्तमान अवस्थाले नयाँ र प्रभावकारी कानून लागू गर्ने वातावरण रहेको देखाएको छ । कानूनी सहायता प्रदान गर्ने कानून व्यवसायीहरूको मतअनुसार यातना, गैरकानूनी थुना र नाबालक थुनुवाको अधिकारका सवालमा अदालतहरूको सक्रियता बढ्दै गएको पाइनुका साथै जिल्ला अदालतका न्यायाधीश र कर्मचारीहरू पनि अधिकार हनन्का शिकार भएका पीडित साथै तिनका वकिलहरूप्रति सहयोगी बन्दै गएका छन् । यसका साथै न्यायाधीशहरूले पनि प्रहरीको ढिलासुस्ती प्रति चासो व्यक्त गर्ने र असन्तुष्टि व्यक्त गर्ने गरेको पाइएको छ । नाबालक थुनुवाको सवालमा पनि उमेर जाँचको आदेश दिने र वकिलहरूको अनुरोध विना नै पनि स्वास्थ्य र मानसिक जाँचको बारेमा सोधपुछ गर्ने गरेको पाइएको छ । अदालतमा मुद्दा पेश गर्दा स्वास्थ्य जाँचको कागजात पनि प्राय मिशिलसंलग्न गरी प्रहरी प्रशासनले पनि आफ्नो कानूनी दायित्वलाई क्रमश पूरा गर्दै गइरहेको पाइन्छ । यो स्वागत योग्य कदम भए पनि यस्ता स्वास्थ्य जाँचको कागजातको गुणस्तर र विश्वसनियता प्रति ध्यान दिनु पर्ने हुन्छ । तसर्थ न्यायमूर्तिहरूले पनि यस्ता कागजातको निरीक्षण गर्दा सत्यतथ्य जाँचको लागि थुनुवा स्वयंलाई यससम्बन्धमा सोधपुछ गर्नुपर्ने देखिन्छ । यी सुधारहरूले सार्वजनिक पदधारण गरेका अधिकारीहरू माझ कानूनी शासनप्रतिको सम्मान बढ्दै गएको संकेत गरेता पनि कानूनी राजप्रतिको पूर्ण सम्मान सुनिश्चित गर्न अझै बढी सुधार गर्नुपर्ने देखिन्छ ।

## (घ) नेपाल प्रहरीको मानवअधिकार एकाई

प्रहरीको मानवअधिकार एकाई विशेषगरी प्रहरी हिरासतमा थुनुवाहरू उपर हुने यातना र मानवअधिकार हनन्का घटनाहरूको छानविन गरी दोषी उपर कानूनी कारवाहीको सिफारिस गर्ने आधिकारिक निकाय हो । तर पनि यस विषयमा यो निकायले आफूलाई प्रभावकारी र निष्पक्ष सावित गर्न भने सकेको छैन । उल्लेख्य कुरा के छ भने एड्भोकेसी फोरमले जुन २००८ देखि मे २००९ सम्ममा मात्रा ४२ थान यातनासम्बन्धी मुद्दामा उक्त एकाईसँग

पत्राचार गरी अनुसन्धान गर्न अनुरोध गरेको थियो । यी मुद्दाहरूमा मात्र पीडितहरूले पत्राचार गर्न मञ्जुरी दिएकोले मुद्दाहरूको संख्यामा न्यूनता देखिएको हो । नेपाल प्रहरी मानवअधिकार एकाईमा उजुरी लैजान धेरै पीडितहरू अनिच्छुक हुनाको कारण यस एकाईको स्वतन्त्रता र विश्वसनियता प्रति उनीहरूको विश्वासको कमीनै हो ।

यसका अतिरिक्त पीडितहरूको यातनासम्बन्धी गुनासो प्रहरीको मानवअधिकार एकाईसम्म नपुग्नुमा प्रहरीको मानवअधिकार एकाईमा परेका केही यातनाका मुद्दाहरू कार्यान्वयन नहुनु पनि एक मुख्य कारण हो । अगष्ट २००७ को अन्त्यदेखि सेप्टेम्बर २००८ सम्मका ३१ थान मुद्दाहरूमा उक्त एकाईमा उजुरी गरियो जसमध्ये २८ थान प्रहरीद्वारा दिइएका यातनाका मुद्दा थिए भने १ थान वाईसिएलद्वारा, १ थान छुट्टीमा रहेका एक सैनिक जवानद्वारा गरिएको जबरजस्ती करणी र १ थान प्रहरीद्वारा गरिएको जबरजस्ती करणीको मुद्दा रहेका थिए । त्यसमध्ये २२ ओटा मुद्दाहरूमा मात्र एकाईले प्रतिक्रिया जनायो र तीमध्ये पनि २० ओटा मुद्दामा त उजुरी प्राप्त गरेको जानकारी मात्र गराइएको थियो । यी मुद्दाहरूमा ७ पटकभन्दा बढी पुन पत्राचार गरिएको भए पनि फेब्रुअरी २००९ सम्म पीडित पक्षले कुनै प्रगतिको जानकारी पाएका छैनन् ।

ती यातनाका मुद्दाहरूमध्ये १२ ओटा मुद्दाहरूमा प्रहरीको मानवअधिकार एकाईले सम्बन्धित जिल्ला प्रहरी कार्यालय (जिप्रका) लाई जानकारी पठाएको एड्भोकेसी फोरमलाई अवगत भएको छ । उजुरी प्राप्त भएपछि सो सम्बन्धमा प्राप्त व्यहोरा सम्बन्धित जिप्रकामा पठाउनु र त्यहाँबाट जवाफ माग गर्नुलाई नै आफूले सम्पादन गर्नुपर्ने अनुसन्धानको कारवाही हो भन्ने बुझाई प्रहरी मानवअधिकार एकाईमा रहेको आभास हुन्छ । कुनै पनि मुद्दामा उक्त एकाई आफैले पीडितहरूको अन्तर्वार्ता लिने र आरोपित प्रहरी तथा साक्षीहरूको अन्तर्वार्ता लिएको पाइएको छैन ।

हिंसा र यातनाका घटनाहरूलाई अगाडि ल्याउनुको सट्टा एकाईको यस्तो कार्यशैलीले आफूमाथि भएको ज्यादतीलाई अगाडि ल्याउने साहसी पीडितहरूलाई थप यातना र दुर्व्यवहारको खतरामा पारेको छ । एड्भोकेसी फोरमको सहयोगमा दायर गरिएका ७ थान मुद्दामा एकाईले केवल सम्बन्धित जिप्रकामा जानकारी पठाउने र सम्बन्धित पीडकलाई सचेत गराउने काम मात्र गरेको पाइएको छ जसले गर्दा उजुरी गर्ने पीडितको पहिचान गरी निजलाई थप यातना दिने सम्भावना प्रबल रहन्छ । प्रहरी मानवअधिकार एकाईमा उजुरी दायर गरेको पत्तो पाइ ६ थान यातनासम्बन्धी मुद्दामा पीडित थप ज्यादतीका शिकार भएका छन् । उक्त एकाईको अनुसन्धान कार्यविधि अन्तर्राष्ट्रिय मानवअधिकार कानून बमोजिमको छरितो र पूर्ण छैन । यसका अतिरिक्त एकाईको यस्ता देखावटी कार्यशैलीले पीडित थप पीडित बन्ने अवस्था सिर्जना गर्दछ ।

यस्तै गरी केही मुद्दामा सार्वजनिक पदधारी अधिकारीहरू माथि कारवाही पनि गरिएको छ तर ती कारवाही तिनीहरूले दिएका यातनाका तुलनामा अत्यन्त न्यून रहेका पाइन्छन् । उदाहरणको लागि, बाग्लुङकी एउटी गर्भवती थुनुवा महिलालाई दूर्व्यवहार गरेकोमा दोषी प्रहरी अधिकारीलाई जम्मा दुई वर्षसम्म पदोन्नती रोक्का गरी अनुशासनको कारवाही गरिएको थियो । थुनुवा महिलाको श्रीमान् र उसको साहुबीच भएको झगडाको क्रममा उनी पक्राउ परेकी थिइन । हिरासतमा उक्त महिला बन्दिलाई प्रशव वेदना हुदाँसमेत प्रहरीले न त डाक्टर बोलाए न त उनलाई अस्पतालै पुऱ्याए । जसको फलस्वरूप ती महिलाको शिशु खेर गयो । यो घटना सम्बन्धमा

आन्तरिक छानबिन भै दोषी प्रहरीहरूमाथि उल्लिखित सजाय तोकिएको थियो । उक्त घटना हुँदा जिप्रकाका प्रमुखभै कार्यरत प्रहरी निरीक्षक सुजन श्रेष्ठलाई कारवाही हुनु त कता हो कता उनी हाल संयुक्त राष्ट्रसंघ अन्तर्गतको शान्ति स्थापना मिशन गएको खबर प्राप्त भएको छ । प्रहरीको मानवअधिकार एकाईले उजुरी पाएपछि आरोपित प्रहरी अधिकारीहरू निलम्बनमा परेको एउटै मात्र दृष्टान्त पनि पाइँदैन । उजुरी परे पश्चात छानबिन गरिनुपर्ने अधिकारीहरूलाई निलम्बन गर्नुपर्ने व्यवस्था अन्तर्राष्ट्रिय कानूनमा पाइन्छ तर सो व्यवस्थाको कार्यान्वयन एकाईले गर्न नसक्नु त्रुटिपूर्ण देखिन्छ । यसर्थ प्रहरीको मानवअधिकार एकाईलाई या त बढी सबल र सक्षम बनाइनु पर्छ या अनुसन्धानका निम्ति अर्को कुनै सक्षम निकाय गठन गरिनुपर्दछ ।

## (ङ) आगामी कदम

थुनुवाहरूमाथिको बढ्दो दूर्व्यवहार र यातनाका रोकथाम गर्न नेपालको यातनासम्बन्धी कानून र अनुसन्धान पद्धतीमा आमूल परिवर्तन गर्नु जरुरी देखिन्छ । यसका लागि एउटा छुट्टै नयाँ नमूना कानून ल्याइनु पर्छ जसले यातना र अमानवीय दूर्व्यवहारलाई प्रभावकारी ढंगले रोक्न सकोस् । यद्यपि केही सरकारी अधिकारीहरू आफ्नो कानूनी कर्तव्यको बारेमा सचेत भएको पाइएता पनि कतिपय अवस्थामा उनीहरूलाई कुनै प्रकारको कानूनी कारवाही हुने छैन भन्ने आश्वस्तताका कारण केही अधिकारीहरूले जघन्य मानवअधिकार हनन्का घटनाहरू घटाउने गरिरहेका छन् । त्यसैले नेपालको फौजदारी न्याय प्रणालीमा वृहत्तर रूपान्तरण हुन जरुरी छ जो एक स्पष्ट र दरिलो कानूनबाट मात्र सम्भव छ । यस प्रतिवेदनका बाँकी खण्डले नेपाल राज्यका अन्तर्राष्ट्रिय दायित्वहरूबारे चर्चा गर्नाका साथै परिशिष्ट 'क' मा राखिएको मस्यौदा विधेयकका साथ कानूनको स्वरूप र कार्यान्वयन सम्बन्धमा समेत चर्चा गर्नेछ ।

# परिभाषा

## (क) यातना

यातनासम्बन्धी अब बन्ने कानूनमा "यातना" लाई प्रस्ट र बृहत् ढंगले परिभाषित गरिनु अत्यावश्यक हुन्छ ताकि त्यसले फौजदारी र आर्थिक दायित्व सिर्जना गर्ने कार्यहरू सुस्पष्ट रूपमा प्रस्तुत गर्न सकोस् । यसका लागि यातना विरुद्धको महासन्धिमा उल्लिखित यातनाको परिभाषा वा त्योसँग सारभूतरूपमा मेल खाने परिभाषालाई अवलम्बन गरी कार्यान्वयन गर्नु नेपालका विधायकहरूको दायित्व रहन्छ । सन्धि ऐन २०४७ अनुसार महासन्धिको बाध्यात्मक राष्ट्रिय कानूनको रूपमा लागू हुने तथ्यलाई व्यवस्थापिकाले हृदयंगम गर्नुपर्दछ । यसर्थ लामो समयदेखि प्रतिक्षा गरिएको यातना विरुद्धको कानून महासन्धिसम्मत ढंगले निर्माण गरिनुपर्दछ । परिशिष्ट 'क' मा राखिएको मस्यौदा विधेयकको दफा २(११) मा गरिएको यातनाको परिभाषा महासन्धिका पक्ष रहेका फिलिपिन्स र न्युजिल्याड लगायतका राष्ट्रहरूले सक्रिय रूपले कार्यान्वयन गरिसकेका छन् । त्यसैले यातनासँग सम्बन्धित दण्डहीनताको अन्त्य गर्न र जारी यातनाको अभ्यास अन्त्य गर्नका लागि नेपाल सरकारले पनि यस्ता उदाहरणीय कदमको अनुशरण गर्नुपर्दछ ।

वर्तमान अन्तरिम संविधानको धारा २६ ले निम्नलिखित व्यवस्था गरेको छ :

(१) अनुसन्धान, तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।

(२) उपधारा (१) बमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।[१]

यो व्यवस्था यातनालाई अपराधीकरण गर्ने प्रक्रियामा पहिलो महत्वपूर्ण कदम भएता पनि यो व्यवस्थाको प्रत्याभूति गर्ने कानून भने बनिसकेको छैन । संविधान लागू भएको साढे दुई वर्ष बितिसक्दा पनि यातना निर्वाध रूपमा जारी

[१] Article 26, Interim Constitution of Nepal, 2007. See http://www.worldstatesmen.org/Nepal_Interim_Constitution2007.pdf

छ । यातनाको कसूरलाई स्पष्टरूपमा परिभाषित गर्ने कानूनको अभावमा हालसम्म यातनाका पीडकलाई मुलुकी ऐन, कुटपिटको महलअन्तर्गत मात्र कारवाही चलाउन सकिने अवस्था छ । यातना विरुद्ध उजुरी दर्ता गर्ने निष्पक्ष संयन्त्रको अभावमा व्यवहारिक रूपमा यातनाका पीडक विरुद्ध कुटपिटको महलअन्तर्गत समेत कारवाही चलाउन कठिन छ किनकि धेरै जसो अवस्थामा यातनाका पीडकका रूपमा रहने प्रहरीसमक्षनै कुटपिटको जाहेरी दिनुपर्ने हुन्छ । यस्तो परिस्थितिमा सरकारी अधिकारी विरुद्ध दर्ता भएका अभियोग कमै मात्र गम्भीरतापूर्वक छानविन गरिन्छन् । अझ कुटपिटको महलमा गरिएको व्यवस्थाले मनोवैज्ञानिक असर लगायतका परिणति सिर्जना गर्ने विशेष प्रकारको यातनाको कसूरलाई समेट्न सक्दैन । तसर्थ अन्तर्राष्ट्रिय कानून र अन्तरिम संविधानको दफा २६(१) का आधारमा यातनालाई छुट्टै प्रकृतिको अपराधको रूपमा राखी तदअनुरूपको कानूनी व्यवस्था गर्न वाञ्छनीय हुन्छ ।

यातना पीडितले दायर गर्ने मुद्दालाई विशुद्ध देवानी मुद्दाका रूपमा हेरिने यातना क्षतिपूर्ति ऐनको व्यवस्था न्यायसंगत छैन । तसर्थ केही मुद्दामा पीडितले क्षतिपूर्ति पाएका भएता पनि पीडकलाई कारवाही भएको अवस्था छैन । जरा गाडेर रहेको दण्डहीनताको कुसंस्कृतिलाई परास्त गर्नुपर्ने नेपालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न विद्यमान कानूनी संरचना पूर्णरूपले अपर्याप्त रहेको छ । यी अन्तर्राष्ट्रिय कानूनी दायित्व पूरा गर्न यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय समितिले "यातनाको उद्योग, यातनाको मतियार, यातनामा हुने सहभागिता लगायत यातनालाई फौजदारी कसूर मानी राष्ट्रिय कानूनको निमार्ण गर्न"[२] नेपाल सरकारलाई दिएको सुझाव कार्यान्वयन हुने ढंगले व्यवस्थापिकाले कानून बनाउनु पर्दछ ।

यातना क्षतिपूर्ति ऐनमा रहेको यातनाको परिभाषा अस्पष्ट मात्र नभई यातना विरुद्धको महासन्धिको मापदण्डसँग पनि मेल खादैन । जुन २००८ मा एड्भोकेसी फोरमको प्रतिवेदनमा भनिएको छ :

> यातना क्षतिपूर्ति ऐनको दफा २ मा यातनाई "यातना भन्नाले अनुसन्धान, तहकिकात, पूर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ भनी परिभाषित गरेको छ । पहिलो कुरा सो ऐनले "यातना" भन्ने शब्दलाई यातनाको परिभाषामा प्रयोग गर्दछ – जसले प्रत्यक्षरूपमा अस्पष्टता निम्त्याउँछ । दोस्रो अदालतहरूले "पक्राउ" भन्ने शब्दलाई थुनुवा केन्द्रहरूको हिरासतलाई मान्दछ – जसले गर्दा सो परिभाषा एकदमै सङ्किर्ण हुन पुग्दछ । यातना विरुद्धको महासन्धिले यातनालाई एकदम विस्तृत तवरले परिभाषित गरेको छ । यसर्थ अस्पष्ट परिभाषालाई आत्मसात गरेर क्षतिपूर्ति ऐनले महासन्धिको मर्मलाई सोझै हनन् गरेको छ ।[3]

यस प्रतिवेदनको परिशिष्टमा (क) मा राखिएको प्रस्तावित विधेयकको दफा २(११)ले नेपालको अन्तर्राष्ट्रिय दायित्व पूरा हुने ढंगले यातनालाई परिभाषित गर्नका साथै थुनास्थलहरूमा दिइने यातनालाई पूर्णरूपमा निषेध गरेको छ । मस्यौदा विधेयकले सार्वजनिक अधिकारी वा तिनका सहकर्मीले नियतवस मानसिक वा शारीरिक रूपमा चरम

---

[२] Paragraph 1, Concluding Observations of the Committee against Torture, 2005. (CAT/C/NPL/CO/2)

[3] Advocacy Forum.2008. Hope & Frustration:Assessing Impact of Nepals' Torture Compensation Act . 1996 Annual Report 2008. p 26.

पीडा दिने कार्यलाई निषेध गर्दा यातना विरुद्धका महासन्धिका प्रावधानहरूको अनुशरण गरेको छ । यो परिभाषा निष्पक्ष र कडा हुनका साथै यसले एक यस्तो संरचना स्थापना गर्दछ जसमा थुनुवा र सरकारी अधिकारीहरूलाई तिनका अधिकार र दायित्वबारे सचेत गराउँदछ ।

नेपाली अधिकारीहरूले प्रयोग गर्दै आएका यातनाका विभिन्न तरिकाहरू मध्येका पाइप अथवा लट्ठीले निरन्तर रूपमा थुनुवालाई पिट्ने, शरीरमा कुल्चने र उफ्रने तथा शरीरका विभिन्न भागमा विद्युतीय झट्का लगाउने जस्ता विधिहरू चरम शारीरिक पीडा दिने विधिअन्तर्गत पर्दछन् । त्यसैगरी साबित नभएमा थुनुवाहरूलाई धम्काउन आम प्रचलनमा रहिआएका मार्ने, बलात्कार गर्ने वा अन्य गम्भीर क्षति पुऱ्याउने खालका धम्कीहरू दिइनु परिभाषामा उल्लिखित मानसिक पीडाअन्तर्गत पर्दछन् । मनासयपूर्वक गरिएका कार्यहरू मात्रै दण्डनीय हुने हुनाले नेपाली अधिकारीद्वारा भूलवस पुऱ्याइएका क्षति दण्डनीय मानिने छैनन् । कुटपिट वा अन्य शारीरिक हिंसामा मनासय विद्यमान थियो भनी अनुमान गरिएता पनि भूलवस प्रहरी अधिकारीले बलियो गरी हतकडी लगाइदिएकै कारण बन्दीको नाडीमा भएको सामान्य चोटपटकका निम्ति भने ती अधिकारीहरूले दायित्व बहन गर्नुपर्ने छैन । यातना ठहर हुनका निम्ति गम्भीर क्षति देखिनुपर्ने हुनाले समेत कसैले यातनाको झूठो दाबी लिदैमा प्रहरी अधिकारीलाई कारवाही भैहाल्ने भने होइन । यसर्थ थुनाकक्षको चिसो छिडीमा सुत्नु पर्दा भोग्नु परेको शारीरिक कष्ट मात्रैका आधारमा कुनै थुनुवाले यातनाको दाबी गर्न सक्दैन ।

यातना विरुद्धको महासन्धिको परिभाषाअन्तर्गत पर्ने अर्को महत्वपूर्ण पक्ष भनेको यसले सरकारी अधिकारीको मात्र नभई जानीजानी यातना दिन सघाउने र सम्मति दिने गैरसरकारी व्यक्तिहरूको समेत फौजदारी जवाफदेहीता स्थापित गर्दछ । यो व्यवस्था टेकबहादुर बोहराको मुद्दामा सान्दर्भिक हुन आउँछ । थुनामा रहँदा बोहोरा बुट, मुक्का र पैतलामा लट्ठीले हानी निर्घात पिटिएका थिए । एड्भोकेसी फोरमसँगको अन्तर्वार्तामा निजले आफू थुनामा रहदा चिनेजानेका एक गैरसरकारी व्यक्तिलाई केरकार भैरहेको कक्षमा आउन दिइएको थियो र निजले बोहोरालाई ६, ७ मुक्का हिर्काएको थियो । यसरी गैरसरकारी व्यक्तिको प्रयोगबाट हुने यातना रोकथाम गर्न समेत त्यस्ता व्यक्तिहरूलाई जिम्मेवार ठहऱ्याइन आवश्यक छ । तर यातना विरुद्धको महासन्धि वा प्रस्तावित विधेयकअन्तर्गत सार्वजनिक अधिकारीसँग कुनै सम्बन्ध नराखि गैर सार्वजनिक व्यक्तिबाट घटाइएका यातनाका घटनाहरूका लागि कुनै दण्डको व्यवस्था गरिएको छैन । यातनासम्बन्धी कानूनले गैरसरकारी व्यक्तिले पुऱ्याएको क्षतिका लागि जवाफदेहीताको व्यवस्था नगर्दैमा तिनीहरूले गरेका कसूरमा दण्ड नै नहुने भन्ने होइन । नेपालमा रहेको दण्डहीनताको स्थापित कुसंस्कृतिलाई चुनौती दिनका लागि त्यस्तो कानूनको आवश्यकता छ जसले सरकारी अधिकारीलाई जवाफदेही बनाओस् । क्षतिपूर्ति कोष तथा अन्तरिम राहतसम्बन्धी विधेयकमा प्रस्ताव गरिएका व्यवस्थाहरू सरकारी अधिकारीहरूबाट हुने यातनाका पीडितहरूको संरक्षण गर्नका निम्ति राखिएका हुन तर गैरसरकारी व्यक्तिबाट हुने यातनालाई समेत यसै ऐनअन्तर्गत अभियोग लगाइयो भने यी व्यवस्थाहरूको कार्यान्वयन सम्भव हुँदैन । गैरसरकारी व्यक्तिद्वारा हुने यस्ता अपराध उपर मुलुकी ऐनका कुटपिट, जबरजस्ती करणी तथा ज्यानसम्बन्धी महलअन्तर्गत कारवाही चलाउन सकिन्छ । अधिकांश यातनाका घटनाहरू पदीय हैसियतले सार्वजनिक अधिकारीबाट हुने गरेकाले यातना विरुद्धको महासन्धि तथा प्रस्तावित विधेयक यसै प्रति लक्षित छन् ।

अन्तमा, प्रस्तावित विधेयकको दफा २ को (१३) र (१४) मा उल्लिखित गरिएका कार्यहरू जस्ता यातनाजन्य अपराध हुनसक्ने कार्यहरू, यातना निषेध गर्न बनाइने कानूनमा समावेश गर्न नेपालका कानून निर्माताहरूले विचार पुऱ्याउनु पर्दछ । यो सूची आफैमा पूर्ण नभएता पनि यसलाई यातनासम्बन्धी कानूनमा के-कस्ता कार्यहरूलाई निषेधित कार्य भन्नु पर्ने हो सो को उदाहरणका रूपमा लिन सकिन्छ । केरकारको समयमा यातनाका उल्लिखित विधिहरू व्यापकरूपमा प्रयोग गरिने हुनाले तिनीहरूलाई कानूनमा उल्लेख गरी सार्वजनिक अधिकारीहरूलाई त्यस्ता कार्यहरू अब सह्य हुने छैनन् भन्ने जनाऊ दिनु पर्दछ । हामीले गरेका यातनासम्बन्धी मुद्दाको अभिलेखीकरणमा बन्दीलाई कुनै हतियारको प्रयोग गरी वा नगरी, मुक्का वा बुटले हिर्काइने गरेको पाइएको छ । यसर्थ यस्ता कार्यहरूलाई कानूनमा प्रस्ट गरिएमा अधिकारीहरूले आफ्नो सीमा थाहा पाउँछन् र यस्ता कार्य यातनाको कोटीमा पर्दैनन् भनी पीडकहरू उम्कन पनि पाउदैनन् ।

## (ख) अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय

अब बन्ने कानूनले चरम पीडा दिनका लागि गरिएका कार्यहरूलाई मात्रै अपराधीकरण गऱ्यो भने पनि नेपालको अन्तर्राष्ट्रिय दायित्व पूरा हुन सक्दैन । यातना विरुद्धको महासन्धिअन्तर्गत यातना भन्न नमिल्ने अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायहरूलाई समेत निरोध गर्नुपर्ने प्रत्येक पक्षराष्ट्रहरूको दायित्व रहेको छ ।[४] यसर्थ यस्ता व्यवस्थाहरूसमेत अब बन्ने कानूनमा समावेश गरिनु पर्दछ । महासन्धि अनुरूप राष्ट्रिय कानूनको निर्माण हुनुपर्ने आवश्यकताका साथसाथै कम गम्भीर कसूरहरूलाई समेत अपराधीकरण गरिएमा प्रत्येक व्यक्तिको शारीरिक अक्षुण्णता र मर्यादालाई सरकारले सम्मान गरेको देखिन्छ ।

क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायलाई यातनालाई जस्तै गरी पक्षराष्ट्रका राष्ट्रिय कानूनमा व्यवस्था गरिनुपर्ने व्यवस्था यातना विरुद्धको महासन्धिमा पाइन्छ । महासन्धिको व्यवस्थाअनुसार यस्ता व्यवहारका शिकार भएका पीडितहरूले पनि आफूले भोग्नु परेको क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय सम्बन्धमा उजुरी दिन पाउँछन्, ती उजुरीहरू उपर अनुसन्धान गरिनु पर्दछ र उजुरी दिएपश्चात पीडितको सुरक्षाको प्रबन्धसमेत गरिनु पर्दछ ।[५] पीडितको उजुरी र संरक्षणको अधिकारलाई प्रस्तावित मस्यौदा विधेयकमा समावेश गरिएका छन् । आफ्ना अधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने तथा आम नागरिकहरूलाई क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायसम्बन्धी कानूनका बारेमा सुसूचित गर्ने दायित्वसमेत सरकारको रहेको छ ।[६]

## (ग) व्यक्ति

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको पक्षका हैसियतले नेपाल सरकारले “स्वतन्त्रताबाट वञ्चित व्यक्तिलाई निजको अन्तरनिहित मानवीय मर्यादाका निम्ति मानवता तथा सम्मानका साथ व्यवहार गरिने छ” भन्ने प्रत्याभूत गर्नु पर्दछ । यसका अतिरिक्त अनुबन्धले “जुनसुकै जात, लिङ्ग, भाषा, वर्ण, धर्म, राजनीतिक

[४] Article 16, UN Convention Against Torture
[५] Articles 12, 13, 16, UN Convention Against Torture
[६] Articles 10 AND 16, UN Convention Against Torture

विचारधारा, राष्ट्रिय मौलिकता, जन्म अथवा अरू पहिचान भएका भए पनि प्रत्येक व्यक्तिलाई उक्त संरक्षण प्रदान गर्नुपर्ने"[७] व्यवस्था गरेको छ । प्रस्तावित विधेयकको दफा २(७) ले यो अन्तर्राष्ट्रिय व्यवस्थालाई आत्मसात गरेको छ । नेपाल राज्यले आफ्नो अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न तथा बहुजाति र बहुसंस्कृति भएको नेपाल देशमा प्रत्येक व्यक्तिको अधिकार सुनिश्चित गर्नसमेत यो व्यवस्था आवश्यक छ ।

## (घ) थुनास्थल

कानूनको मस्यौदा कमजोर छ भने त्यसमा रहेका भाषिक कमजोरीका छिद्रबाट अपराधी उम्कन सक्छन् । विधेयकको दफा २(ग) ले दह्रीलो ढंगले थुनास्थलको परिभाषा गर्दै भाषिकरूपमा दुविधा उत्पन्न हुनसक्ने सम्भावनालाई दुर गरेको छ । थुनास्थल भन्ने शब्दको प्रस्ट परिभाषा नगरिएमा नियमित थुनास्थलभन्दा बाहेकका स्थानमा यातना दिइने सम्भावना रहिरहन्छ ।

[७] Articles 2(1) and 2(3), International Covenant on Civil and Political Rights

# फौजदारी जवाफदेहीता

पछिल्लो एक वर्षमा अभिलेखीकरण गरिएका प्रहरीद्वारा दिइएका भनिएका प्रायः सबै यातनाका घटनामा यातनाको एउटै निश्चित स्वरूप पाइएको छ । मानिसहरूलाई अपराधको अभियोग लगाई थुनिएको छ र विभिन्न समयमा विभिन्न प्रहरी अधिकारीहरूले ती व्यक्तिहरूलाई यातना दिएका छन् । बन्दीहरूलाई यातना दिइएको भएता पनि प्रहरी कार्यलयका प्रहरी निरीक्षक तथा अन्य उच्च पदस्थ प्रहरी अधिकृतहरूले यातना रोकथाम गर्न केही पनि गर्ने गरेका छैनन्, बरु तिनीहरू पनि संलग्न पाइएका छन् । यस्तो अभ्यासलाई रोक्न वास्तविक यातनामा संलग्न हुने तल्लो दर्जाका प्रहरी अधिकारीहरूलाई मात्र नभई यातनाको आदेश दिने, प्रोत्साहित गर्ने अथवा त्यस्ता अपराधहरूलाई रोक्न केही पनि नगर्ने उच्च पदस्थ प्रहरी अधिकारीहरूलाई पनि तिनले गर्दै आएको अभ्यासमा रोक लगाउन एक प्रभावकारी कानून आवश्यक छ । अन्तर्राष्ट्रिय कानूनमा यातना दिने क्रियाकलापमा जसले सहयोग गर्छ, उक्साउछ, आदेश दिन्छ, सघाउछ अथवा अन्य कुनै रितले यातनामा उसको हात रहन्छ ती सबैलाई मुख्य अपराधीको रूपमा लिइन्छ । त्यसैगरी नेपाल सरकारले के-कस्ता क्रियाकलापमा यातनासम्बन्धी सजाय दिने भन्ने कुरामा माथिका निर्देशनअनुसार परिभाषा गर्नुपर्छ । प्रस्तावित विधेयकको धारा ३ ले कानूनलाई कसरी बनाएको खण्डमा यी उद्देश्यहरू प्राप्त हुनेछन् भन्ने कुरा देखाइएको छ ।

## (क) व्यक्तिगत जवाफदेहीता

मुख्यतया, दफा ३ ले व्यक्तिहरूलाई उनीहरूले गरेको कार्यका निम्ति जवाफदेही बनाएको छ । त्यसकारण हरेक प्रहरी जसले आरोपित थुनुवालाई पिटेको छ, उसले यातना दिएकोमा फौजदारी जवाफदेहीता वहन गर्नुपर्ने हुन्छ । दफा ३(२)(च) र ३(२) ले यातनाको दोषी व्यक्तिले आफ्नो आपराधिक कृत्यको औचित्य पुष्टि गर्न कुनै पनि परिस्थितिको जिकिर लिन नपाउने व्यवस्था गरेको छ । धेरै जसो अवस्थामा, तल्लो दर्जाका प्रहरी अधिकारीहरूले उच्च पदस्थ अधिकारीहरूको आदेश पालना गर्दै यातना दिएका हुन सक्छन् तर यसो भन्दैमा उनीहरूले आफूले गरेको अपराधमा क्षमा पाउदैनन् । सशस्त्र द्वन्द्व र संकटकाल जस्ता परिस्थितिहरूलाई पनि यातना दिइनुको कारणको रूपमा प्रस्तुत गर्न सकिदैन । यी व्यवस्थाहरू महासन्धिको धारा २ अनुसार बनाइएका हुन् । राष्ट्रिय कानूनमा यस्ता व्यवस्था रहेमा मात्रै नेपालले महासन्धिको पक्षराष्ट्रको हैसियतले पूरा गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न सक्ने हुन्छ ।

## उच्च अधिकारीको जवाफदेहीता

यातनालाई अपराधीकरण गर्ने प्रभावकारी कानूनका साथसाथै उच्च पदस्थ अधिकारीहरूको जवाफदेहीतासम्बन्धी व्यवस्था पनि त्यतिकै अत्यावश्यक रहन्छ । नेपालमा यातना व्याप्त रहेको परिप्रेक्ष्यमा उच्च पदस्थ प्रहरी अधिकारीहरूले आफ्ना मातहतका तल्ला दर्जाका प्रहरी कर्मचारीहरूलाई थुनुवाहरूलाई दुर्व्यवहार गर्न र यातना दिन आदेश दिएको पाइन्छ । प्रस्तावित विधेयकको दफा ३(२)(ङ) र ३ (३) (क) ले यस्ता अवस्थालाई समेटेको छ । अरूलाई यातना दिने निर्देशन दिनु पनि आफैले यातना दिने सरहको कसूर भएकाले उच्च पदस्थ अधिकारीहरूलाई उन्मुक्ति नदिइने व्यवस्था वाञ्छनीय हुन्छ । उच्च पदस्थहरू अधिकारीहरूमा फौजदारी दायित्व रहने व्यवस्था गरिनुका दुई ओटा प्रभावहरू हुन्छन् । पहिलो त यसो गरिनाले स्पष्ट ढंगले यातना दिने कार्य तथा दण्डहीनताको भर्त्सना हुनेछ, जो यातनासम्बन्धी राष्ट्रसंघीय विशेष प्रतिवेदकले दिएको तर कार्यान्वयन गर्न बाँकी रहेको सुझाव पनि हो । दोश्रो, आफूलाई समेत कैद तथा जरिवाना हुन सक्ने डरले उच्च पदस्थ अधिकारीहरूले आफू मातहतका अधिकारीहरूलाई प्रभावकारी ढंगले नियमन गर्नेछन् र आफूलाई थाहा हुँदाहुँदै यातना हुन दिने छैनन् ।

## मतियार

फौजदारी दायित्व ती व्यक्तिहरूलाई पनि लागू हुनु पर्दछ जो प्रत्यक्षरूपमा यातना दिने कार्यमा संलग्न नभएता पनि जसले यातना दिन प्रोत्साहन तथा सघाउ पुऱ्याउछन् । साच्चै नै यातनाको रोकथाम गर्ने हो भने ती सबै अधिकारी विरुद्ध अभियोजन गरिनु पर्दछ जसले अरूले बन्दीको पिटाई गर्दा बन्दीलाई थिचेर राख्छन्, अरूलाई यातना दिने कार्यमा उक्साउछन् र अमानवीय दुर्व्यवहारमा सघाउँछन् अथवा अपराध हुनमा सहयोग पुऱ्याउँछन् । प्रस्तावित विधेयकको दफा ३(२)(ङ) त्यस्ता व्यक्तिहरूको जवाफदेहीतालाई जोडेर यातनालाई निरोध गर्ने व्यवस्था समावेश गरिएको छ । जसले यातनाको आदेश दिन्छ, यातनाका निम्ति उक्साउँछ, यातना दिने कार्यमा उत्तेजित पार्छ र सघाउँछ ती व्यक्तिहरू मुख्य कसूरदार ठहर हुने यो व्यवस्थाले यातनाका बृहत् परिस्थितिलाई समेट्नका साथै यसले नेपाली कानूनलाई अन्तर्राष्ट्रिय कानूनी मापदण्ड समरूपको समेत बनाउछ ।

## यातनाको उद्योग

फौजदारी कानूनका आधुनिक सिद्धान्त तथा महासन्धिसमेत सँग मेल खाने ढंगले नेपाली कानूनले पूर्ण अपराधका साथै अपराधको उद्योगलाई समेत सजायको व्यवस्था गर्नुपर्छ । थुनुवालाई पिट्ने तथा घाइते बनाउने कार्यमा सफल नभएको भएता पनि सो गर्ने प्रहरी अधिकारीले उक्त परिणामको अपेक्षा र मनसाय राखेको हुन्छ । अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान (यसको अनुमोदन गर्न विशेष प्रतिवेदकले नेपाल सरकारलाई सुझाव दिएका छन्) अनुसार यातनाको उद्योग पनि यातना दिए सरह हो किनकि यातनाको उद्योग गर्ने व्यक्ति निजले ईच्छा नगरेको परिस्थितिले गर्दा मात्रै यातना दिन असफल भएको हुन्छ ।[१] यातना महासन्धिअन्तर्गत रहेको नेपालको दायित्व पूरा गर्न यातनाको उद्योगका लागि रोम विधानमा व्यवस्था भए बमोजिमको फौजदारी दायित्व (उदाहरणका लागि संयूक्त राज्य अमेरिकाको नमुना अपराध संहितालगायत अन्य स्वीकृत फौजदारी कानूनका

[१] Article 25(3)(f), Rome Statute. See http://untreaty.un.org/cod/icc/statute/romefra.htm

मापदण्डमा रोम विधान बमोजिमका व्यवस्था पाइन्छन्) को व्यवस्था नेपालमा बनाइने यातनासम्बन्धी कानूनमा समावेश गरिनु पर्दछ । नेपालको विधायिकाले यातना विरुद्धको महासन्धि अनुरूप माथि चर्चा गरिएका कार्यहरूलाई फौजदारी अपराधको कोटीमा राख्नु पर्दछ । साथै प्रस्तावित विधेयकमा समावेश गरिए जस्तै दह्रीला व्यवस्थाहरू नेपाल कानूनमा गरिए मात्रै दण्डहीनतालाई अन्त्य गर्ने सरकार ईच्छुक भएको पुष्टि हुन्छ ।

# स्वास्थ्य परीक्षण

पीडितहरूलाई यातना क्षतिपूर्ति ऐनअन्तर्गत मुद्दा दर्ता गर्न खोज्दा आफू माथि भएको यातना प्रमाणित गर्न अत्यन्तै कठिन भएको हाम्रो अनुभव रहेको छ । यसलाई अनौठो मान्नु पर्ने अवस्था छैन किनकि यातनाका साक्षी भनेका तिनै सरकारी अधिकारीहरू हुन्छन् जसले पीडितहरूलाई अमानवीय व्यवहार गरेका हुन्छन् । त्यसैले आफूहरूले लगाएको अभियोग प्रमाणित गर्न पीडितहरूलाई आवश्यक पर्ने प्रमाण भनेकै देख्न सकिने खालका घाउहरू हुन् । तर दुर्भाग्य केही गम्भीर घटनामा बाहेक उनीहरू रिहाइ भएको समयमा वा कसैगरी उनीहरूलाई यातना विरुद्ध उजुरी गर्ने मौका दिइएको समयमा यी घाउचोटहरू देखिदैनन् । कहिलेकाहीँ परिवारका सदस्यहरूलाई पीडितलाई भेटन दिइन्छ र उनीहरूले दूर्व्यवहारका निशान देखेका हुन सक्छन् तर विरलै मात्र उनीहरूको बयानले सफल दाबीको आधार तय गर्दछ । यसर्थ पीडितहरूले सफलरूपमा न्याय र पुनर्लाभ प्राप्त गर्न सम्भव हुन उनीहरू थुनामा रहँदा वा रिहा हुँदा उनीहरूको स्वास्थ्य परीक्षण गरिनुपर्छ । यातना क्षतिपूर्ति ऐनले पीडितलाई चिकित्सा जाँच उपलब्ध गराइनु पर्छ भनी थोरबहुत व्यवस्था गरेको भएता पनि यसले गरेको प्रत्याभूतिका व्यवस्था अत्यन्तै अपर्याप्त छ, जुन तल दिएको दफाबाट प्रस्ट हुन्छ :

> "कुनै पनि व्यक्तिलाई थुनामा राख्दा वा छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र त्यस्ता चिकित्सक उपलब्ध नभएको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गर्नुपर्छ... "[१]

चिकित्सकले स्वास्थ्य परीक्षण "गर्न सक्ने" अवस्था नभएमा प्रहरी अधिकारीहरूलाई नै स्वास्थ्य परीक्षण गर्ने अनुमति प्रदान गर्नु भनेको यातना रोक्ने असहज प्रणाली हो । यसका अतिरिक्त यातना क्षतिपूर्ति ऐनको भाषा पनि अस्पष्ट छ । यसअनुसार व्यक्तिको स्वास्थ्य परीक्षण छोटो र सीमित मात्र हुनुपर्छ भन्ने अर्थ आउँछ । एड्भोकेसी फोरमले यस ऐनअन्तर्गत गरेका मागदाबीको लामो सूचीमा ऐनका यस्ता समस्याका प्रमाण भेटिन्छन् । एड्भोकेसी फोरमले दायर गरेका ७० ओटा यातनाका मुद्दाहरूमध्ये कम्तीमा १४ ओटा मुद्दा जिल्ला अदालतहरूले कमजोर चिकित्सा प्रतिवेदनकै कारण खारेज गरेका थिए ।

---

[१] Section 3(2), Torture Compensation Act, 1996. See http://www.unhcr.org/refworld/type,LEGISLATION,,NPL, 3ae6b4fac,0.html

प्रीतब रौनियारको मुद्दा नेपाल भरीका यातना पीडित थुनुवाहरूले भोगिरहेका समस्याहरूको एउटा ज्वलन्त उदाहरण हो । रौनियारलाई बालाजु प्रहरी वृतमा थुनामा राखिएको समयमा अक्टोबर १६, २००८ मा प्रहरीले रौनियारलाई खुट्टाको पाइतालामा कटवासको लट्ठीले पिटेका र गुप्ताङ्गमा बेसरी घोचेका थिए । त्यसपछि यातनाको सम्भाव्य कारण हटाउने प्रयासस्वरूप पाइतालामा रगत रम्न नपाओस् भनी प्रहरीले रौनियारलाई तलमाथि उफ्रन लगाएका थिए । रौनियारले पिसाबमा रगत आउन थालेको भनी उजुरी गरेपछि उनलाई स्वास्थ्य परीक्षण गर्न लगिँदा उनलाई हेर्ने चिकित्सकले पिसाब जाँच र एक्स-रे गर्न सिफारिस गरेको भए तापनि उनीसँगै गएका प्रहरीले केही गिलास ग्लुकोज पानी दिएका थिए । यातना पाएको दाबी सफलरूपमा गर्न रौनियारलाई आफूले पाएको यातनाको प्रमाण अभिलेखको रूपमै आवश्यकता पर्ने थियो, तर अपर्याप्त कानूनी संरक्षणका कारण यस्ता प्रमाण उनलाई उपलब्ध भएन । अनुमतिप्राप्त चिकित्सकहरूलाई प्रहरीको अनुपरिस्थितिमै पनि सबै थुनुवाहरूको पूर्ण र तत्काल स्वास्थ्य परीक्षण गर्ने कार्यादेश दिने कानूनको अभाव रहेसम्म अदालतमा यातनाको आरोप प्रमाणित गर्न गाह्रो भई नै रहनेछ । यातना विरुद्धको समितिले ३ वर्ष अघि प्रभावकारी स्वास्थ्य परीक्षण व्यवस्थाको आवश्यकता स्वीकार्दै "सबै कैदीहरूले पक्राउ पर्दा र रिहाइ हुँदा उपयुक्त स्वास्थ्य परीक्षणको पहुँच पाउँछन् भन्ने सुनिश्चित गर्न" यातना क्षतिपूर्ति ऐनमा संसोधन गर्न सिफारिस गरेको थियो ।[२] वास्तवमा दण्डहीनतालाई अन्त्य गर्ने र यातनालाई अपराधीकरण गर्ने उद्देश्यको कुनै पनि कानूनमा स्वास्थ्य परीक्षण प्रत्याभूत गर्ने व्यवस्था हुनै पर्छ । मस्यौदा विधेयकको दफा ४ ले थुनुवा वा कैदीको स्वास्थ्य र हित सुनिश्चित गर्ने थुनुवा संरक्षणका धेरै उपायहरू प्रस्तावित गरी यस्ता सवालहरूलाई सम्बोधन गर्ने प्रयास गरेको छ । यो दफाले नेपालका कानूनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप गराउन र यातनाका मुद्दाहरूमा न्याय प्राप्त गर्न आवश्यक पर्ने प्रावधानहरूको राम्रा उदाहरण प्रस्तुत गरेको छ ।

## (क) सजाय

कमसेकम नयाँ कानूनले स्वास्थ्य परीक्षण गराउन नसक्नुलाई सजाय गर्ने व्यवस्था गर्नुपर्छ । कानूनको यस्तो नयाँ अंश कसरी बनाउने भन्ने सन्दर्भमा दफा ६(६) एउटा उदाहरण हो । जानाजान थुनुवालाई स्वास्थ्य जाँच उपलब्ध नगराएको भए तुलनात्मकरूपमा कडा सजाय दिएर (स्थायीरूपमा निलम्बन गर्ने वा भविष्यमा सरकारी सेवामा रहन अयोग्य ठहऱ्याउने देखि १ वर्षको काराबास सजाय) सरकारी अधिकारीहरूलाई कानूनी दायित्व पूरा गर्न प्रेरित गराउँछ । त्यस्ता सजायहरू कडा देखिए पनि स्वास्थ्य परीक्षणका अभिलेखहरू थुनुवा वा कैदीहरूमा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गरिएको एकमात्र प्रमाण हुन्छन् भन्ने कुरा पनि ध्यानमा राख्नु जरुरी हुन्छ । यसका अलावा यस विधेयकअन्तर्गत सार्वजनिक अधिकारीहरूले स्वास्थ्य परीक्षण किन हुन सकेन भनी कानून बमोजिम कारण पेश गरी आफूहरूलाई सजायबाट बचाउने मौका पाउनेछन् । ती अधिकारीहरूलाई कर्तव्य निभाउन नसकेकोमा कस्तो किसिमको सजाय तोक्ने भन्ने कुरा विधायककै स्वविवेकमा निर्भर रहन्छ ।

## (ख) बृहत्तरता, निष्पक्षता तथा दोस्रो रायको अधिकार

प्रीतब रौनियारको मुद्दाले देखाएजस्तै सम्पूर्ण स्वास्थ्य परीक्षण थुना अधिकारीहरूको उपस्थितिबिना उपलब्ध गराउनु पर्छ भन्ने सुनिश्चित गर्न आवश्यक छ । प्रस्तावित विधेयकको दफा २(५) मा गरिए जस्तै स्वास्थ्य

[२] Recommendation 10(d). Concluding Observations of the Committee against Torture, 15 December, 2005 (CAT/C/NPL/CO/2)

परीक्षणलाई परिभाषित गरियोस् भन्ने हाम्रो सुझाव छ, जसअनुसार यातना भएको संकेत दिने निशानहरूलाई विशेष ध्यान दिँदै थुनुवाको पूर्ण शारीरिक तथा मानसिक परीक्षण गरिनुपर्छ । अझ भन्नु पर्दा चिकित्सकले कुनै पनि सार्वजनिक अधिकारीको हस्तक्षेपबिना नै स्वास्थ्य परीक्षण गर्न अनुमति पाउनु पर्छ । रौनियारको स्वास्थ्य परीक्षण कुन परिस्थितिमा भयो भनी कल्पना गर्न कुनै गाह्रो छैन । यदि यातना दिने सरकारी अधिकारीलाई नै स्वास्थ्य परीक्षण कसरी र के प्रयोग गरी गर्ने भनी निर्देशन दिन दिने हो भने अपराध साबित गर्ने प्रमाणहरू बाहिर आउलान् भन्न सकिँदैन ।

अझै, यातनाका निशानहरू पूर्णरूपमा बाहिर आऊन् भन्ने सुनिश्चित गर्न आफ्नो इच्छा अनुसारको चिकित्सकबाट दोस्रो पटक स्वास्थ्य परीक्षण गरिपाउने अधिकारको प्रत्याभूति कानूनले गर्नु अनिवार्य छ । अन्तर्राष्ट्रिय कानूनले थुनुवा वा कैदीलाई यो अधिकार दिनुको साथै चिकित्सा अभिलेखमा[३] पहुँच दिई तथा विशेष उपचारको आवश्यकता पर्दा विशेषज्ञ संस्था वा नागरिक अस्पतालमा आफूलाई स्थानान्तरण गराइपाउने अधिकार दिएको छ ।[४] त्यस्तै, संयुक्त राष्ट्रसंघीय विशेष प्रतिवेदकको अनुवर्ती परीक्षण “अर्को थुनास्थलमा स्थानान्तरण गर्दा नियमित रूपमा सुचारु राख्ने र अनिवार्य रूपमै गर्नुपर्ने” भन्ने सुझाव कार्यान्वयन हुनुपर्छ ।[५] अबको आउने कानूनमा यी प्रावधानहरू व्यवस्था गरेमा यसबाट थुनुवाको स्वास्थ्यको पूर्ण रक्षा गर्ने र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारका सबै घटनाहरूलाई बाहिर ल्याउने नयाँ प्रणाली सिर्जना गर्नेछ ।

## (ग) परीक्षण निःशुल्क गरिनुपर्ने

माथि उल्लिखित थुनुवा वा कैदीहरूको स्वास्थ्य परीक्षण निःशुल्क गरिनुपर्छ.। कुनै पनि प्रकारका थुना वा कारावासमा रहेका व्यक्तिको संरक्षणका सिद्धान्तहरूको सङ्गालोको अनुसार “थुनास्थलमा राखे लगत्तै जतिसक्दो चाँडो थुनुवा वा कैदीलाई उपयुक्त चिकित्सा जाँच गराउनु पर्छ, र त्यसपछि चिकित्सा सेवा तथा उपचार आवश्यक परेअनुसार उपलब्ध गराउनु पर्नेछ र यस्तो सेवा र उपचार निःशुल्क हुनुपर्छ ।”[६] प्रहरी अधिकारीहरूले थुनुवाहरूको स्वास्थ्य जाँच गराउन नसक्नुमा यस्तो “सुविधा” बजेटको अभावमा गर्न नसकिएको भनी बारम्बार साबित गर्ने गरेको कारणले गर्दा नेपालमा यसप्रकारको निःशुल्क सेवा र उपचारको व्यवस्था गर्नु अत्यन्तै महत्वपूर्ण छ । यस्तो तर्क हाम्रा हिरासत अनुगमन गर्ने वकिलहरूसँग भएका आवधिक बैठकहरूमा सार्वजनिक अधिकारीहरूले प्राथमिकताका साथ उठाउने गरेका एजेण्डा हो र हामीहरू योसमस्याको समाधान खोज्ने कार्यमा तल्लीन रहँदै आएका छौं ।

एड्भोकेसी फोरमको नियमित लबिङ्गको परिणामस्वरूप जिल्ला अस्पतालहरूले थुनुवाहरूलाई निःशुल्क स्वास्थ्य परीक्षण उपलब्ध गराउन सुरु गरिसकेका छन् । यसैकारण हालका वर्षहरूमा, स्वास्थ्य परीक्षण गराउने थुनुवाहरूको संख्यामा उल्लेख्य वृद्धि भएको छ । आफू कार्यरत रहेको १८ वटा जिल्लाको हिरासत अनुगमनबाट एड्भोकेसी

[३] Principle 25. The Body of Principles for the Protection of All Persons under Any Form of Detention or Imprisonment

[४] Rule 22(2) The UN Standard Minimum Rules for the Treatment of Prisoners

[५] Paragraph 39(f), Report of the UN Special Rapporteur on Torture, 2001. (UN Doc.A/56/156)

[६] Principle 24, Body of Principles for the Protection of All Persons Under Any Form of Detention or Imprisonment. See www.unhchr.ch/html/menu3/b/h_comp36.htm

फोरमले प्राप्त गरेको तथ्याङ्कअनुसार जम्मा ४३२८ थुनुवा मध्ये ३५९७ (८३.१%) लाई स्वास्थ्य परीक्षण गरिएको पाइयो । नेपाल प्रहरीको मानवअधिकार एकाईले पनि हरेक जिप्रकामा स्वास्थ्य परीक्षणका निमित्त बजेट रहनेछ भनी एड्भोकेसी फोरमलाई आश्वासन दिएको छ । यद्यपि यो मुद्दाले पूर्ण समाधान भने पाएको छैन । उदाहरणको लागि, प्रहरी प्रशासनले वीर अस्पतालसँग औपचारिकरूपमा सेवा माग गर्दा पनि यस्तो सेवा उपलब्ध गराउन ठाडै अस्वीकार गरेको छ । यसका साथै केही प्रहरी अधिकारीले आफूसँग बजेट नभएको भनी बारम्बार तर्क दिँदै आएका छन् । यो समस्या निःशुल्क स्वास्थ्य परीक्षण गर्न नचाहने चलन र पर्याप्त बजेटको अभावको संयुक्त उपज पनि हो । सीमित स्रोतको बाबजुद पनि अब बन्ने कानूनले प्रहरी विभाग र अस्पतालले निःशुल्क सेवा प्रदान गर्न समर्थ हुनेछन् भन्ने सुनिश्चित गर्न रकम उपलब्ध गराएर यस समस्यको अन्तिम समाधान दिनैपर्छ ।

## (घ) चिकित्सकहरूको दायित्व र शिक्षा

स्वास्थ्य परीक्षणसम्बन्धी समस्यालाई थप कठिन बनाउने कार्यमा स्वास्थ परीक्षणबाट प्राप्त तथ्याङ्कको भूमिका पनि उस्तै छ । धेरैजसो अवस्थामा प्राप्त तथ्याङ्कहरू पूर्पक्षका लागि पर्याप्त हुँदैनन् । माथि उल्लेख गरिएजस्तै दह्रिलो मेडिकल रिपोर्टहरूको अभावमा यातनाका धेरै मुद्दाहरू अदालतले खारेज गरेका छन् । यसको पछाडि चिकित्सकहरूमा यस विषयको दक्षताको कमी तथा प्रतिवेदनहरूको महत्व र गम्भीरताको बुझाइमा कमी रहेको पाइन्छ । यसको अलावा चिकित्सकहरूले यातनाका प्रमाणहरूको अभिलेखीकरण गर्ने विशेष तालिम पाएका पनि हुँदैनन् । कमजोर मेडिकल रिर्पोटका कारण अदालतबाट खारेज भएका मुद्दाहरूको विश्लेषण गर्दा दुर्व्यवहार भएका प्रस्ट प्रमाणहरू हुदाँहुदै पनि चिकित्सकहरूले आफ्नो प्रतिवेदनमा यातनाको एउटा शब्द पनि प्रयोग नगरेको पाइएको छ । यस समस्याको निराकरणका निम्ति चिकित्सकहरूलाई आवश्यक शिक्षा र तालिम दिन जरुरी हुन्छ (थप जानकारीका लागि शिक्षासम्बन्धी अध्यायमा पनि हेर्नुहोस्) ।

यहाँ चर्चा गरे अनुरूप यातनालाई निषेध गर्ने कानूनले पूर्ण, निःशुल्क र गोपनीय स्वास्थ्य परीक्षणको प्रत्याभूत गर्नुपर्दछ । यस व्यवस्थालाई सुनिश्चित गर्न केही नियमहरू पारित गर्न जरुरी हुन्छ । प्रथमतः सरकारी अधिकारीहरूलाई कारवाहीको धम्की दिई सबै थुनुवाहरूको स्वास्थ्य परीक्षण गर्न बाध्य तुल्याउनु पर्दछ । आफ्नो कर्तव्य निर्वाह नगर्ने अधिकारीलाई कारवाही नगर्ने कानूनको कुनै औचित्य रहँदैन । यसका अलावा नयाँ ऐनअन्तर्गत थुनुवालाई अर्थपूर्ण अधिकार प्रदान गरिएको छ भन्ने कुरा पुष्टि गर्नका निम्ति पनि तिनीहरूको शारीरिक स्वास्थ्य परीक्षण पूर्ण, निष्पक्ष र निःशुल्क रूपमा गरिनुपर्छ । काजगमा मात्रै थुनुवाहरूका यी अधिकार प्रत्याभूत गरिनु पक्कै पनि पर्याप्त छैन । यी व्यवस्थाहरूको सक्रिय कार्यान्वयन गरी दण्डहीनताको अन्त्य गर्नु सरकारको दायित्व हो र यसले यातना पीडितहरूलाई न्याय प्राप्त गर्न एउटा गतिलो अवसर पनि प्रदान गर्दछ ।

# अनुसन्धान र अभियोजन

विगत आठ वर्षमा देशभरका थुनुवासँगको अन्तर्वार्ताका क्रममा एड्भोकेसी फोरमले ५,३४९ यातनाका आरोपहरूको अभिलेख गरेको छ। तर यस अवधिमा संगीन मानवअधिकार हनन्का अभियोग लागेका एउटै पनि प्रहरी अधिकारीलाई नागरिक अदालतमा अभियोजन भने गरिएको छैन। सन् २००६ मा यातनासम्बन्धी विशेष प्रतिवेदक म्यानफ्रेड नोवाकले उल्लेख गरेजस्तो, "यातनाका घटनाहरूका हकमा दण्डहीनता एक संस्कारनै बनिसकेको छ र जसको फलस्वरूप यातना पीडित र तिनका परिवारजन न्यायका बाटाहरू अवलम्बन गर्नबाट वञ्चित हुन पुग्दछन्।"[१] यो वक्तव्य प्रेषित भएको साढे तीन वर्ष व्यतित भैसक्दा पनि दण्डहीनता र दुर्व्यवहारको कुचक्र यथावतनै रहेको छ जसले कानूनी राज्यप्रति नेपाल सरकारको प्रतिबद्धता माथिनै गम्भीर प्रश्न खडा गरेको छ। त्यसकारण आफूलाई पूर्ण वैद्यता प्रदान गर्न र आफ्ना अन्तर्राष्ट्रिय दायित्वलाई पूरा गर्न नेपालको व्यवस्थापिका संसदले सरकारी अधिकारीहरूलाई अभियोजनबाट विमुक्ति दिने चालू अलिखित कानूनलाई उल्टाउनै पर्दछ।

यातनालाई अपराधीकरण गर्नका लागि अब बन्ने कानूनले यातनासम्बन्धी मुद्दाहरूमाथि अनुसन्धान र अभियोजन गर्नका लागि एक चुस्त र बृहत् प्रणालीको निमार्ण गर्नु आवश्यक छ। प्रस्तावित मस्यौदा विधेयकको दफा ५ मा यी कार्यविधिहरू कसरी तर्जुमा गर्ने भन्ने सम्बन्धमा उदाहरणहरू राखिएका छन् जुन यातना विरुद्धको महासन्धिसँग मेल खान्छन्, यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय समिति र विशेष प्रतिवेदकका सिफारिसहरूलाई कार्यान्वयन गर्छन् र विशेषगरी यातनालाई पर्दाफास एवं अभियोजित गर्नेतर्फ केन्द्रित रहने एउटा प्रणाली स्थापना गर्ने जमर्को गर्दछन्।

## (क) उजुरीहरू र अनुसन्धान गर्ने दायित्व

अपराध विरुद्ध कानूनी कारवाही चलाउन र भविष्यमा तिनीहरूको पुनरुक्ति नहोस् भनेर अवलम्बन गरिने कुनै पनि प्रभावकारी विधिको आधारस्तम्भ भने उजुरी दायर गर्ने अधिकार र तिनीहरूमाथि हुने अनुसन्धाननै रहेका हुन्छन्। प्रस्तावित विधेयकको दफा ५(१) र (२) ले यातनाको विरुद्धमा उजुरी दायर गर्ने विस्तृत अधिकारहरूको साथसाथै

[१] Paragraph 31, Report of the UN Special Rapporteur on Torture, 2006. (ECN.4/2006/6/Add.5)

यी उजुरीउपर कारवाही हुनुपर्ने कुराको पनि सुनिश्चितता गर्दछ । थुनाकेन्द्रका अधिकारी, अदालत, राष्ट्रिय मानवअधिकार आयोग, जिल्ला सरकारी वकिलको कार्यालय लगायतका विभिन्न निकायहरूमा पीडितहरूले उजुरी दाखिला गर्न सक्ने व्यवस्था प्रस्तावित विधेयकले गरेको छ । व्यवस्थापिकाले पीडितलाई (थुनामा रहेका भए पनि वा छुटिसकेका भए पनि) अधिकारहरू प्रदान गर्नुपर्दछ र तिनीहरूले भोगेका कुनै पनि प्रकारको दूर्व्यवहारहरू सार्वजनिक गर्न चौतर्फी अवसरहरू प्रदान गर्नुपर्दछ ।

तर धेरै जसो अवस्थामा पीडित अत्यन्तै घाइते अवस्थामा हुन्छन् अथवा विभिन्न कारणवश उजुरी दाखिला गर्न नसक्ने अवस्थामा हुन्छन् । दफा ५ ले दुई ओटा परिपुरक दायित्वहरूको सिर्जना गरेर यस समस्यालाई सम्बोधन गर्दछ : प्रथमतः यदि थुनुवालाई यातना दिइएको छ भन्ने तथ्य कुनै सरकारी अधिकारीलाई थाहा भएको खण्डमा त्यो तथ्य सरकारी वकिललाई अगवत गराउनु उनको कर्तव्य रहन्छ र दोस्रो, कुनै स्रोतबाट प्राप्त सूचनाका आधारमा यातनाको अपराध भएको छ भन्ने विश्वस्त आधार सरकारी वकिललाई भएमा अनुसन्धान सुरु गर्ने उनको कर्तव्य रहन्छ । यसरी सरकारी पदाधिकारीहरूलाई यी दायित्वहरू बहन गराएर प्रस्तावित कानून यातनासम्बन्धी महासन्धिको धारा १२ सँग सम्मत हुन्छ । "यातना दिइएको भन्ने सम्बन्धमा विश्वस्त आधार भएको जुनसुकै अवस्थामा छरितो र निष्पक्ष अनुसन्धान"[२] पक्षराष्ट्रले गर्नुपर्ने भनी महासन्धिको सो धाराले निर्धारण गरेको छ । सरकारी अधिकारीहरूलाई यी जिम्मेवारी बहन गर्न बाध्य तुल्याएमा थुनुवाको अधिकार माथि हुने उल्लंघन पर्दाफास गर्ने सम्भाव्यता तड्कारो रूपमा बढ्दै जानेछ ।

## (ख) हदम्याद नलाग्ने र पश्चातदर्शी

यातनासम्बन्धी कुनै पनि दाबीका हकमा, चाहे त्यो उजुरी दायर गर्न होस् वा अभियोगमाथि अनुसन्धान होस्, अभियोजन र पुनर्लाभ प्रदान गर्न भनी गरिएको होस्, संविधान सभा र व्यवस्थापिका संसद दुवैले हदम्याद लगाउन सक्दैन । अपराध भएको बर्षौ बितिसकेको भएता पनि यातना दिने पीडकहरू जवाफदेही बनाइनेछन् भन्ने प्रत्याभूति यातना निषेध गर्ने कानूनमा समावेश हुनु जरुरी छ । यस्तो प्रावधान समावेश गर्नुपर्ने दुई ओटा कारणहरू छन् । पहिलो, यसो गर्नाले यातना रोकथाम गर्न सरकारले गतिलो प्रयास गरिरहेको छ भन्ने विश्वसनीय सन्देश जान सक्छ जुन कुरा आत्मसात गर्न संयुक्त राष्ट्रसंघले सरकारलाई बारम्बार रूपमा जोड दिएकै पनि छ । दोस्रो, हदम्याद तोकिएको खण्डमा विगतमा जघन्य मानवअधिकार हननबाट पीडितहरू (विशेषगरी सशस्त्र द्वन्द्वका क्रममा) क्षतिपूर्तिबाट वञ्चित हुन पुग्छन् र तिनका पीडकहरू अभियोजनबाट उम्कन सक्छन् । यातनासम्बन्धी महासन्धि नेपालको सन्धि ऐनअन्तर्गत पर्ने भएको कारणले यातनाका ती घटनाहरू त्यतिबेला पनि फौजदारी अपराधनै थिए र तिनीहरूलाई सजायबाट विमुक्ति दिन मिल्दैन । दण्डहीनताको संस्कारलाई सफलतापूर्वक परास्त गर्नका निम्ति विगतका पीडकहरूप्रति लक्षित रहदै भविष्यमा यस्ता प्रकारका अपराध पूर्णतः निर्मूल पार्न सरकार सक्रियतापूर्वक लाग्न जरुरी छ । त्यस अवस्थामा मात्र यातना पीडितले निर्वाध उजुरी दायर गर्न सक्छन् र सरकारले अभियोजन सुरु गर्न सक्छ, साथै कुनै हदम्यादको प्रावधानबिना पीडकहरूलाई दुवै आर्थिक र फौजदारी तवरमा जवाफदेही ठहर गर्न सकिन्छ भन्ने कुरा नयाँ कानूनमा स्पष्टरूपमा सुनिश्चित गरिनु पर्दछ । नयाँ कानूनले

[२] Article 12, UN Convention Against Torture. See http://www.unhchr.ch/html/menu3/b/h_cat39.htm

घटिमा पनि सन् १९९१ (जतिबेला नेपालले यातना विरुद्धको महासन्धि अनुमोदन गरेको थियो) देखि हालसम्मका यातनाका मुद्दाहरूलाई सम्बोधन गर्न सक्ने हुनै पर्दछ ।

## (ग) अनुसन्धान गर्ने निकाय

यातनामा संलग्न सरकारी अधिकारीहरूले आफ्नो अपराध लुकाउने दृष्टता गर्दछन् वा अनुसन्धानमा दखलअन्दाजी गर्दछन् भन्ने कुरा त निश्चितप्रायः नै छ । त्यसकारण, जिल्ला सरकारी वकिलहरूलाई (वा अन्य पक्षहरू जसलाई व्यवस्थापिकाले अख्तियार प्रदान गर्ने निर्णय गरेको होस्) आवश्यक अख्तियारी प्रदान गर्नुपर्दछ जसले गर्दा उनीहरूले आरोपहरूको वैद्यताबारे प्रभावकारी ढंगबाट जाँचबुझ गर्न सकून् । प्रस्तावित विधेयकको दफा ५(१२) र (१३) ले अनुसन्धानकर्ताहरूलाई प्रत्याभूत गरिनुपर्ने अख्तियारीबारे व्यवस्था गरेको छ । यदि कानून निर्माताहरूले "यातना र दूर्व्यवहारका सबैथरि आरोपहरू छरितो र गहनरूपमा छानबिन गरिनुपर्ने"[३] भन्ने विशेष प्रतिवेदकको निर्देशनप्रति जवाफदेही रहनुपर्ने ठान्दछन् भने यस्ता प्रकारका व्यवस्थाहरू तर्जुमा गर्न आवश्यक हुन्छ ।

जिल्ला सरकारी वकिलहरूलाई पनि प्रहरी अधिकारीहरूजत्तिकै अधिकार दिइनुपर्ने भनी प्रस्तावित विधेयकको दफा ५(१३) ले अनुसन्धानकर्ताहरूलाई छानबिन सम्पन्न गर्ने दरिलो धरातल प्रदान गर्दछ । प्रत्यक्षदर्शी वा साक्षीहरूलाई सबुतप्रमाण दिन बाध्य तुल्याउने अधिकारले पनि अनुसन्धान प्रक्रियामा विशेष महत्व राख्दछ । प्रमाण पेश गर्न इन्कार गर्ने प्रत्यक्षदर्शीहरूलाई (उदाहरणको लागि सरकारी अधिकारीहरू जो आफ्ना सहकर्मीहरूलाई बचाउने प्रयास गर्दछन्) सरकारी वकिलहरूले कारवाही गर्ने धम्की दिन सक्ने हुनुपर्दछ । गहन तथा प्रभावकारी अनुसन्धानको सुनिश्चितता गर्न विज्ञहरूले अदालतमा प्रस्तुत गरेको प्रमाण र मतमाथि सरकारी वकिलहरूको पहुँच हुनु अत्यावश्यक छ । अदालती कारवाही चलिरहेको दौरान मुद्दामा संलग्न चिकित्सकहरूको उपस्थितिले पीडितको शरीरमा भएका चोटपटकका निशानहरू यातनाजनित हुन् भनेर प्रमाणित गर्ने सम्भावना बढेर जान्छ । यी र यस्ता प्रकारका अन्य उपायहरू जो व्यवस्थापिकाले गहन र प्रभावकारी अनुसन्धान होस् भन्ने कुराको सुनिश्चितता गर्न आवश्यक ठान्छ, आगामी यातना विरुद्धको ऐनमा समावेश गरिनु जरुरी पर्दछ ।

## (घ) स्वतः निलम्बन

विशेष प्रतिवेदकको सुझावअनुसार यातनाको अभियोग लागेका कुनै पनि सार्वजनिक पदधारी अधिकारीको मुद्दाको फैसला नहुने बखतसम्म उसलाई पदबाट निलम्बन गरिनुपर्छ ।[४] यातना विरुद्धको महासन्धि प्रावधान अनुरूप राज्यको दायित्वलाई पूरा गर्नुको साथसाथै नेपालमा मनासयवश यातनाका घटनाहरूप्रति उदासिनता देखाइदैन भन्ने राम्रो सन्देश प्रवाहित गर्न पनि व्यवस्थापिकाले प्रतिवेदकको उक्त सिफारिसलाई आत्मसात गर्नु जरुरी छ । यस प्रावधानलाई व्यवस्थापिकाले कार्यान्वयन गर्नु भनेको यातनासम्बन्धी मुद्दाहरूलाई नेपालमा अत्यन्तै महत्वकासाथ हेरिन्छ र वर्तमान सरकार विधिको शासन प्रति प्रतिबद्ध छ भन्ने सन्देश दिनु हो । यसका अतिरिक्त यातनाका अभियोग लागेका सार्वजनिक पदधारी अधिकारीहरूलाई निलम्बन गरेको खण्डमा उनीहरूले आफ्नो पदीय शक्तिको

[३] Paragraph 33(j), Report of the UN Special Rapporteur on Torture, 2006. (ECN.4/2006/6/Add.5)
[४] Paragraph 33(j), Report of the UN Special Rapporteur on Torture, 2006. (ECN.4/2006/6/Add.5)

गलत प्रयोग गरी मुद्दाको अनुसन्धान र फैसलालाई प्रभाव पार्न सक्ने सम्भावना पनि कम हुन्छ । उदाहरणको लागि यदि एकजना आरोपित प्रहरी अधिकृतलाई निलम्बन गर्ने हो भने उसले पीडितलाई पुनः थुन्ने वा अरू कसूरमा फसाउने धम्की दिएर मुद्दा फिर्ता गर्न लगाउने सम्भावना रहँदैन । फलतः निलम्बनको डरले केही मात्रामा भए पनि यातनाका घटनालाई कम गर्न मद्दत पुऱ्याउँदछ । मुद्दामा अन्तिम फैसला जस्तोसुकै आएता पनि फैसला हुनुभन्दा अगाडि थोरै समयको लागि भए पनि सरकारी अधिकारीहरूको प्रतिष्ठा गुम्ने भएकोले अन्य अधिकारीहरूलाई पनि यस्ता कारवाहीले नसिहत प्रदान गरी यातना वा यातनाजन्य कुनै पनि गतिविधि गर्नबाट निरुत्साहित गर्छ ।

## (ङ) साक्षीको सुरक्षा

अप्रिल १, २००८ मा महानगरीय प्रहरी प्रभाग, हनुमानढोका, काठमाडौँबाट खटिएका प्रहरी अधिकारीहरूले उमेश लामालाई पक्राउ गरेका थियो । एड्भोकेसी फोरमलाई उनले दिएको बयानअनुसार उनलाई प्रहरी निरीक्षक सुधिरराज शाही र प्रहरी सहायक निरीक्षक सञ्जय तिमिल्सिना लगायत ५ जना प्रहरी अधिकृतहरूले धेरै समयसम्म जथाभावी कुटपिट गर्ने, ब्लेडले काट्ने र छातीमा कुल्चिने गरेका थिए । चरम यातना पछि लामालाई गम्भीर रूपमा घाइते भएकाले उनलाई उपचारका लागि वीर अस्पताल लगिएको थियो । महिनौंको महङ्गो औषधोपचार पछि बल्ल उनको स्वास्थमा केही सुधार आएको थियो ।

लामालाई गम्भीर अवस्थामा अस्पताल भर्ना गरिएलगत्तै उनको परिवारले अदालतमा बन्दी प्रत्यक्षीकरणको रिटसहित यातना क्षतिपूर्ति ऐनअन्तर्गत मुद्दा दर्ता गरे । यो कुरा थाहा पाएर तत्कालीन डिएसपी कञ्चन थापाले पीडितको परिवारलाई सुरुमा सामान्य उपचार खर्च दिने प्रस्ताव राखे र पछि विभिन्न प्रलोभन दिएर मुद्दा फिर्ता लिन लगाउने कोसिस गरे । तर उनको परिवारले उपचार खर्च पनि नपुग्ने क्षतिपूर्ति लिन अस्वीकार गरे । त्यसपछि डिएसपी थापाले पीडित पक्षलाई मुद्दा फिर्ता नलिएको खण्डमा पीडितलाई विभिन्न मुद्दा लगाएर ६, ७ वर्षसम्म जेल हाल्नेसमेत धम्की दिए । पीडित परिवारको भनाईअनुसार डिएसपी थापा र अन्य प्रहरीहरूले उनीहरूलाई विभिन्न समयमा धम्काउने पनि गरेका थिए ।

यसरी पुनः थुनामा राख्ने र यातना दिने धम्कीबाट संत्रस्त बनेर पीडित लामाको परिवारले मुद्दा फिर्ता लिन बाध्य बने । यसको बदलामा प्रहरीले पीडित लामाको सम्पूर्ण औषधोपचारको खर्च व्यहोरी दिए जुन कार्य पीडित र उनको परिवारको हैसियतभन्दा धेरै परको कुरा थियो । पीडितको दिदीका अनुसार, "मेरो भाइ उमेशले यदि फेरि पनि हिरासतमा जानु परेमा आत्महत्या गर्छु भन्छ ।" परिणाम स्वरूप पीडितका परिवारले मुद्दा फिर्ता लिने निर्णय गरे । पीडित उमेश लामाको आरोपित पीडकलाई न त अभियोजन नै गरियो न त कुनै जरिवाना नै तिराइयो ।

मानवअधिकार उल्लंघनमा दोषी पाइएका सार्वजनिक अधिकारीहरूलाई सफलतापूर्वक अभियोजित गर्ने पथमा धेरै बाधा व्यवधानहरू रहेका छन् भन्ने कुराका दृष्टान्तहरू यस प्रतिवेदन भरीनै उल्लेख गरिएका छन् । यी मध्ये सबैभन्दा ठूलो व्यवधानको रूपमा यातना दिने अधिकारीहरूबाट पीडितलाई दिइने डर धम्कीनै देखा परेको छ । झुटा आरोपमा थुनिएर यातनाको शिकार बनिसकेपछि यस्ता डर धम्की दिएर पीडितलाई चुपचाप रहन बाध्य गरिन्छ । उदाहरणका लागि पीडित लामाले उपचार खर्चको बदलामा मुद्दा फिर्ता लिएर बुद्धिमतापूर्ण काम गरे

नत्र भने उनलाई फेरि हिरासतमा लगेर यातना दिने प्रबल सम्भावना थियो । कानूनी संरक्षणको अभावमा पीडकहरूको विरुद्ध उठ्न र न्यायको बाटो अवलम्बन गर्न पीडितहरूलाई अत्यन्तै कठिन छ । यातना विरुद्धको समितिले यो समस्यालाई धेरै वर्ष अगाडिनै पहिचान गरी "यातना र दूर्व्यवहार भएको गुनासो गर्ने सबै व्यक्तिहरूको यथोचित संरक्षण"[५] को सुनिश्चितता नेपाल सरकारले गर्नुपर्दछ भन्ने सुझाव पेश गरेको थियो । नेपाल सरकारले ठाडै उपेक्षा गरेको अन्तर्राष्ट्रिय कानूनहरूको लामो फेहरिस्तमा समितिको यो सुझावप्रतिको बेवास्ता पनि निर्लज्य उदासिनताको एउटा पराकाष्टानै हो ।

यस्तो परिस्थितिमा यो प्रतिवेदनको परिशिष्टमा समाहित मस्यौदा विधेयकको दफा ५(२३) मा उल्लेख गरिए जस्तै यातनाको उजुरी गर्ने व्यक्तिलाई कुनै प्रकारको हानी नोक्सानी वा गैरकानूनीरूपमा स्वतन्त्रता हनन् हुने छैन भन्ने कुराको प्रत्याभूत गर्नका हेतु व्यवस्थापिकाले साक्षी/पीडित संरक्षणको यथेष्ट व्यवस्था गर्नुपर्दछ । प्रस्तावित मस्यौदा विधेयकले पीडितहरूको सुरक्षा दुई प्रकारले गर्न सकिने प्रस्ताव पेश गरेको छ । पहिलो, जोखिममा परेका पीडित, उसको साथीहरू, परिवार र साक्षीको सुरक्षा गर्ने दायित्व महान्यायधिवक्तामा निहित रहन्छ र उक्त दायित्व आवश्यकताअनुसार मुद्दाको अनुसन्धान र अभियोजनको दौरानसम्म लम्बिन सक्छ । दोस्रो, यदि महान्यायधिवक्ताले सुरक्षा नदिएको खण्डमा पीडित र उससँग सम्बन्धित पक्षले सक्षम अदालतमा सुरक्षाको आदेश गरिपाऊँ भनी निवेदन हाल्न सक्छ । यस्तो अवस्थामा पीडक पक्षलाई पीडित पक्षसँग सम्पर्क नगर्न र कुनै पनि प्रकारको धम्की दिनबाट रोक लगाउने निर्देशन अदालतले दिने भएकाले पीडकका धम्कीहरूका विरुद्ध पीडितहरूले कुनै विलम्ब नगरी प्रत्युत्तर दिन प्रेरित हुनेछन् । यस्ता प्रकारका व्यवस्थाहरू आगामी बन्ने कानूनका अत्यन्त महत्वपूर्ण पक्षहरूमध्ये एक हुनेछन् ।

[५] Recommendation 17(b), Concluding Observations of the UN Committee against Torture, 2005. (CAT/C/NPL/CO/2)

# सजाय

यातनालाई अन्तरिम संविधानमा केही समय यतादेखि मात्र फौजदारी अपराधको रूपमा परिभाषित गरिएता पनि अझैसम्म यसलाई कानूनी रूपमा सजाययोग्य बनाइएको छैन । यातना विरुद्धको महासन्धिअन्तर्गत यातनाका दोषीहरू उपर फौजदारी सजाय गर्नुपर्ने आफ्नो बर्षौ पुरानो दायित्व भएता पनि नेपालले आफ्नो सन्धिजनित दायित्वलाई उपेक्षा गर्दै आएको छ। त्यसकारण अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप पीडकलाई जेल चलान गर्ने प्रावधान पनि आगामी कानूनको थप विशेषता हुने कुरामा मतक्यैता छैन ।

नयाँ कानूनमा सजायसन्बन्धी दफाको सबैभन्दा महत्वपूर्ण कडी पीडित उपर भएको यातनाको गम्भीरतासँग सामञ्जयस्ता राख्ने खालका सजायहरू तोक्ने व्यवस्थाको सुनिश्चितता नै हुनेछ । प्रत्येक पीडकलाई उसले गरेका अपराधका साथसाथै यातना दिएको समय र यातनाको मात्रा, पीडक आफैले यातना दिएको कि अरूलाई यातना दिन उक्साएको र पीडितलाई लागेको चोटपटकको मात्राको आधारमा सजाय तोकिनु पर्छ भन्ने कुरा समानुपातिकताको बृहत् सिद्धान्त तथा विशेष प्रतिवेदक र यातना विरुद्धको समितिको सिफारिसले दर्शाउँदछ । यद्यपि कानूनले बेलगाम विवेकाधिकार भने दिन मिल्दैन र यस सवालको हकमा न्यायपालिका र व्यवस्थापिका दुवैले सुझाव दिनु जरुरी हुन्छ । आगामी बन्ने ऐनमा सजायसम्बन्धी व्यवस्थाहरू निर्क्योल गर्दा उक्त ऐनका मस्यौदाकारहरूको निष्कर्षनै अन्तिम निष्कर्ष हुने भएकाले यातना विरुद्धको महासन्धि अनुमोदन गरेका अन्य पक्षराष्ट्रहरूले यस सम्बन्धमा गरेका प्रावधानहरूको बारेमा पनि जानकारी राख्नु सर्वदा उचित हुन्छ । तल उल्लिखित सजायका प्रावधानहरूमाथि विचार गर्दा पीडकलाई सजाय तोक्ने कुरामा यातना विरुद्धको समितिले राज्यहरूलाई अझै कडा निर्देशन दिएको तथ्यलाई समेत मनन गर्नु अत्यन्त जरुरी हुन्छ ।

यातना विरुद्धको महासन्धिका पक्षराष्ट्र रहेका विभिन्न देशहरूमा रहेको घरेलु सजाय व्यवस्था विभिन्न छन् जस्तै : अस्ट्रेलियामा बढीमा १० देखि २० वर्षसम्म (प्रान्त अनुसार फरकफरक छन्), अमेरिकामा बढीमा २० वर्ष, श्रीलंकामा कम्तीमा ७ वर्ष, डोमिनिकन गणराज्यमा १० देखि ३० वर्षको बीचमा, जर्मनीमा बढीमा १० वर्ष, इजिप्टमा ३ देखि १० वर्षको बीचमा र संयूक्त अधिराज्यमा आजिवन कारावाससम्मको व्यवस्था गरेको पाइन्छ ।

# पुनर्लाभ

यातना क्षतिपूर्ति ऐनको मातहतमा एड्भोकेसी फोरमद्वारा हालसम्म दर्ता गरिएका ७० थान मुद्दामध्ये जम्मा १४ ओटा मुद्दामा मात्र अदालतले पीडितहरूलाई क्षतिपूर्ति प्रदान गर्ने फैसला गरेको छ । तर जिल्ला अदालतको निर्णय विरुद्ध पुनरावेदन परेर मुद्दा विचाराधिन अवस्थामा रहेकाले वा प्रमुख जिल्ला अधिकारीले क्षतिपूर्ति रकम वितरण नगरेकाले ती चुनिन्दा "भाग्यमानी" पीडितहरू समेतले क्षतिपूर्ति रकम प्राप्त गर्न सकेका छैनन् । यस प्रतिवेदनले यातना क्षतिपूर्ति ऐनअन्तर्गत पीडितहरूले अत्यन्तै न्यून कानूनी राहत पाएको तथ्य उद्घाटित गरेको भएता पनि एड्भोकेसी फोरमको सहयोगमा उक्त ऐनअन्तर्गत पीडितद्वारा यातना क्षतिपूर्तिका लागि दर्ता गरिएका माथि उल्लिखित १४ ओटा सफल यातनाका घटनाहरूमध्ये ८ ओटा घटनामा जिल्ला अदालतले सुरुमा रु १०,०००–१५,००० को बीचमा क्षतिपूर्ति दिलाएको तथ्यलाई एउटा महत्वपूर्ण उपलब्धिको रूपमा लिन सकिन्छ । यसैगरी सिभिक्टको कानूनी सहायतामा हालसम्म ५० थान मुद्दामा पीडितहरूलाई क्षतिपूर्ति प्रदान गर्नुपर्ने निर्णय भएता पनि वास्तवमा क्षतिपूर्ति प्राप्त गर्नेमा ८ जना मात्र रहेका छन् । स्मरण रहोस्, सिभिक्टले सन् १९९० देखि सन् २००८ को बीचमा ३८,७४७ ओटा यातना अभिलेखीकरण गरी पीडितहरूलाई सयौं मुद्दा दायर गर्न सहयोग गरेको छ । तर बिडम्बना के छ भने यातना क्षतिपूर्ति ऐनले पीडितले भोग्नु परेका भोगाईहरू सापेक्ष हुने गरी क्षतिपूर्तिको व्यवस्था भने गर्न असफल रहेको छ । सबै प्रकारका प्रत्यक्ष (पारिश्रमिक बापत प्राप्त हुने रकम, औषधोपचारको खर्च) र अप्रत्यक्ष (शारीरिक पीडा, डर, सन्ताप अथवा अन्य मानसिक पीडा) क्षतिहरू दुवैलाई देवानी क्षति मानी यथोचित क्षतिपूर्ति प्रदान गर्नु आवश्यक हुन्छ । यातना क्षतिपूर्ति ऐनले पुनर्लाभको हद रु. १००,००० तय गरेको छ भने क्षति निर्धारण गर्दा प्रयोग गरिने मापदण्ड पनि अस्पष्ट रूपमा परिभाषित गरेको छ ।[१]

यातना विरुद्धको महासन्धिको धारा १४ अनुसार नेपालले यातना पीडितले निष्पक्ष र उचित क्षतिपूर्ति पाउने[२] सुनिश्चित गर्नुपर्ने भएकोले यातना क्षतिपूर्ति ऐनका अपूर्ण प्रावधानहरूलाई पूर्णता दिनु र पीडितलाई दिइने आर्थिक

[१] Sections 4,5, 6, Torture Compensation Act, 1996. See http://www.unhcr.org/refworld/type,LEGISLATION,,NPL,3ae6b4fac,0.html

[२] Article 14, UN Convention Against Torture. See http://www.unhchr.ch/html/menu3/b/h_cat39.htm

क्षतिपूर्तिको दायरा फराकिलो बनाउनु व्यवस्थापिका संसदको दायित्व हो । यस व्यवस्थाअन्तर्गत क्षतिपूर्ति प्रदान गर्ने उद्देश्यका लागि स्थायी क्षतिपूर्ति कोषको स्थापना गर्ने दायित्व पनि निहित गरेको छ । अन्तमा, नराम्रोसँग क्षति पुऱ्याइएका पीडितहरूलाई बचाउन अन्तरिम राहतको व्यवस्था गर्नुपर्छ । सारांशमा, नयाँ बन्ने कानूनमा दाबीकर्ताले शारीरिक र मानसिक यातनाबाट पाएका प्रमाणित क्षतिको तत्कालै क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ ।

## (क) आर्थिक र गैरआर्थिक क्षति

"यातना" शब्दले एक व्यक्तिले अर्को व्यक्ति उपर गर्ने केही आत्यान्तिक क्रूरताका कार्यहरूलाई पनि समेट्छ । कुटपिट र अन्य दूर्व्यवहारको परिणामस्वरूप उत्पन्न हुने दीर्घकालीन स्वास्थसम्बन्धी समस्याहरूका अलावा यातना पीडितहरू मानसिकरूपमा पनि अशक्त हुन पुग्छन् । डर, स्वनियन्त्रणको कमी र चरम पीडाका कारण पीडितहरूको मानसपटलमा यातनाका अमिट छापहरू बस्न सक्छन् जुन दीर्घकालीन शारीरिक समस्याहरूभन्दा बढी हानीकरक साबित हुन्छन् । डिसेम्बर २७, २००८ मा प्रहरीले यातना दिएको बेला असहाय अनुभव गर्दै मानसिक पीडा खेप्नु परेको कुरा सम्भदै पीडित परिक्षण यादव भन्छन, "उनीहरूले मलाई चरम यातना दिँदा यातनाको पीडा खप्न नसकेर बरु मलाई गोली हानेर मारे पनि हुन्थ्यो भन्ने कामना गरेको थिए । यसभन्दा अगाडि मैले कहिले पनि र कसैबाट यसरी कुटाई खाएको थिइनँ ।"

यादवले पाएका यातनाका अनुभव जस्तै पीडितलाई आतंकित बनाउने र असहाय तुल्याउने लगायत सबै प्रकारका यातनामा पीडितलाई क्षतिपूर्ति दिइनुपर्छ । प्रस्तावित कानूनको धारा १०(७) ले पुनर्लाभ प्रदान गरिनुपर्ने दुई प्रकारका क्षतिको खाका तयार पारेको छ : आर्थिक र गैरआर्थिक क्षति । आर्थिक क्षतिमा पीडितले उपचार खर्च, पुनर्वास खर्च, मजदुरी लगातका अन्य प्रकारका आर्थिक क्षतिको क्षतिपूर्ति पाउने छन् भने गैरआर्थिक क्षतिअन्तर्गत पीडितले पाएको पीडा र कष्टदेखि अंगभङ्ग र बलात्कारपश्चात हुने सामाजिक लाञ्छना र त्यस्तै प्रकारका अन्य क्षतिहरूमा क्षतिपूर्ति पाउने व्यवस्था गरिएको छ । प्रत्येक यातना पीडित कुनै न कुनै भिन्न प्रकारका दूर्व्यवहारको शिकार हुने भएकाले क्षतिपूर्ति प्रदान गर्न योग्य सबै प्रकारका क्षतिबारे अदालत सजग रहनु पर्छ ।

## (ख) बृहत् पुनर्लाभ

प्रस्तावित कानूनको धारा १०(२) ले प्रत्यास्थापन, क्षतिपूर्ति, पुनर्स्थापना, मानसिक सन्तुष्टि र यातनाको पुनरावृत्ति नहुने प्रत्याभूति लगायत सबै प्रकारका क्षतिपूर्तिको व्यवस्था गरेको छ । एक अर्कामा परस्पर सामञ्यस्ता राख्ने यी शब्दहरूको सारभूत तत्व दर्शाउने खालको उपचार पीडितलाई उपलब्ध गराइनु पर्छ भन्ने मान्यता अन्तर्राष्ट्रिय कानूनको रहेको छ ।[३] अब बन्ने कानूनमा क्षतिपूर्ति र हर्जानामात्र भन्दा पनि पुनर्लाभको प्रत्याभूत गर्ने एउटा छुट्टै भाग समावेश गरिनुपर्छ र पुनर्लाभ भन्नाले तलको अनुच्छेदमा चर्चा गरिएका ५ ओटा तत्वहरू समावेश गरिएको व्यवस्था हो भन्ने बुझ्नु पर्छ ।

[३] UN Basic Principles and Guidelines on the Right to a Remedy and Reparation. See http://www2.ohchr.org/english/law/remedy.htm

"प्रत्यास्थापन" (Restitution) शब्दले पीडितलाई सम्भव भएसम्म यातना पाउनुभन्दा पहिलेका शारीरिक र मानसिक स्थितिमा फर्काउने भन्ने हुन्छ । "क्षतिपूर्ति" शब्दले पनि लगभग समान अर्थ दिए पनि पीडितले व्यहोर्नु परेको शारीरिक, मानसिक र आर्थिक जस्ता सबै वा केही भौतिक रूपमा मापन गर्न सकिने क्षतिलाई जनाउँछ । "पुर्नस्थापना" भने केही भिन्न श्रेणीअन्तर्गत पर्छ जसले पीडितलाई साबिकको अवस्थामा फर्काउनको लागि आवश्यक पर्ने आर्थिक कोषको बारेमा जोड दिन्छ । प्रभावकारी पुनर्लाभले पीडितको सन्तुष्टिको पनि विवेचना गर्नु पर्दछ जसअन्तर्गत पीडकहरूद्वारा सार्वजनिक क्षमायाचना र मुद्दासम्बन्धी सम्पूर्ण सत्यतथ्यको उजागर पर्दछन् । अन्तमा, अपराधको पुनरावृति नहुने प्रत्याभूति हुनु जरुरी छ जो कुनै एक खास पीडितका लागि भन्दा पनि एउटा प्रणालीको रूपमा विकसित हुनु जरुरी हुन्छ । यस शब्दावलीले न्याय प्रणालीलाई बलियो बनाउन र यातनाका घटनालाई जागरुकताका साथ रोकथाम गर्न सरकारमाथि दायित्व थप्ने काम गर्छ । यी तत्वहरूले संयुक्तरूपमा उपचार र पुनर्लाभको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको आधारभूत सिद्धान्त र निर्देशिकासँग उल्लिखित पूर्ण पुनर्लाभको धारणालाई प्रतिबिम्बित गर्दछन् । यातना विरुद्धको महासन्धिअन्तर्गत नेपालको दायित्वअनुसार माथि चर्चा गरिएका प्रत्येक तत्वहरू समावेश गरिएको बृहत् पुनर्लाभ पीडितलाई प्रदान गर्नुपर्दछ ।

## (ग) क्षतिपूर्ति कोष र व्यक्तिगत आर्थिक दायित्व

माथि उल्लेख गरिएका १४ जना पीडितहरूलाई यातना क्षतिपूर्ति ऐनअन्तर्गत क्षतिपूर्ति दिनुपर्ने निर्णय भए पनि हालसम्म कसैलाई पनि क्षतिपूर्ति रकम प्रदान गरिएको छैन । यसरी पीडितलाई शीघ्र क्षतिपूर्ति प्रदान गर्न नसक्नु सरकारले "समायोचित ढंगमा प्रदान गरिनुपर्ने"[४] सुनिश्चिता गर्नुपर्ने भन्ने यातना विरुद्धको समितिको १८ औं बुँदा सिफारिसप्रतिको ठाडो उपेक्षा हो । यो सुझाव कार्यान्वयन गर्ने सुनिश्चितता गर्न आगामी यातना विरुद्धको ऐनमा क्षतिपूर्ति कोषको गठन हुने व्यवस्था गरिनुपर्छ । यातना पीडितहरूले पाएका क्षतिको मात्रा ज्यादा हुने भएकाले त्यसलाई उचित परिपुरण गर्न ठूलो रकमको आवश्यकता पर्दछ । धेरै जसो पीडकहरू पीडितलाई क्षतिपूर्ति दिन सक्ने हैसियतका नहुने भएकाले यत्रो ठूलो रकम उनीहरूबाट जुटाउन सम्भव हुँदैन । त्यसकारण सरकारले नै यातना प्रमाणित भएका पीडितहरूलाई क्षतिपूर्ति दिलाउने प्रारम्भिक जिम्मेवारी लिनु पर्छ ।

यस्ता कोषका लागि आवश्यक पर्ने नियम र कार्यविधिहरूको उदाहरण मस्यौदा कानूनको परिच्छेदको दफा ८ मा हेर्न सकिन्छ । यस दफाका दुई ओटा पक्षहरू विशेष टिपोटयोग्य छन् जुन कुरा आउँदो कानूनमा समावेश गरिनु पर्दछ । प्रथमतः, विधानमा क्षतिपूर्ति कोष अक्षय रहने प्रावधान राखिनु पर्छ भने कथंकदाचित आर्थिक अभाव भएमा सरकारका अन्य स्रोतहरूबाट भए पनि रकमको व्यवस्था गरिनुपर्छ । यस नियमलाई प्रश्रय दिन क्षतिपूर्ति प्रदान गर्ने निश्चित समयसीमा तोकिनु पर्दछ । यी व्यवस्थाहरू सरकारले तत्काल र उचित क्षतिपूर्ति प्रदान गर्नेछ भन्ने कुराको प्रत्याभूति गर्नको लागि आवश्यक छन् ।

तर छरितो ढंगले पूर्ण क्षतिपूर्ति प्रदान गर्न सरकारले क्षतिपूर्ति कोष स्थापना गर्नुपर्ने भएता पनि अपराधीलाई पनि आर्थिक भारबाट पूर्ण छुटकारा दिनु हुँदैन । सरकारले पनि पीडक व्यक्तिलाई आर्थिक भार व्यहोर्न बाध्य पार्न सक्ने

[४] Recommendation 18, Concluding Observations of the Committee against Torture, 2005. (CAT/C/NPL/CO/2)

संयन्त्र निर्माणका लागि मध्यमार्गको अवलम्बन गर्नसक्छ। धारा १०(३) र (४) ले पनि यस प्रक्रियालाई समानरूपमा लागू गर्ने केही निर्देशिका र हदबन्दीको व्यवस्था गरिएको छ। उदाहरणका लागि, नयाँ बन्ने कानूनमा धारा १०(४) लाई पनि समावेश गर्नुपर्ने सुझाव दिन सकिन्छ किनभने यसले अपराधको जिम्मेवारीसापेक्ष आर्थिक जिम्मेवारीको निर्धारण गरेको छ। हामीहरू उच्चअधिकारी जवाफदेहीता झल्किने प्रावधानको लागि सिफारिस पनि गर्दछौं किनकि तिनीहरूले यातनाका घटनाहरू निषेध गर्नसक्ने हैसियतमा रहन्छन्।

यद्यपि पीडक आफूले गरेका सम्पूर्ण गल्ती आफैले सच्याउनु पर्छ भन्ने हो तर पनि यो नियम त्यति व्यवहारिक नहुन सक्छ। त्यसकारण के सुझाव दिन उपयुक्त हुन्छ भने नयाँ बन्ने कानूनमा पीडकले सरकारलाई सहयोगको लागी याचना गर्न पाउने व्यवस्था पनि समावेश गर्नुपर्छ। धारा १०(३) ले अपराधीबाट गरिने आर्थिक असूलउपरीले उसको परिवारलाई आर्थिक रूपमा ठूलो असर पार्ने भएमा अपराधीबाट दाबी गरिएको रकम विरुद्ध कानूनी चुनौती दिने व्यवस्था गरेको छ। न्यायको अवधारणमा दोषीबाट क्षतिपूर्ति भराउने व्यवस्था गरेको भए पनि दोषीको निर्दोष परिवारलाई तिलाञ्जली दिनेखालको कानूनले आफ्नो लक्ष्य भने कहिल्यै हासिल गर्न सक्दैन।

## (घ) अन्तरिम राहत

अन्तमा, यातना पीडितलाई पुनर्लाभ प्रदान गर्ने कानूनले अन्तरिम वा तात्कालिक राहतको अधिकार तथा यसलाई प्रदान गर्ने आवश्यक कार्यविधिको सुस्पष्ट रूपमा समावेश गर्नुपर्दछ। यी प्रावधानहरू अन्तर्राष्ट्रिय कानूनले स्पष्टरूपमा किटान नगरेता पनि निष्पक्ष र प्रभावकारी क्षतिपूर्ति प्रणालीको लागि यो व्यवस्था उपयुक्त साबित हुनसक्दछ। यहाँ पुनः उमेश लामाको मुद्दा स्मरणीय छ। लामालाई आर्थिक प्रलोभन र पुनः हिरासतमा लैजाने धम्की दिएर मुद्दा फिर्ता गर्न बाध्य पारिएको थियो। गम्भीररूपमा घाइते भएका अवस्थामा उपचार खर्च र बस्ने खाने खर्च जुटाउन नसक्ने लामा जस्ता पीडितहरूलाई यातना भएको हो भन्ने प्रथमदृष्टि प्रमाणको (Prima facie evidence) आधारमा तत्काल राहत दिइनुपर्दछ।

राहत रकम विनियोजन गर्दा दुई ओटा महत्वपूर्ण परिणामहरू देखापर्दछन्। पहिलो, यसले पीडितलाई अभियुक्तले आर्थिक प्रलोभनमा फसाउने सम्भावनालाई कम गराउनका साथै उनीहरूलाई मुद्दा दायर गर्न प्रोत्साहन गर्दछ। दोस्रो, यसले पूर्पक्ष र पुनरावेदन जस्ता लामा प्रक्रियाका दौरान पीडितलाई बस्नेखाने चाँजोपाँजो मिलाउनका साथै मुद्दाको फैसला भएर पुनर्लाभको रकम प्राप्त नगरुञ्जेल उपचार खर्च चलाउन पनि मद्दत पुऱ्याउँदछ। नयाँ बन्ने कानूनको प्रमुख उद्देश्य पीडकलाई सजाय दिलाउने र भविष्यमा हुन सक्ने यातनाजन्य अपराधलाई रोकथाम गर्नुका साथसाथै पीडितको राहत पुऱ्याउने पनि हुनुपर्दछ। यो उद्देश्य प्रभावकारीरूपमा प्राप्त गर्नका निम्ति व्यवस्थापिकाले तत्काल राहतको व्यवस्था हुने खालको कानून तर्जुमा गर्नु जरुरी छ।

# शिक्षा र तालिम

यातना विरुद्धको महासन्धिमा रहेका सिद्धान्तहरू र मूर्त नियमहरू तथा नयाँ कानूनमा रहेका प्रावधानहरूबारे सुसूचित गर्न कम्तीमा पनि सबै सार्वजनिक पदधारी अधिकारीहरूलाई तालिमको व्यवस्था गर्नु दण्डहीनता अन्त्यका लागि महत्वपूर्ण अभियान हुन सक्छ । नेपालमा भएका यातनाका घटनासम्बन्धी संयुक्त राष्ट्रसंघका अंगहरूलगायत महासन्धि आफैले पनि राष्ट्रलाई यस्तो सुझाव दिएको छ :

> "... कानून कार्यान्वयन गर्ने अधिकारी, निजामती कर्मचारी र सैनिक, स्वास्थ्यकर्मी, सार्वजनिक पदधारी अधिकारी तथा पक्राउ, हिरासत र जेलचलान गरिएका कुनै पनि व्यक्तिको हिरासत, अनुसन्धान वा उपचारसँग सरोकार राख्ने व्यक्तिहरूलाई यातना न्यूनीकरणका लागि शिक्षा र यातनाको रोकथामका उपायहरूबारेमा तालिमको व्यवस्था सुनिश्चित गरिनुपर्छ ।"[१]

यो दायित्व निकै महत्वपूर्ण छ र सरकारले पनि यसलाई लागू गर्न ठूलै कसरत गर्नु पर्नेछ । सरकारी निकायहरूको तालिम पुस्तिकामा यातना निषेधका बारेमा एक परिच्छेद समावेश गरेर मात्र आशातित उद्देश्य पूरा हुन सक्दैन । यदि दरिलो गरी जरा गाडेर बसेको दण्डहीनताको अन्त्य गर्ने र सार्वजनिक अधिकारीहरूलाई जागरुक बनाई उनीहरूको समग्र व्यवहारमा नै परिवर्तन ल्याउने हो भने कानूनमा विविध शिक्षामूलक कार्यक्रमहरूको उल्लेख आगामी बन्ने कानूनमा गर्नुपर्दछ ।

महासन्धि अन्तर्गतका प्राथमिक दायित्वहरूलाई पूरा गर्नका लागि थुनामा राख्ने, अनुसन्धान गर्ने वा नागरिकलाई हिरासतमा राख्ने अधिकार पाएका सरकारी निकायहरूको तालिम पुस्तिकामा सरकारले नयाँ तालिम सामग्रीहरू तयार पार्न सम्बन्धित निकायलाई निर्देशन दिनुपर्दछ । माथि उल्लेख गरिएजस्तो अनुसन्धान, हिरासत र यातनासँग सम्बन्धित अधिकारीहरूको जिम्मेवारी र क्षेत्राधिकारको बारेमा प्रस्ट्याउने पाठ्य सामग्री तयार पार्नमा यो प्रतिवेदन फलदायी साबित हुन्छ । यसका अतिरिक्त, यस्ता प्रकारका शिक्षामूलक तालिममा सहभागीतामूलक र छलफलमूलक सत्रहरू पनि समावेश गरिनुपर्छ । कार्यरत र भर्खरै नियुक्त भएका अधिकारीहरू दुवैलाई कानून र

[१] Article 10, UN Convention Against Torture. See www.unhchr.ch/html/menu3/b/h_cat39.htm

कर्तव्यको बारेमा जिज्ञासा राख्ने मौका दिइनुपर्छ । हामीले यस अगाडि नै न्यायमूर्तिहरू, वकिलहरू र प्रहरीसँग यस्ता शिक्षामूलक कार्यक्रमका उद्देश्यबारे विभिन्न बैठकहरू आयोजना गरी छलफल गरिसकेका छौँ, साथै चिकित्सकहरूलाई यातना अभिलेखीकरण तालिम पनि दिँदै आएका छौं । हामीहरू र अन्य सक्षम मानवअधिकार समूहहरू मिलेर सरकारी अधिकारीहरूलाई यातना रोकथामबारे सुसूचित बनाउने कार्यक्रमहरू गरिरहने नै छौ भने सरकारले पनि हामीसँग रहेको विशेषज्ञतालाई यस्ता प्रकारका शिक्षाप्रद कार्यक्रमहरूमा प्रयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

यातनालाई अपराधीकरण गरिएको नयाँ कानूनलाई सरल ढंगमा वर्णन गरिएको शिक्षामूलक सामग्रीहरूमा आमनागरिकको पनि पहुँच हुनु जरुरी छ । चारवर्ष पहिले यातनासम्बन्धी विशेष प्रतिवेदकले यातना विरुद्धको महासन्धिका सिद्धान्तहरूका बारेमा चेतनामूलक कार्यक्रमहरू गर्न राज्यलाई निर्देशसमेत दिएको थियो ।[२] यो हालसम्म व्यवहारिक रूपमा कार्यान्वयन हुन नसकेता पनि वर्तमान परिप्रेक्ष्यमा उक्त कुरालाई सार्वजनिक रूपमा उठाउने स्वर्णीम अवसर सरकारले पाएको छ । यातना विरुद्धको महासन्धिसँग मेल खाने एक राष्ट्रिय कानून शीघ्र पारित गरी कार्यान्वयन गर्ने अभिभारा सरकारको छ । यस्तो भएको खण्डमा उक्त कानूनबारे जनमानस सुसूचित हुन पाउने छन् र तिनीहरूले यस्तो समयसम्मत कानूनको बारेमा सुसूचित हुन पाउदा अत्यन्तै उत्साहित पनि बन्ने छन् भन्ने हाम्रो धारणा रहेको छ । यस्तो परिस्थितिमा नयाँ ऐनअन्तर्गत जनताले उपभोग गर्न पाउने अधिकारबारे सरकारले विभिन्न सामग्रीहरू प्रेषित गर्न जरुरी छ । अझ, यातना निषेधसम्बन्धी सामग्रीहरू स्कूले पाठ्यक्रममा समावेश गरिनु पनि अत्यावश्यक छ । यातनासम्बन्धी सवालहरूको बारेमा सबैलाई सुसूचित गर्ने र सारा समाजलाई नै यसका बारेमा शिक्षा प्रदान गर्ने कार्य निःसन्देह नै एक दीर्घकालीन प्रयास हो ।

[२] Paragraph 33(q), Report of the UN Special Rapporteur on Torture, 2006. (ECN.4/2006/6/Add.5)

# अन्य आवश्यक प्रावधान

## (क) अनिष्कासन

यातना विरुद्धको महासन्धिको धारा ३ ले कुनै व्यक्तिलाई उसको देशमा यातना दिइने खतरा भएको खण्डमा नेपाली भूमिबाट उक्त व्यक्तिहरूलाई उनीहरूको देशलाई सुपुदर्गी गर्ने वा फिर्ता पठाउनबाट रोक लगाएको छ।[१] विशेषगरी तिब्बती शरणार्थीहरूलाई चीन फिर्ता पठाइएमा त्यहाँ उनीहरूमाथि यातना हुने प्रबल सम्भावना भएकोले राज्यको यो प्रावधान प्रतिको दायित्वलाई अब नयाँ बन्ने कानूनमा समाहित गरिनुपर्छ। त्यसकारण सुपुदर्गी गरिएमा उनीहरू माथि यातना तथा अन्य मानवअधिकार हनन्का घटनाहरू हुने सम्भावना रहने हुनाले तिब्बती शरणार्थी र उत्पीडनको शिकार हुने सम्भावना भएका व्यक्तिहरूलाई नेपालमा नै बसोबास गर्न दिनु सरकारको कर्तव्य ठहर्छ।

"गम्भीर, जघन्य र आम मानवअधिकार हनन्" व्याप्त रहेको देशमा कुनै व्यक्तिलाई सुपुर्दगी गर्दा उनीहरूमाथि त्यस्ता प्रकारका दूर्व्यवहार हुनसक्ने खतरालाई मध्यनजर गरी सुपुर्दगी नगर्न महासन्धिले निर्देश गरेको छ। यो प्रावधान पनि नयाँ बन्ने कानूनमा समावेश गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ।

## (ख) अनुगमन प्रणाली

यो प्रतिवेदनमा सुझाइएका प्रावधान अनुरूपको कानून निर्माण गरी तदारुकताका साथ लागू गर्ने हो भने नेपालमा पारदर्शी र जवाफदेही न्याय प्रणालीको स्थापना गर्न सकिन्छ। तर यातना र गैरकानूनी थुना यर्थाथमा रोकथाम गर्ने कुराको सुनिश्चितताका लागि आगामी बन्ने कानूनमा देशभरका थुना केन्द्रहरूको बेरोकटोक अनुगमन गर्ने राष्ट्रिय मानवअधिकार आयोगको अधिकारलाई (राष्ट्रिय मानवअधिकार आयोगमा व्यवस्था गरिएअनुरूप[२]) आगामी बन्ने नयाँ ऐनमा पुन:प्रतिबद्धता दोहोऱ्याई सो प्रावधानलाई सम्बन्धित सबै सरकारी अंगहरूले सम्मान गर्नुपर्दछ।

[१] Article 3, UN Convention Against Torture. See www.unhchr.ch/html/menu3/b/h_cat39.htm
[२] National Human Rights Commission Act. See http://www.nhrcnepal.org/legislation.php

यस प्रावधानलाई यातनासम्बन्धी विशेष प्रतिवेदक र यातना विरुद्धको समितिले पनि कार्यान्वयन गर्न जोड दिएको छ भने यातनालाई निस्तेज पार्नसमेत यो प्रावधान अत्यन्त प्रभावकारी साबित हुनेछ ।

यस्तो अनुगमन प्रणालीको सफल कार्यान्वयनका लागि परिशिष्ट 'क' मा राखिएको मस्यौदा विधेयकको दफा १३ मा केही नियमहरू प्रस्ताव गरिएको छ । प्रथमतः राष्ट्रिय मानवअधिकार आयोगलाई कुनै पनि समय र बिनाकुनै पूर्व सूचना देशभर रहेका सबै हिरासतहरूको बेरोकटोक अनुगमन गर्ने अधिकार दिइनुपर्छ । यस व्यवस्थाले हिरासतको वास्तविक अवस्थाको जानकारी पाउने सम्भावनाको प्रत्याभूत गर्छ भने थुना अधिकारीहरूले यातना जस्ता आपराधिक गतिविधिको प्रमाण लुकाउने मौका पाउने छैनन् । यसका अतिरिक्त आयोगका प्रतिनिधिहरूलाई हिरासत अनुगमन गर्न नदिने सार्वजनिक पदधारी अधिकारीहरूलाई सजायको व्यवस्थासमेत गरिनुपर्छ । विगतमा मानवअधिकार उल्लंघनमा संलग्न रहेका भनी चिनिएका अधिकारीहरूलाई पारदर्शी बनाउने कुरा भने त्यति सजिलो प्रक्रिया चाहिँ पक्कै होइन । यसैले त्यस्ता व्यक्तिहरूको लागि केही थप प्रोत्साहन दिइनु जरुरी छ । यस्तैगरी आयोगको वर्तमान अधिकार क्षेत्र यातनाको रोकथाम गर्नको लागि अप्रर्याप्त भएकोले यसको हिरासत अनुगमन गर्ने अधिकार व्यापक बनाउन आवश्यक पर्ने अन्य नियमहरूको पनि किटान गरिनुपर्छ । यातना विरुद्धको महासन्धिअन्तर्गत बनेको ऐच्छिक प्रलेखलाई नेपालले हालसम्म अनुमोदन गरेको छैन । हामी उक्त ऐच्छिक प्रलेखलाई सरकारले अनुमोदन गरोस् भन्ने माग गर्दछौँ । उक्त अनुमोदनले महासन्धिअन्तर्गत सिर्जित दायित्व पूरा गर्न मद्दत गर्ने र यातना रोगथामको राष्ट्रिय संयन्त्र बनाउने अवसर सरकारलाई मिल्दछ ।

यातना निरोध गर्ने कानूनले राष्ट्रिय मानवअधिकार आयोगलाई प्रदान गरेको अधिकार अन्य सक्षम गैरसरकारी संस्थाहरूलाई पनि प्रदान गर्नुपर्दछ । नेपालमा कार्यरत धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको पनि हिरासत अनुगमन गर्ने कार्यको लामो अनुभव र दक्षता रहेको छ । नेपालका थुनाकेन्द्रहरूमा यातनाको प्रचलन व्याप्त भएका कारण दक्ष संस्थाहरूलाई यातनाको अभिलेखीकरण र रोकथाम गर्ने अख्तियारी प्रदान गरेको खण्डमा यसले पारदर्शीता प्रबर्द्धन गर्नुका साथसाथै प्रभावकारी ढंगबाट यातना रोकथाम गर्न मद्दत पुऱ्याउँदछ ।

## (ग) यातनाबाट प्राप्त भएका प्रमाणहरूको प्रयोग नगर्ने

सरकारी अधिकारीले निर्दोष जनता माथि यातना दिनुका विभिन्न कारणहरू छन् । यीमध्ये सबैभन्दा महत्वपूर्ण कारण हो मानसिक र शारीरिक यातनाबाट अनुसन्धानकर्ताले चाहेको साविति बयान प्राप्त गर्नु । नेपालमा बारम्बार घटने यातनाका घटनाहरू र त्यस्ता घटनाहरू बाहिर ल्याउन नसक्ने कार्य प्रणाली हेर्दा यो कुरा प्रस्ट हुन्छ कि यातनाबाट प्राप्त प्रमाणहरू नै दैनिक फौजदारी अभियोजनमा प्रयोग भइरहेका छन् । यो अभ्यास तुरुन्तै रोकिनु पर्छ ।

विशेष प्रतिवेदकले वलपूर्वक लिइने साविति बयानको समस्यालाई पहिचान गरेर थुनुवाहरूको बयान उनीहरूको ईच्छापूर्वक मात्र लिइनुपर्छ भन्ने कुराको कडा मार्गनिर्देशन सहित सुझाव दिएका थिए । त्यस्तैगरी उनले थुनामा राखिएको व्यक्तिको बयान वकिलको अनुपस्थितिमा भएको छ र न्यायाधीशबाट पनि यो पुष्टि भएको छैन भने

त्यस्ता बयानलाई उसको विरुद्ध बयानको रूपमा लिन नहुने नियमावली बनाउन जोड दिएका थिए ।[३] नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र यातना विरुद्धको महासन्धिले निर्देशित गरेअनुरूप थुनुवाहरूको आधारभूत सुरक्षाप्रति राज्यको दायित्व कार्यान्वयन गराउनका निम्ति यातनालाई अपराधीकरण गर्ने ऐन एउटा बलियो आधार बन्न सक्छ ।

बलजफ्ती वा यातना दिएर हासिल गरिएको वा यातनाबाट प्राप्त गरिएको भनी विश्वास गरिएका बयानलाई अदालती कारवाहीमा संग्लन गर्नबाट रोक लगाउने एक प्रभावकारी संयन्त्र स्थापना गर्न मस्यौदा विधेयकको दफा १४ ले प्रस्ताव गरेको छ । यस्तैगरी यो दफाले झुठो प्रमाणको आधारमा गरिएको पूर्पक्ष घोषित भएमा त्यसलाई त्रुटिपूर्ण पूर्पक्ष घोषणा गरी अर्का न्यायाधीशबाट नयाँ सुनुवाइ चलाउने आदेश दिन सक्ने अधिकारको प्रस्तावसमेत गरेको छ । गलत प्रमाणबाट प्रभावित भई फैसला सुनाउनबाट न्यायाधीशहरूलाई रोक्न यो व्यवस्था आवश्यक हुन्छ । अन्तमा, यस प्रस्तावसँग मिल्दोजुल्दो नियमहरूलाई नयाँ कानूनमा समावेश गरिनुपर्छ र सोधपुछका अझ कडा मार्गनिर्देशनहरूको थप व्यवस्था गर्नुपर्दछ ।

[३] Paragraph 33(q), Report of the UN Special Rapporteur on Torture, 2006. (ECN.4/2006/6/Add.5)

# उपसंहार

यस प्रतिवेदनमा राखिएको मस्यौदा विधेयक एउटा प्रस्ताव मात्रै हो । यातना अपराधीकरण गर्ने सवालमा आफ्नो सामूहिक समभ्रूदारीसँग मेल खाने कानून निर्माणार्थ व्यवस्थापिकासँग (प्रजातान्त्रिक राजनीतिक प्रक्रियाबाट प्राप्त) अधिकार र स्वविवेक निहित छ भन्ने कुरामा दुइमत छैन । तर यस प्रतिवेदनमा सुझाव गरिएका सबै उपायहरू नेपालका सन्धिजनित अन्तर्राष्ट्रिय दायित्व र विशेषज्ञ निकायहरूले गरेका सिफारिसहरूको आधारमा तयार पारिएको हो । त्यसकारण यस प्रस्तावित विधेयकलाई अक्षरसः पालन गर्नु जरुरी नभएता पनि माथि उल्लिखित दायित्वहरू पूरा गर्नु व्यवस्थापिकाको नैतिक अभिभारा हो । यदि व्यवस्थापिकाले आफ्नो कर्तव्य निर्वाह गर्ने हो भने अब निमार्ण गर्ने कानूनमा विभिन्न विज्ञहरू र संस्थाहरूले अत्यन्त गहनतापूर्वक अध्ययन र विश्लेषणबाट तयार पारेको यस मस्यौदा विधेयकमा समावेश गरिएका प्रावधानहरूलाई आत्मसात गर्नैपर्छ ।

यातनालाई निषेध गर्ने कानून लागू गर्ने कार्य नेपालको इतिहासमा एउटा कोशेढुङ्गानै साबित हुनेछ तथा यसले सरकार र गैरसरकारी संस्थाहरूबीच सहकारिताको एउटा नयाँ युगको सुरुआत गर्नेछ, मानवअधिकार संरक्षणमा बढोत्तरी आउनेछ र एक दरिलो, पारदर्शी कानूनी प्रणालीको स्थापना हुनेछ भन्ने हाम्रो विश्वास रहेको छ । हुन त यी प्रक्रियाहरू बिस्तारै विकसित हुँदै जाने कुरा हुन् तर यिनको स्रोत भने नेपालको फौजदारी न्याय प्रणालीमा हालसम्म सम्बोधन हुन बाँकी रहेका धेरै आपराधिक क्रियाकलापहरूका विरुद्ध एक बृहत् र सशक्त कानून निर्माण गरी कार्यान्वयन गर्ने जमर्को नै हो । नेपालमा मानवअधिकार संरक्षण र प्रबर्द्धनका निम्ति व्यवस्थापिकाले एक दरि लो आधारभूमि तयार पार्नेछ र भविष्यमा हामीहरूसँग निरन्तर परामर्श र सहयोगको आदानप्रदान गर्नेछ भन्ने कुर ामा हामी आशावादी रहेका छौं ।

## परिशिष्ट–क

## यातना निषेधसम्बन्धी विधेयक- २०६६

**प्रस्तावना**

मानवीय मर्यादा नै मानव समाजको सर्वोत्तम मूल्य भएको यथार्थलाई मनन गर्दै,

मे १४, १९९१ मा नेपालले अनुमोदन गरेपश्चात नेपाली कानूनको अंगको रूपमा रहेको यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिलाई दृष्टिगत गर्दै,

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय दिने सबै कार्य रोकथाम गर्नु, र यातनाका सबै कार्यमा जवाफदेहीता र हर्जाना सुनिश्चित गर्न प्रभावकारी कानूनी, प्रशासनिक, न्यायिक, र अन्य प्रावधानहरू लागू गर्नु यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिका सबै पक्षराष्ट्रहरूको आधारभूत कर्तव्य र दायित्व हो भन्ने कुरा मनन गर्दै,

समाजलाई यातनारहित तुल्याउनु आधारभूत आवश्यकता भएको तथा सो सम्भव तुल्याउन सबै नागरिक र सार्वजनिक अधिकारीहरूको सहकार्य आवश्यक रहेको तथ्यलाई स्वीकार्दै,

यातना पीडितहरूलाई मर्यादित र सम्मानजनक रूपमा व्यवहार गरिनेछ भन्ने तथा न्यायिक प्रक्रियाको पूरा अवधिमा उनीहरूको सुरक्षा, संरक्षण र सहभागिता हुन्छ भन्ने सुनिश्चित गर्नु नितान्त आवश्यक भएको कुरा ध्यानमा राख्दै,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यो ऐनको नाम “यातना निषेध ऐन, २००९ (२०६६)” रहेको छ ।

(२) यो ऐन राष्ट्रपतिबाट हस्ताक्षरित भएपछि प्रारम्भ हुनेछ ।

## २. परिभाषा

"विषय वा प्रसङ्ग" ले अन्य अर्थ नलागेमा, यस ऐनमा –

(१) "थुनुवा" भन्नाले वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गराइएको व्यक्तिलाई सम्झनु पर्छ।

(२) "थुना" भन्नाले व्यक्तिलाई थुनुवा बनाई राखिएको अवस्थालाई जनाउँछ।

(३) "थुनास्थल" भन्नाले दफा २(७) मा परिभाषित गरिएअनुरूपको "व्यक्ति" लाई दफा २(१) मा परिभाषित गरिएअनुरूप "थुनुवा" बनाई राखिएको जुनसुकै स्थानलाई जनाउँछ।

(४) पीडितको "पारिवारिक सहयात्री" भन्नाले पीडितसँगै बसोबास गर्ने र दीर्घकालीनरूपमा आत्मीय सम्बन्ध राख्ने व्यक्ति (श्रीमती नै हुनु जरुरी छैन) लाई बुझ्नु पर्छ।

(५) "स्वास्थ्य जाँच" भन्नाले थुनुवाको पूर्ण शारीरिक र मानसिक परीक्षणलाई जनाउँछ।

(६) "चिकित्सक" भन्नाले नेपाल मेडिकल काउन्सिलबाट मान्यता प्राप्त चिकित्सक वा स्वास्थ्य व्यवसायी परिषद्बाट मान्यता प्राप्त स्वास्थ्यकर्मीलाई सम्झनु पर्छ।

(७) "व्यक्ति" भन्नाले धर्म, जाति, जनजातीयता, लिङ्ग, यौन, आस्था, राजनीतिक सम्बद्धता वा नागरिकता आदिको आधारमा कुनै भेदभाव नराखी सबै मानव व्यक्तिलाई बुझ्नु पर्छ।

(८) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनमा वा यस ऐनअन्तर्गत बनेको नियमवलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्छ।

(९) "सार्वजनिक अधिकारी" भन्नाले संविधान, अन्य कानून वा निर्णय, वा नेपाल सरकारको कुनै निकायको आदेशअनुसार अधिकार प्रयोग गर्ने वा निश्चित कर्तव्य र दायित्व बहन गर्नुपर्ने अभिभारा बोकेका सार्वजनिक सेवामा रहेका अधिकारीलाई जनाउँछ। यस शब्दावलीले विशेष रूपमा नेपाल आर्मी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, वन रक्षक, वा वन्यजन्तु आरक्षणमा काम गर्ने तथा बहाल रहेका वा अवकाश प्राप्त अधिकारी वा कर्मचारीका साथै सार्वजनिक हैसियतमा कार्य गर्ने जो कोही व्यक्तिलाई जनाउँछ, तर यस शब्दावलीले उल्लिखित अधिकारीलाई मात्रै जनाउने गरी सीमित व्याख्या गरिने छैन।।

(१०) "पुनर्लाभ" भन्नाले पीडितलाई राज्य वा पीडकले दिनुपर्ने प्रत्यस्थापन, क्षतिपूर्ति, पुनःस्थापना, मानसिक सन्तुष्टी, र यातना पुनरोक्ती नहुने प्रत्याभूतिलाई जनाउँछ।

(११) "यातना" भन्नाले सार्वजनिक अधिकारी वा अधिकारीहरूले, वा सार्वजनिक अधिकारीले सँगै मिलेर काम गर्ने वा मौन सहमति जनाउने अन्य कुनै पनि व्यक्तिले पीडित स्वयंबाट वा तेस्रो व्यक्तिबाट साबिती वा सूचना प्राप्त गर्न, पीडित वा तेस्रो व्यक्तिले कसूर गरेबापत वा कसूर गरेको आशंकामा सजाय गर्न, वा पीडित वा तेस्रो व्यक्तिलाई कुनै प्रकारको विभेदमा आधारित कारणबाट थुनामा रहेका वा अन्य कुनै रितले नियन्त्रणमा रहेका व्यक्तिलाई जानाजान गम्भीर शारीरिक वा मानसिक पीडा वा कष्ट पुऱ्याउने कार्यलाई बुझ्नु पर्छ।

(१२) क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय भन्नाले निम्न कुरालाई जनाउछ :

(क) दफा २(१३) वा (१४) मा उल्लिखित दफा २(११) को जुनसुकै उद्देश्यका लागि गरिएका कार्यहरू, वा

(ख) दफा २(११) मा उल्लेख भए जस्तो गम्भीर पीडा वा कष्ट उत्पन्न नभए पनि पीडा र कष्ट उत्पन्न गर्ने सबै कार्यहरू

(१२) शारीरिक यातना भन्नाले विशेष गरी निम्न अनुसारका कार्यलाई जनाउँछ, (तर शारीरिक यातनाले उल्लिखित कार्यहरूलाई मात्रै जनाउने गरी सीमित व्यख्या गरिने छैन) :

(क) सुनियोजित ढंगबाट कुटपिट गर्ने, टाउको ठोक्काई दिने, मुड्कीले हान्ने, लात्तले हान्ने, लाठी वा बन्दुकको कुन्दाले हिर्काउने वा व्यक्तिको शरीरमा उफ्रने वा हिँड्ने

(ख) खाना र पानी नदिने, वा सडेगलेको खाना र पानी, वा जन्तु वा मान्छेको मलमूत्र, रक्सी वा अन्य हानीकारक बस्तु जबरजस्ती सेवन गराउने

(ग) विद्युतीय झड्का लगाउने

(घ) सिगरेटले पोल्ने, तातो रडले डाम्ने, तातो तेल खन्याउने, वा तेजाब खन्याउने

(ङ) पानीमा डुबाउने, वा निसासिने गरी टाउको पानीमा चोबल्ने

(च) बाँध्ने, झुण्ड्याउने, वा हलचल गर्न नमिल्ने गरी वा तनावपूर्ण शारीरिक आसनमा रहन बाध्य पार्ने

(छ) यौनअंग वा मलद्वारमा बाह्य बस्तु छिराउने, वा यौनाङ्ग, स्तनको मुन्टा, स्तन वा मलद्वारमा करेन्ट लगाउने लगायतका बलात्कार र अन्य कुनै पनि प्रकारका यौन दूर्व्यवहार

(ज) शरीरको कुनै पनि अंग छेदन गर्ने

(झ) जबरजस्ती दाँत उखेल्ने

(ञ) अति गर्मी वा जाडो, जन्तु वा किरा जस्ता हानिकारक तत्वमाझ राख्ने

(ट) निसासिने गरी हावा रोक्ने प्लास्टिकको झोला वा अन्य बस्तुले टाउको छोप्ने लगायतका कार्य गरी श्वासप्रश्वास अवरोध गर्ने

(१३) मानसिक यातना भन्नाले विशेषगरी निम्न अनुसारका कार्यलाई जनाउँछ, (तर मानसिक यातनाले उल्लिखित कार्यलाई मात्रै जनाउने गरी सीमित व्याख्या गरिने छैन) :

(क) आँखामा पट्टी बाँध्ने

(ख) थुनुवालाई वा थुनुवाका परिवारका सदस्य वा साथीलाई ज्यान मार्ने, बलात्कार वा दूर्व्यवहार गर्ने, वा अन्य गम्भीर चोट पुऱ्याउने धम्की दिने

(ग) जबरजस्ती र लामो समयसम्म एकान्त थुनाकक्षमा राख्ने

(घ) अत्यन्तै लामो केरकार गर्ने

(ङ) मार्न लैजादैछन् भन्ने विश्वास पैदा हुने किसिमले अचानक र स्वेच्छाचारी ढंगले एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गर्ने

(च) आफ्नो धर्म वा आस्था प्रतिकूल कार्य गर्न लगाउने, जस्तै निर्वस्त्र हुन बाध्य पारेर व्यक्तिको आत्मसम्मान गिराउने

(१४) "पीडित" भन्नाले यातना दिइएको व्यक्तिलाई सम्झनु पर्छ। "पीडित" भन्नाले प्रत्यक्ष पीडितमाथि गरिएको गैरकानूनी व्यवहारको कारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हानी वा तनाव भोगेको हदसम्म पीडितको आफ्नै परिवार, आश्रित वा घरायसी सहयात्रीलाई पनि बुझ्नु पर्छ। यसका अतिरिक्त, यस शब्दावलीले पीडितलाई सहायता दिलाउने क्रममा वा पीडा दिँदै गरेको अवस्थामा हस्तक्षेप गर्दा हानी पुगेका अन्य व्यक्तिलाई पनि जनाउँछ।

## ३. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायमा निषेध

(१) कसैले कसैलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय दिनु हुँदैन। यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय यस ऐनअनुसार दण्डनीय अपराध हुनेछ।

(२) निम्न कार्य गर्ने व्यक्तिले फौजदारी दायित्व बहन गनुपर्ने साथै यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको कसूरमा सजायको भागीदार हुनुपर्नेछ:

(क) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय दिएमा, वा

(ख) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय दिने उद्योग गरेमा, वा

(ग) अर्को पक्षसँग मिलेर संयुक्तरूपमा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय दिएमा वा सो उद्योग गरेमा, वा

(घ) अर्को व्यक्तिमार्फत यातना तथा  क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय दिएमा वा यातना दिने उद्योग गरेमा, उक्त अर्को व्यक्तिले फौजदारी दायित्व बहन गर्नु परे वा नपरे पनि, वा

(ङ) अर्को पक्षलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय दिन आदेश दिएमा, उक्साएमा, अभिप्रेरित गरेमा, कुनै व्यहोराले कसूरमा सहभागि भएमा वा सो को उद्योग गरेमा, वा

(च) सार्वजनिक अधिकारी वा सार्वजनिक हैसियतमा काम गर्ने कुनै व्यक्तिको निर्देशन, सुपरिवेक्षण, आदेश वा इच्छामा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय दिने कार्य गरेमा वा यातनाको उद्योग गरेमा

(३) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको औचित्य पुष्टि गर्न युद्ध वा युद्धको त्रास, राष्ट्रकै अस्तित्व जोखिममा पार्ने राष्ट्रिय संकट, आतंकवाद, आन्तरिक राजनीतिक अस्थिरता वा सशस्त्र द्वन्द्व, दंगा वा अन्य प्रकारका सार्वजनिक संकटकाल जस्ता कुनै पनि परिस्थितिको जिकिर लिन पाइने छैन । यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको कसूरमा यस्ता परिस्थितिलाई कानूनी प्रतिरक्षाको आधार मानिने छैन ।

(क) यातनाको औचित्यपुष्टि गर्न उच्चपदस्थ अधिकारी वा उच्च निकायको आदेशको जिकिर लिन पाइनेछैन

(४) कुनै पनि व्यक्तिलाई निजको पद, हैसियत वा अन्य कुनै पनि कारणबाट यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको अनुसन्धान र अभियोजनबाट उन्मुक्ति प्राप्त हुने छैन ।

## ४. स्वास्थ्य जाँच अभिलेखीकरण

(१) व्यक्तिलाई थुनामा राखिएको अवस्थामा निजलाई यस ऐनअनुसार स्वास्थ्य जाँच उपलब्ध गराउनु पर्नेछ ।

(२) सबै स्वास्थ्य जाँच नेपाल मेडिकल काउन्सिल र स्वास्थ्य व्यवसायी परिषद्ले निर्धारण गरेको मापदण्ड अनुरूप र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको प्रभावकारी अनुसन्धान एवं अभिलेखीकरणसम्बन्धी निर्देशिका (द "ईस्तानबुल प्रोटोकल") र संयुक्त राष्ट्रसंघीय महासभाद्वारा ग्रहण गरिएको प्रस्ताव नं ३७/१९४ जस्ता अन्तर्राष्ट्रिय मापदण्डसँग मेल खाने किसिमको हुनुपर्छ र यस्ता जाँचले थुनुवाबन्दीको शारीरिक तथा मानसिक अवस्थालाई, विशेषगरी सम्भावित यातनाको प्रमाणलाई, प्रस्ट ढंगले अभिलेखीकरण गर्नुपर्ने छ ।

(३) व्यक्तिलाई थुनामा राख्नासाथ तत्काल चिकित्सकद्वारा निजको स्वास्थ्य जाँच गराइने छ । तत्पश्चात् नियमित रूपमा र आवश्यकता परेको बखत स्वास्थ्य जाँच, चिकित्सा सेवा र उपचार उपलब्ध गराइने छ । बिरामी थुनुवाहरू, बिरामी भएको, चोटपटक लागेको वा दूर्व्यवहार भएको बताउने तथा चिकित्सकको विशेष निगरानीमा रहेका बिरामीहरूको दैनिक जाँच गराइने छ । रिहा हुँदा वा एउटा थुनास्थलबाट अर्को थुनास्थलमा स्थानान्तरण गरिदा अन्तिम पटक थुनुवाको स्वास्थ्य जाँच गराइने छ । यस ऐनअन्तर्गत उपलब्ध गराइने स्वास्थ्य जाँच, चिकित्सा सेवा र उपचार निःशुल्क हुनेछ ।

(४) थुनुवा र निजको वकिललाई स्वतन्त्र चिकित्सकबाट थुनुवाको दोस्रो स्वास्थ्य परीक्षण गराई पाउन वा चिकित्सा राय पाउनका लागि थुनुवालाई न्यायिक हिरासतमा राख्न अनुमती दिने अदालत समक्ष

अनुरोध गर्ने र त्यस्तो चिकित्सक नियुक्त गर्ने अधिकार हुनेछ । यसका अलावा, सक्षम अदालतले स्वतन्त्र चिकित्सा जाँच वा रायको लागि आदेश गर्न सक्नेछ, जुन निःशुल्क पनि हुनेछ ।

(५) स्वास्थ्य जाँचको समयमा थुनुवा वा चिकित्सकले स्पष्टरूपमा सार्वजनिक अधिकारीको उपस्थिति अनुरोध गरेको अवस्थामा बाहेक सबै स्वास्थ्य जाँच गोप्यरूपमा गरिनुपर्छ । थुना अधिकारीहरू र अन्य सबै सार्वजनिक अधिकारीहरूले डाक्टर र बिरामी बीचको गोपनीयताको पूर्ण सम्मान गर्ने छन् ।

(६) थुनुवाले स्वास्थ्य जाँच प्राप्त गरेको तथ्य, चिकित्सकको नाम, स्वास्थ्य जाँचको समयमा उपस्थित अन्य व्यक्तिहरू र उक्त जाँचको नतिजा समेतको उचित ढंगले अभिलेख राखिनेछ । थुनुवा वा निजको वकिलले अनुरोध गरेको खण्डमा सक्षम सार्वजनिक अधिकारीले उक्त अभिलेखको एक प्रति उपलब्ध गराउनु पर्नेछ ।

(७) कानून सम्मत पक्राउ पछि म्यादथपका निम्ति थुनुवालाई अदालतमा उपस्थित गराइदा अदालतले दफा ४(६) बमोजिम गरिएको निजको स्वास्थ्य जाँचको खाम बन्दी प्रतिवेदन बुझी सुरक्षित राख्ने छ र उक्त अभिलेखलाई अभियोग-पत्र दायर भएपछि मुद्दाको मिसिलमा संलग्न गर्नेछ ।

(८) थुनुवालाई यातना दिइएको छ भन्ने विश्वास गर्न सकिने मनासिब कारण भएमा थुनुवा आफैले वा निजको परिवारका अन्य सदस्य, वा पारिवारिक सहयात्री, अभिभावक, वा अधिकार प्राप्त प्रतिनिधि वा वकिलले तत्काल स्वास्थ्य जाँचको आदेश माग गर्दै सक्षम जिल्ला अदालतसमक्ष निवेदन गर्न सक्ने छन् । यस्तो आदेश भएमा चिकित्सकलाई अदालतले सो स्वास्थ्य जाँचको निष्कर्ष सोझै अदालतमा पेश गर्न वा आवश्यक भएमा राष्ट्रिय मानवअधिकार आयोग समक्षसमेत पठाउन आदेश गर्न सक्नेछ ।

(९) थुनुवालाई थुनामा राख्ने सार्वजनिक अधिकारीले जानाजान यस ऐन अनुरूपको स्वास्थ्य जाँच उपलब्ध नगराएमा, निजलाई यस ऐनको दफा ७(१)(च) अनुसार दण्ड गरिनेछ । यस ऐनमा गरिएको स्वास्थ्य जाँचसम्बन्धी व्यवस्था सार्वजनिक अधिकारीले पालना नगरेमा निजले आफूले इमानदारीपूर्वक कार्य गर्दागर्दै पनि पालना गर्न असमर्थ भएको प्रमाणित नगरेसम्म जानाजान पालना नगरेको अनुमान गरिनेछ ।

## ५. अनुसन्धान र कार्यविधि

(१) पीडित आफैद्वारा वा निजका हकमा अन्य कुनै व्यक्ति वा संस्थाले उजुरी दायर गरेपश्चात, वा जिल्ला सरकारी वकिल वा सक्षम न्यायाधीशको आफ्नै पहलमा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको अभियोग सम्बन्धमा अनुसन्धान अघि बढाइनेछ ।

(२) मनासिब आधार भएका सबै अवस्थामा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायमा संलग्न व्यक्तिहरू विरुद्ध अनुसन्धान तथा अभियोजन गर्नु नेपाल सरकारको कर्तव्य हुनेछ ।

(क) आफ्नो क्षेत्राधिकार लागू हुने जुनसुकै स्थान वा नेपालमा दर्ता भएको हवाईजहाजमा घटेको यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायसम्बन्धी आरोपित कसूरमा नेपाली नागरीक पीडित वा पीडकको रूपमा रहेको अवस्था भएमा त्यस्ता घटना उपर आफ्नो क्षेत्राधिकार लागू गर्न आवश्यक उपाय नेपाल सरकारले अवलम्बन गर्नेछ। आरोपित पीडक नेपालको क्षेत्राधिकार लागू हुने जुन सुकै स्थानमा उपस्थित रहेको अवस्था भएमा निज उपर यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायसम्बन्धी कसूरको आरोपमा क्षेत्राधिकार लागू गर्न आवश्यक व्यवस्था नेपाल सरकारले गर्नेछ।

(३) जिल्ला सरकारी वकिलले कसूर भएको हुन सक्ने सूचना प्राप्त गरेमा वा यस ऐनअनुसार कसूर हुने वारदात भएको मनासिब आधार प्राप्त गरेमा निजले पदीय हैसियतबाट अनुसन्धान सुरु गर्नु पर्नेछ।

(४) सबै थुनुवाहरूलाई थुनामा राख्ने प्रक्रिया चलाउँदा निजलाई यातना विरुद्ध उजुरी गर्न पाउने अधिकार रहेको तथा उक्त उजुरी गर्ने प्रक्रियाको बारेमा जानकारी दिइनेछ।

(५) यातनासम्बन्धी उजुरी थुनाकेन्द्र प्रमुख, थुनाकेन्द्र अनुगमन गर्ने अन्य निकाय, राष्ट्रिय मानवअधिकार आयोग, थुनाको वैधानिकता पुनरावलोकन गर्ने सक्षम न्यायाधीश, वा सोझै जिल्ला सरकारी वकिलसमक्ष मौखिक वा लिखितरूपमा दायर गर्न सकिनेछ।

(६) यातनाको सम्बन्धी उजुरी दायर गर्न, अनुसन्धान र अभियोजन गर्न तथा यातनाको दाबी प्रमाणित भएका मुद्दामा पीडितले पुनर्लाभ प्राप्त गर्न समेतमा कुनै किसिमको हदम्याद लाग्ने छैन।

(७) जुनसुकै निकायले उजुरी प्राप्त गरेको भएता पनि यातनासम्बन्धी प्राप्त उजुरीलाई तत्काल जिल्ला सरकारी वकिल समक्ष पठाउनेछ। जिल्ला सरकारी वकिलले यातनासम्बन्धी उजुरी सम्बन्ध उजुरी प्राप्त भएको मिति, उजुरीको प्रकृति तथा उजुरी सम्बन्धमा भएका प्रगति उल्लेख गरी एक पुस्तिका खडा गर्नेछन्। उक्त पुस्तिकाका तथ्याङ्क महान्यायाधिवक्ताले वार्षिकरूपमा प्रतिवेदनमार्फत सार्वजनिक गरी वितरण गर्नेछन्।

(८) कुनै थुनुवा थुनास्थलभित्रै अंगभंग भएमा वा थुनुवालाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय दिएको प्रमाण वा सूचना फेला परेमा वा थुनुवाको मृत्यु भएमा थुनास्थलका अधिकारीहरूले तत्काल जिल्ला सरकारी वकिल कार्यालय र राष्ट्रिय मानवअधिकार आयोगलाई सुचित गर्नेछन्।

(९) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायसम्बन्धी सूचनाप्राप्त हुनासाथ वा यातना दिइएको भन्ने मनासिब आधार भएका अवस्थामा जिल्ला सरकारी वकिलले अनुसन्धान सुरु गर्नेछन्। तत्काल, पूर्ण र निष्पक्षरूपमा अनुसन्धान गर्ने दायित्व जिल्ला सरकारी वकिलको हुनेछ।

(क) यातना दिने कार्य भयो भन्ने मनासिब आधार भएमा उजुरी नपरेको अवस्थामा समेत पदीय हैसियतले अनुसन्धान सुरु गर्नु जिल्ला सरकारी वकिल र अन्य सक्षम अधिकारीको कर्तव्य हुनेछ।

(१०) जिल्ला सरकारी वकिलले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायका सबै अनुसन्धानका सम्बन्धमा नियमितरूपमा महान्यायाधिवक्तालाई जानकारी गराउने छन् । आफूले अनुसन्धान गरिरहेको यातना मुद्दामा अुनसन्धानको निष्पक्षतामा असर पुऱ्याउने किसिले चाखहरू बाझिएको देखिन आएमा वा सो हुन सक्ने शंका लागेमा जिल्ला सरकारी वकिलले तत्काल महान्यायाधिवक्तालाई यस सम्बन्धमा परामर्श दिनुपर्नेछ । अनुसन्धानकर्ताको चाख बाझिएको पाइएमा महान्यायाधिवक्ताले यातनाको अनुसन्धानलाई निरन्तरता दिन तत्कालै अर्को अनुसन्धान अधिकारी तोक्नेछन् ।

(११) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायका घटनाहरूको अनुसन्धान र अभियोजन गर्दा जिल्ला सरकारी वकिल वा अन्य सक्षम निकायले घटनाका सम्भावित सबै साक्षीहरू र सबै सम्भव स्रोतहरूबाट प्राप्त गर्न सकिने कागजात एवं अन्य प्रमाणहरूलाई ध्यानमा राख्दै घटनासँग सम्बन्धित सत्यतथ्यको पूर्ण र विस्तृत छानबिन गर्नुपर्नेछ ।

(१२) जिल्ला सरकारी वकिलले पूर्ण र विस्तृत अनुसन्धान र अभियोजन गर्न आवश्यक परेमा अनुसन्धान र अभियोजनका विज्ञहरूबाट सहायता माग्न र लिन सक्नेछन् ।

(१३) अनुसन्धान प्रयोजनको लागि जिल्ला सरकारी वकिल वा अन्य सक्षम अनुसन्धान अधिकारीले प्रचलित नेपाल कानूनमा नेपाल प्रहरीले प्रयोग गर्न पाउने गरी व्यवस्था भएका हिरासतका अभिलेखमा पहुँच, साक्षीलाई सोधपुछ गर्ने वा बयानका लिने, र अनुसन्धानसँग सम्बन्धित सबै सामग्री र सूचनामा पहुँच प्राप्न गर्ने लगायतका सम्पूर्ण अधिकार प्रयोग गर्नेछन् ।

(१४) थुनुवाको मृत्यु वा थुनुवालाई लागेको चोटपटक यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको परिणाम नभएको पुष्टि गर्ने प्रमाणको भार थुनामा राख्ने अधिकारीमा रहने छ ।

(१५) यातनाको उजुरी सम्बन्धमा गरिएको अनुसन्धानमा प्राप्त प्रमाणबाट अपराध भएको देखाएमा जिल्ला सरकारी वकिलले अभियोग-पत्र तयार गरी वादी नेपाल सरकारका तर्फबाट जिल्ला अदालत समक्ष सार्वजनिक फौजदारी मुद्दा दायर गरी अभियोजन गर्नेछन् ।

(१६) अनुसन्धानमा प्राप्त प्रमाणबाट अपराध भएको नदेखिएमा यस ऐन वा प्रचलित नेपाल कानूनअन्तर्गत उक्त घटनालाई सार्वजनिक मुद्दाको रूपमा अभियोजन गर्न नसकिने भनी महान्यायाधिवक्ताले निर्णय गर्न सक्नेछन् । सरकारी वकिलले मुद्दा चलाउन नसक्ने भनी निर्णय भएको अवस्थामा, महान्यायाधिवक्ताले जिल्ला सरकारी वकिललाई जानकारी दिनेछन् । सो निर्णयको ५ दिनभित्र पीडितलाई वा पीडितको मृत्यु भइसकेको वा निज अपाङ्ग भएको अवस्था भएमा निजका परिवारका सदस्यहरू, पारिवारिक सहयात्री, अभिभावक, अधिकारप्राप्त प्रतिनिधि वा आश्रित सदस्य, र निजको वकिललाई महान्यायाधिवक्ताको निर्णयको जानकारी गराउने छन् ।

(१७) पीडित आफैले वा पीडितको मृत्यु भइसकेको वा पीडित अपाङ्ग रहेको अवस्थामा निजको परिवारका सदस्यहरू, पारिवारिक सहयात्री, अभिभावक, अख्तियारप्राप्त प्रतिनिधि वा आश्रित सदस्य, र निजको वकिलले महान्यायाधिवक्ताले सार्वजनिक मुद्दाको रूपमा अभियोजन गर्न नसकिने भनी गरेको निर्णयको

विरुद्ध सम्बन्धित पुनरावेदन अदालमा पुनरावेदन गर्न सक्नेछन् । यस्तो पुनरावेदन महान्यायाधिवक्ताको निर्णयको जानकारी पाएको ३५ दिनभित्र दायर गरिसक्नु पर्नेछ ।

(१८) यदि महान्यायाधिवक्ताले दफा ५(१६) अनुरूप सार्वजनिक मुद्दाको रूपमा मुद्दा दायर गर्न नमिल्ने भनी निर्णय गरेको भए, पीडित आफैले वा पीडितको मृत्यु भइसकेको वा पीडित अपाङ्ग रहेको अवस्थामा निजको हकमा निजको परिवारका सदस्यहरू, पारिवारिक सहयात्री, अभिभावक, अख्तियारप्राप्त प्रतिनिधि वा आश्रित सदस्यहरूले वादीको रूपमा जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्नेछन् ।

(क) यस उपदफाअन्तर्गत यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायसम्बन्धी मुद्दा दुनियावादी फौजदारी मुद्दामा परिवर्तन भएकै कारणले मुद्दाको रोहमा लागू हुने कार्यविधिलाई असर पार्ने छैन ।

(१९) यातनासम्बन्धी मुद्दामा मुद्दाका पक्षलाई कानूनी सहायता ऐन, १९९७ मा तोकिएबमोजिम कानूनी सहायता उपलब्ध हुनेछ ।

(२०) दफा ५(१८) बमोजिम दुनियावादी फौजदारी मुद्दाका रूपमा मुद्दा दायर गरिएको अवस्थामा बाहेक, यस ऐनअन्तर्गत दायर गरिएका यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायका सबै मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

(क) नेपाल सरकारले वादीको रूपमा पीडितको प्रतिनिधित्व गर्दा आफ्नो हितको उचित प्रतिनिधित्व नेपाल सरकारले नगरेको भन्ने यातना पीडितलाई लागेमा मुद्दा जुनसुकै चरणमा रहेको भए पनि पीडित आफैले वादीको रूपमा मुद्दा सकार गर्न सक्नेछन् र यसरी पीडित आफैले सकारेको मुद्दा दफा ५(१८) अनुसारको दुनियावादी फौजदारी मुद्दाका रूपमा अघि बढाइने छ ।

(२१) यस ऐनअन्तर्गत अनुसन्धान र अभियोजनलाई सहजीकरण गर्नको लागि जिल्ला सरकारी वकिल, अनुसन्धान अधिकारी, अनुसन्धान टोलीका सदस्यहरू, प्रतिरक्षा वकिलहरू, वादीका वकिलहरू, र सक्षम अदालतबाट अधिकारप्राप्त जुनसुकै व्यक्तिलाई नेपालभरी नै थुनास्थल निरीक्षण गर्ने अधिकार हुनेछ ।

(क) उपदफा २१ बमोजिम थुनास्थलको निरीक्षण र अनुगमन गर्दा सार्वजनिक अधिकारी वा थुनास्थल अधिकारीको अनुमति लिनुपर्ने छैन ।

(ख) यस ऐनबमोजिम थुनास्थल अनुगमन र निरीक्षण गर्न अख्तियार प्राप्त व्यक्तिहरूलाई थुनास्थल अनुगमन र निरीक्षण गर्न रोक लगाउने सार्वजनिक अधिकारी दफा ७ उपदफा १(च) बमोजिम सजायको भागिदार हुनेछ ।

(२२) पीडित, निजको वकिल, वा पीडितको मृत्यु भइसकेको वा पीडित अपाङ्ग रहेको अवस्था भएमा निजको परिवारका सदस्यहरू वा पारिवारिक सहयात्री, अभिभावक, अख्तियारप्राप्त प्रतिनिधि वा आश्रित सदस्यहरूलाई अनुसन्धानमा भएको प्रगतिको सम्बन्धमा नियमित रूपमा सूचना प्रदान गरिनु पर्छ । पीडित वा निजको वकिललाई प्रत्येक ३० दिनमा कम्तिमा एक पटक अनुसन्धान प्रगतिसम्बन्धी लिखित प्रतिवेदन पठाइने छ ।

(२३) साक्षीको संरक्षण

(क) यस ऐनअन्तर्गतको मागदाबी उपर सुनुवाइ गर्दा पीडितलाई वादीको साक्षीको रूपमा लिइने छ ।

(ख) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायका पीडित र साक्षीहरूलाई दफा ५(२३)(ग) मा व्यवस्था भएबमोजिम संरक्षण प्रदान गरिनेछ ।

(ग) पीडित, साक्षी, पीडितको वकिल, निजहरूका आफन्त वा यस ऐनअन्तर्गत मुद्दा प्रक्रिया अघि बढाएकै कारणबाट जोखिममा परेका जो कोहीलाई अनुसन्धान हुनुअघि, अनुसन्धानको क्रममा वा अनुसन्धान भएपछि पनि, र संरक्षण गनुपर्ने आवश्यकता रहुञ्जेलसम्म व्यक्तिगत सुरक्षा र संरक्षण प्रदान गर्न उपयुक्त कदम चाल्ने अधिकार एवं दायित्व महान्यायाधिवक्ताको कार्यालयको हुनेछ । महान्यायाधिवक्ताबाट यस्तो संरक्षणको लागि कुनै आदेश भएको छैन भने पीडित वा यातनासम्बन्धी कुनै कारवाही अघि बढाएकै कारणले जोखिममा परेका जो कोहीले संरक्षण माग गर्दै अदालतमा निवेदन दिन सक्नेछन् ।

(२४)स्वतः निलम्बन र अनुशासनात्मक कारवाही :

यस ऐनअन्तर्गत कुनै अनुसन्धान प्रारम्भ हुने बित्तिकै

(क) यस ऐनअन्तर्गत कसूर गरेको आरोपमा अनुसन्धानको कारवाही सुरु हुने बित्तिकै बहाल रहेका कुनै पनि आरोपित सार्वजनिक अधिकारी स्वतः आफ्नो पदबाट निलम्बन हुनेछन् । यस्तो निलम्बन मुद्दाको अन्तिम फैसला नआउन्जेलसम्म लागू रहनेछ ।

(ख) यस ऐनअन्तर्गत कसूर गरेको अभियोग लागेको सार्वजनिक अधिकारीलाई पूपर्क्ष भरी निलम्बन गरिने छ र निज विरुद्ध उचित ढंगले अभियोजन गरिने छ ।

(२५) अभियोजन र पुनर्लाभमा हदम्याद नलाग्ने

(क) यस ऐनअन्तर्गत अनुसन्धान र अभियोजन गर्न कुनै हदम्याद लागू हुने छैन ।

(ख) यस ऐनअन्तर्गत यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको प्रारम्भिक उजुरी र अन्तरिम राहतको दाबी लगायतका जाहेरी दायर गर्न एवं मागदाबी गर्न कुनै हदम्याद लागू हुने छैन ।

(ग) पीडित वा अन्य कुनै पनि व्यक्तिलाई नेपाल कानूनअन्तर्गत पुनर्लाभ प्राप्त गर्ने अधिकार भएमा यस ऐनका कुनै पनि व्यवस्थाले त्यस्तो पुनर्लाभ प्राप्त गर्न रोक लगाएको मानिने छैन ।

(२६) यस ऐनअन्तर्गत हुने अनुसन्धान, अभियोजन, र मागदाबीको सुनुवाइ अन्य कार्यविधि प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

## ६. सजाय

(१) यस ऐनअन्तर्गत यातनाको कसूरमा दोषी ठहर भएका सार्वजनिक अधिकारीहरूलाई यस दफामा उल्लिखित व्यवस्थाअनुसार सजाय गरिनेछ ।

(२) यस ऐनको दफा २(११) मा परिभाषित भएबमोजिम यातनाको कसूरमा दोषी ठहर भएका सार्वजनिक अधिकारीहरूलाई देहाय बमोजिम सजाय हुनेछ ।

(क) यातना पीडितको मृत्यु भएको भएमा २० वर्ष कैद,

(ख) यातना पीडित सधैंका निम्ति अपाङ्ग भएको वा अंगभंग भएको भएमा १० देखि २० वर्ष सम्म कैद,

(ग) यातना पीडितलाई जबरजस्ती करणी वा यौन दूर्व्यवहार गरिएको भए १० देखि २० वर्ष सम्म कैद,

(घ) अन्य अवस्थाको यातनाको कसूरमा कसूरको गम्भीरताका आधारमा कम्तिमा ३ वर्ष देखि बढीमा २० वर्ष कैद,

(३) यस ऐनको दफा ६(२)(घ) बमोजिम सजाय गर्दा निम्न आधारहरूलाई समेत विचार गरी यातनाले पीडितलाई पुग्न गएको क्षतिसँग सजाय समानुपातिक हुने गरी सजाय तोकिनेछ ।

(क) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारको विधि, समयावधि तथा क्रूरता

(ख) पीडितले सहनु परेको शारीरिक तथा मानसिक पीडाको गम्भीरता र उक्त पीडा कति समयसम्म पीडितले सहन गर्नु पऱ्यो भन्ने कुरा

(ग) कसूरदार कसूरको वारदातमा आफै संलग्न थियो वा निजले वारदातका निम्ति दुरुत्साहन मात्रै प्रदान गरेको थियो भन्ने कुरा, र

(घ) हरेक कसूरदारको कसूरमा के कति संलग्नता थियो भन्ने पुष्टि गर्ने अन्य तत्व वा परिस्थिति,

(४) यस ऐनको दफा २(१२) मा परिभाषित गरिएको क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको कसूरमा कसूरदार ठहर हुने सार्वजनिक अधिकारीलाई देहायबमोजिम सजाय हुनेछ ।

(क) पीडितलाई पुग्न गएको क्षतिका आधारमा कम्तिमा ६ महिना देखि अधिकतम १० वर्ष कैद,

(५) यस ऐनको दफा ६(४)(क) बमोजिम सजाय गर्दा निम्न आधारहरूलाई समेत विचार गरी पीडितलाई पुग्न गएको क्षतिसँग सजाय समानुपातिक हुने गरी सजाय तोकिनेछ ।

(क) क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको कसूरमा प्रयोग भएको विधि, सो कसूरको समयावधि तथा क्रूरता,

(ख) पीडितले सहनु परेको शारीरिक तथा मानसिक पीडाको गम्भीरता र उक्त पीडा कति समयसम्म पीडितले सहन गर्नु पऱ्यो भन्ने कुरा,

(ग) कसूरदार आफै कसूरको वारदातमा संलग्न थियो वा निजले वारदातका निम्ति दुरुत्साहन मात्रै प्रदान गरेको थियो भन्ने कुरा,

(घ) हरेक कसूरदारको कसूरमा के कति संलग्नता थियो भन्ने पुष्टि गर्ने अन्य तत्व वा परिस्थिति,

(६) यस ऐनको दफा ४(९) अनुसार बन्दीलाई स्वास्थ्य जाँच उपलब्ध गराउनु पर्ने व्यवस्थालाई मनसाय पूर्वक पालना नगरेको ठहर भएमा कसूरदार सार्वजनिक अधिकारीलाई न्यूनतम सजायको रूपमा निज वहाल रहेको पदबाट बर्खास्त गर्नका साथै भविष्यमा कुनै पनि सरकारी पदका निम्ति अयोग्य ठहर गरिने छ र उच्चतम सजाय हुने ठहर भएमा न्यूनतम सजायका साथै एक वर्ष सम्म कैदसमेत हुनेछ ।

(७) यस ऐनको दफा ५(२१) तथा दफा १३ मा व्यवस्था भएअनुसार अधिकारप्राप्त व्यक्तिलाई थुनास्थलमा पहुँच नदिएको आरोप पुष्टि भएमा कसूरदार सार्वजनिक अधिकारीलाई न्यूनतम सजायको रूपमा निज वहाल रहेको पदबाट बर्खास्त गर्नका साथै भविष्यमा कुनै पनि सरकारी पदका निम्ति अयोग्य ठहर गरिने छ र उच्चतम सजाय हुने ठहर भएमा न्यूनतम सजायका साथै एक वर्षसम्म कैदसमेत हुनेछ ।

## ७. पुनरावेदनको अधिकार

(१) यस ऐनअन्तर्गतको यातनासम्बन्धी मुद्दामा जिल्ला अदालतले गरेको फैसलामा चित्त नबुझ्ने वादीको रूपमा रहेको नेपाल सरकार वा पीडित आफै वा पीडित अपाङ्ग भएको वा निजको मृत्यु भइसकेको अवस्था भए पीडितका परिवार वा पारिवारिक सहयात्री, अभिभावक, अख्तियारप्राप्त प्रतिनिधि, आश्रित व्यक्तिहरू तथा प्रतिवादीले जिल्ला अदालतको निर्णयविरुद्ध पुनरावेदन दिन सक्नेछन् ।

(२) पुनरावेदन गर्ने सम्बन्धी अन्य नियम वा व्यवस्थाहरू प्रचलित नेपाल कानूनमा व्यवस्था भएबमोजिम हुनेछन् ।

## ८. क्षतिपूर्ति कोष

(१) यस ऐनअन्तर्गत यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायका पीडितलाई क्षतिपूर्ति प्रदान गर्नका लागि नेपाल सरकारले एउटा क्षतिपूर्ति कोष खडा गरी सञ्चालन गर्नेछ ।

(२) क्षतिपूर्ति कोषको समूचित व्यवस्थापनका निम्ति निम्नलिखित पदाधिकारीहरू सम्मिलित एक क्षतिपूर्ति कोष व्यवस्थापन समिति गठन गरिनेछ :

(क) कानून सचिव – संयोजक

(ख) सर्वोच्च अदालतको रजिष्ट्रारले तोकेको सह-रजिष्ट्रार – सदस्य

(ग) अर्थ मन्त्रालयको सचिवले तोकेको सह-सचिव – सदस्य

(घ) मानवअधिकार सम्बन्धी संसदीय समितिले मनोनित गरेको मानवअधिकारको क्षेत्रमा कार्यरत नागरिक समाजका एकजना – सदस्य

(३) क्षतिपूर्ति कोषमा सरकारबाट वार्षिकरूपमा विनियोजित रकम, अन्तर्राष्ट्रिय दातृ निकाय वा व्यक्तिहरूबाट प्राप्त अनुदान सहयोग र यस ऐनअन्तर्गत कसूरदार ठहर भएका व्यक्तिहरूबाट सजायस्वरूप असुल भएको रकम यस कोषमा जम्मा गरिनेछ।

(४) यस ऐनको दफा ९ र १० बमोजिम फैसलामा उल्लिखित यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायका पीडितहरूको पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण रकम कोषबाट खर्च गरिनेछ।

(५) क्षतिपूर्ति कोष अक्षय कोष रहनेछ।

(क) क्षतिपूर्ति कोषमा अपर्याप्त रकम रहेको कारणले फैसलामा उल्लिखित पुनर्लाभ रकम पीडितले प्राप्त गर्न बाधा पुऱ्याउने छैन।

(ख) क्षतिपूर्ति कोषमा रकम बाँकी नरहेमा नेपाल सरकारले अन्य स्रोतबाट पुर्नलाभको तत्काल भुक्तानी दिने व्यवस्था गर्नेछ।

(६) क्षतिपूर्ति कोषसम्बन्धी अन्य व्यवस्थाहरू यस ऐनअन्तर्गत बन्ने नियमावलीमा व्यवस्था गरिनेछ।

## ९. अन्तरिम राहत

(१) यातनाको कारणबाट लागेका भनिएका चोटका कारण पीडित आफ्नो परिवारलाई सहारा दिन असमर्थ भएको अवस्था भएमा, निजलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायका कारणबाट लागेका भनिएका चोटको उपचारमा आवश्यक पर्ने अत्यावश्यक चिकित्सा सेवाको लागि खर्च आवश्यक भएमा, वा यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायले निम्त्याएका भनिएका अन्य कुनै पनि परिस्थितिका कारण निजलाई आर्थिक सहायता नभई नहुने अवस्था भएमा अनुसन्धान अधिकारी, पीडित, निजको वकिल, वा निजको परिवारका सदस्य वा पारिवारिक सहयात्रीले सक्षम अदालतसमक्ष अन्तरिम राहतको लागि निवेदन दिन सक्नेछन्।

(२) अन्तरिम राहतका लागि परेको निवेदनको सुनुवाइ गर्ने अदालतलाई उक्त राहत दिन आवश्यक भएको लागेमा पीडितलाई क्षतिपूर्ति कोषबाट राहत उपलब्ध गराउनू भनी प्रमुख जिल्ला अधिकारीका नाममा अदालतले आदेश दिनेछ।

(क) यस्तो आदेश प्राप्त हुना साथ प्रमुख जिल्ला अधिकारीले पीडितलाई निर्धारण भए बमोजिमको अन्तरिम राहत रकम प्रदान गर्नेछन्।

(३) यस ऐनअन्तर्गत पीडितलाई आवश्यक राहत रकम निर्धारण गर्ने न्यायाधीशले अन्य कुराका साथै निम्न विषयमा विचार पुऱ्याउनु पर्छ :

(क) पीडितले सहन गर्नु परेको भनिएको शारीरिक वा मानसिक यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायको मात्रा र त्यसको गम्भीरता,

(ख) पीडितमाथि आश्रित व्यक्तिहरूको उमेर, पारिवारिक उत्तरदायित्व, र अवस्था,

(ग) यातनाले भएको भनिएको चोटको उपचारमा लागेको वा लाग्न सक्ने खर्च,

(घ) पीडितको पुनःस्थापनामा लाग्न सक्ने आवश्यक साधन, स्रोत, र अवधि,

(ङ) पीडितलाई आवश्यक चिकित्सा सेवाको लागि लाग्ने खर्च तथा परिवार र आश्रित सदस्यलाई वा पारिवारिक सहयात्रीलाई आर्थिक सहायता

(४) अन्तरिम राहत प्रदान गर्ने सम्बन्धी सम्पूर्ण कार्यविधि यस ऐनअन्तर्गत बनेको नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

## १०. पुनर्लाभको व्यवस्था एवं कार्यविधि

(१) पुनर्लाभको लागत तथा स्वरूप निर्धारण भएपश्चात नेपाल सरकारले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायका पीडितलाई पुनर्लाभको लागतको पूरा अंक वा पुनर्लाभसम्बन्धी सेवा वा दुवै शीघ्रातिशीघ्र प्रदान गर्नेछ । जस्तो सुकै अवस्थामा पनि नेपाल सरकारले पुनर्लाभसम्बन्धी सेवा वा पुनर्लाभ लागत फैसला भएका मितिले ३० दिन पूरा नहुँदै प्रदान गर्नेछ ।

(२) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायका पीडितले तत्काल यस ऐनमा व्यवस्था भएबमोजिम पर्याप्त, सारभूत तथा प्रभावकारी पुनर्लाभ प्राप्त गर्नेछन् । यस ऐनअन्तर्गत पीडितलाई प्रदान गरिने पुनर्लाभ पीडितको स्वास्थ्य, सम्पत्ति तथा सुरक्षा सुनिश्चित गर्न पर्याप्त हुने प्रत्यास्थापना, क्षतिपूर्ति, पुनःस्थापना, मानसिक सन्तुष्टि, यातना पुनरोक्ती नहुने प्रत्याभूति वा अन्य उपायहरूको स्वरूपमा प्रदान गरिने छ ।।

(३) गैरकानूनी कार्य गर्ने दोषी ठहर गरिएको व्यक्तिबाट निजले गरेको कार्यको परिणाम स्वरूप भएको सम्पूर्ण खर्च निजबाट भराउने अधिकार नेपाल सरकारलाई हुनेछ ।

(क) उप दफा ३ बमोजिम दोषी व्यक्तिबाट पुनर्लाभका लागि सम्पूर्ण रकम भराउदा निज माथि पर्न जाने आर्थिक भारका कारण निजको परिवारको नजिकको कुनै सदस्य वा निजमा आश्रित सदस्य वा पारिवारिक सहयात्रीको स्वस्थ्य वा जीवनमा नै गम्भीर जोखिम पैदा हुने भएमा कसूरदारबाट भराइने रकमको अंक घटाइने छ ।

(ख) कसूरदार ठहर भएको व्यक्तिको परिवारको नजिकको कुनै सदस्य वा निजमा आश्रित सदस्य वा पारिवारिक सहयात्रीलाई कसूरदारले रकम बुझाउदा आफ्नो स्वस्थ्य वा जीवनमा गम्भीर जोखिम पैदा हुनेछ भन्ने लागेमा फैसला गर्ने जिल्ला अदालत समक्ष दोषीबाट भराउने रकम कम गर्न निवेदन दिन सक्नेछन् ।

(१) यस्तो निवेदन उपर सुनुवाइ गर्ने जिल्ला अदालतले निवेदकको आर्थिक अवस्थाको मूल्यांकन गर्नेछ र कसूरदार उपर गरिएको आर्थिक सजायले निवेदकको स्वस्थ्य वा जीवनमा गम्भीर जोखिम पैदा गर्ने पाइएमा सोही मुताबिक कसूरदारले बुझाउनु पर्ने रकमको अंक घटाउने छ ।

(२) दफा १०(३)(ख)(१) बमोजिमका निवेदकलाई सजायपूर्वको स्वभाविक जीवनस्तरको संरक्षण गरी पाउने वा सोही अवस्थामा प्रतिस्थापित हुने अधिकार रहने छैन ।

(४) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय दिने कार्यमा एकभन्दा बढी व्यक्ति कसूरदार ठहर भएमा यस ऐनबमोजिम कसूरदारबाट उपदफा ३ बमोजिम भराउने रकम कसूरदारहरू बीच भागलगाई भराइने छ । बुझाउनु पर्ने रकम कसूरदारहरू बीच भाग लगाउदा यातना दिने कार्यमा प्रत्येक कसूरदारको के कति संलग्नता थियो भन्ने आधारमा तय गरिने छ । कसूरमा प्रत्येकको संलग्नताको आधारमा मुद्दा हेर्ने अदालतले दण्ड तोक्नेछ । प्रहरी, सेना वा अन्य सुरक्षा निकायमा मुख्य भई काम गर्ने ओहदामा रहेका व्यक्ति कसूरदार ठहर भएमा निजको पदीय हैसियतकै आधारमा निजलाई कसूरमा मुख्य दायित्व बहन गराइने छ ।

(५) सार्वजनिक अधिकारीको हातबाट यातना पाएका कारणले पीडितमा सिर्जना भएको मानसिक वा शारीरिक समस्याका निम्ति स्वास्थ्य परीक्षण गर्नुपर्ने वा उपचार गर्नु भएमा पीडितको सम्पूर्ण उपचार नेपाल सरकारको खर्चमा प्रदान गरिने छ । यातनाका कारणले पीडितको मृत्यु भएको वा पीडित अपाङ्ग भएको अवस्था भएमा पीडितका आश्रित वा परिवारका सदस्यहरूको जीवन निर्वाहका निम्ति तत्काल राहत आवश्यक भएमा आर्थिक सहायतासमेत प्रदान गरिनेछ ।

(६) यस ऐनअन्तर्गत पीडित ठहर भएका व्यक्तिले अदालतले ठहर गरेबमोजिम पुनर्लाभ प्राप्त गर्नेछन् ।

(७) पीडितले प्राप्त गर्ने पुनर्लाभअन्तर्गत निजले यातनाका कारण सहनु परेको आर्थिक तथा गैरआर्थिक क्षतिका साथै अन्तरिम राहतले नसमेटेको हदसम्म यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारसम्बन्धी कसूरबाट पुग्न गएको क्षतिसमेत पर्नेछन् । पुनर्लाभअन्तर्गत न्यूनतमरूपमा निम्न कुरा समावेश हुनेछन् :

(क) पीडितले सहनु परेको पीडा, सन्ताप, डर तथा अन्य भावनात्मक व्यथा लगायतका गैरआर्थिक क्षतिका निम्ति दिइने पर्याप्त क्षतिपूर्ति

(ख) आवश्यक औषधी उपचारमा लागेको सम्पूर्ण खर्च तथा यातनाका कारणले पीडितले बेहोर्नु परेको आर्थिक क्षति, निजले गुमाउनु परेका आर्थिक अवसर, भौतिक क्षतिको क्षतिपूर्ति, तत्कालीन राहतमा नसमेटिएको वा निःशुल्क कानूनी सहायतामा नपरेको भए पीडितले कानूनी वा विज्ञ सहायता प्राप्त गर्दा लागेको खर्च । तर भौतिक क्षतिअर्न्तगत उल्लिखित क्षति मात्रै पर्नेभनी सीमित व्याख्या गरिने छैन ।

(ग) पीडितले सहनु परेको गैरआर्थिक क्षतिका लागि क्षतिपूर्ति ।

(८) पुनर्लाभ प्रदान गर्ने फैसला गर्ने प्रत्येक अदालतले दफा १०(७) (क-ग) सम्म उल्लिखित प्रत्येक शीर्षकमा प्रदान गरिने रकमको कुल अंक उल्लेख गर्नुपर्ने छ। फैसलामा उल्लेख भएको रकम के कति आधारमा तय गरिएको हो सो को समेत उल्लेख फैसला गर्ने अदालतले गर्नेछ।

(९) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारसम्बन्धी कसूरको गम्भीरता तथा पीडितले सहनु परेको क्षतिका आधारमा क्षतिपूर्तिसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डलाई समेत विचार गरी पुनर्लाभ निर्धारण गरिनेछ। यातना वा गैरकानूनी व्यवहार वा दुवैका कारणले पीडितमा पुग्न गएको क्षतिसँग समानुपातिक हुने गरी पुनर्लाभ निर्धारण गरिनेछ। कानूनबमोजिम भएको कारवाहीबाट पीडितले सहनु परेको क्षतिलाई पुनर्लाभको प्रयोजनका लागि गणना गरिने छैन।

(१०) पुनर्लाभसम्बन्धी कार्यविधि

(क) यो ऐनअन्तर्गत नेपाल सरकार वादी भई मुद्दा चलाउदा जिल्ला सरकारी वकिलले दफा १०(५)(क-ग) मा व्यवस्था भए बमोजिम पुनर्लाभको दाबी लिनु पर्नेछ।

(ख) यस ऐनअन्तर्गत दुनियावादी फौजदारी मुद्दाको रूपमा मुद्दा चलाउदा पीडितको कानून व्यवसायीले दफा १०(५)(क-ग) मा व्यवस्था भएबमोजिम पुनर्लाभको दाबी लिनु पर्नेछ।

(ग) पीडितको परिवारको नजिकको सदस्य वा पारिवारिक सहयात्रीले पीडित उपर गरिएको क्रूर, अमानवीय वा अपमानजनक व्यवहारका कारण सहनु परेको भावनात्मक दुःखका लागि पुनर्लाभको दाबी गर्दै जिल्ला अदालत समक्ष आफै पनि निवेदन दिन सक्नेछन्।

(घ) अदालतले यस ऐनअन्तर्गत पुनर्लाभ प्रदान गर्ने फैसला गरेपश्चात पुनर्लाभको रकम तथा पुनर्लाभको स्वरूपबारे उल्लेख गरी क्षतिपूर्ति कोष व्यवस्थापन समिति समक्ष पत्र पठाउने छ।

(ङ) दफा १०(१०)(घ) बमोजिम पुनर्लाभ बारेको पत्र प्राप्त गरेपश्चात क्षतिपूर्ति कोषले आदेश भए बमोजिमको क्षतिपूर्ति ३० दिन भित्र पीडितलाई हस्तान्तरण गर्नेछ।

(११) औषधी उपचार तथा हेरचाह आवश्यक पर्ने गरी अंगभंग भएका वा शारीरिक तथा मानसिक समस्या भएका पीडितहरूको हेरचाह गर्नका लागि पर्याप्त पुनःस्थापन तथा मेडिकल सुविधा भएको पुनःस्थापना केन्द्र स्थापना गरिनेछ। यो केन्द्रको सञ्चालन खर्च नेपाल सरकारले बहन गर्नेछ।

## ११. सार्वजनिक अधिकारीहरूका लागि तालिम

(१) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय रोकथाम गर्नका निम्ति नेपाल सरकारले प्रभावकारी कानूनी, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अवलम्बन गर्नेछ। यस ऐनमा व्यवस्था भएको यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय निषेधसम्बन्धी व्यवस्था सार्वजनिक सेवा प्रवेशका निम्ति लिइने प्रतिस्पर्धात्मक परीक्षा र तालिमको पाठ्यक्रम तथा सोसम्बन्धी सन्दर्भ पुस्तकमा सामेल गरिनेछ र सार्वजनिक अधिकारीका निम्ति उनीहरूलाई प्राप्त अधिकार र कर्तव्यसम्बन्धी नियम र निर्देशिकामा यातना निषेध समावेश गरिनेछ।

(२) कानून कार्यान्वयनमा कार्यरत सैनिक प्रहरी वा निजामती कर्मचारीहरू, स्वास्थ्य व्यवसायीहरू, सार्वजनिक अधिकारी तथा थुनास्थल, सोधपुछ वा जुन सुकै प्रकारको थुनामा राखिएका व्यक्तिहरूसँग व्यवहार गर्नुपर्ने कार्यमा संलग्न व्यक्तिहरूलाई यस ऐनअन्तर्गत निजहरूले पूरा गर्नुपर्ने कर्तव्य तथा दायीत्व माथि जोड दिने साझा पाठ्यक्रममा आधारित भएर तालिम दिइने छ ।

(३) सम्बन्धित स्वस्थ्य व्यवसायीहरूलाई दिइने तालिममा स्वस्थ्य व्यवसायीहरूको आचारका सिद्धान्तमा स्थापित नियमहरूलाई विशिष्टरूपमा जोड दिइनेछ । विशेषतः बन्दी तथा कैदीहरूलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायबाट जोगाउन फिजिसियनहरूलाई तालिम दिइनेछ ।

(४) नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, तथा नेपाली सेनाका बहालवाला तथा भविष्यमा भर्ना हुने सदस्यहरू मानवअधिकार शिक्षा, प्रभावकारी सोधपुछ प्रविधि तथा प्रहरी औजारको उचित प्रयोग लगायतका विषयहरूमा बृहत् तथा पूर्ण तालिममा सहभागी हुनेछन् ।

(५) यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय रोकथाम गर्ने उद्देश्यले सोधपुछसम्बन्धी नियमावली, निर्देशन, विधि तथा प्रचलनका साथै आफ्नो क्षेत्राधिकार लागू हुने सबै स्थानमा रहेका थुनास्थल र पक्राउ, थुना वा कैद भएका बन्दीउपर गरिने व्यवहारसम्बन्धी व्यवस्थाहरूको व्यवस्थित पुनरावलोकन नेपाल सरकारले गर्नेछ ।

(६) नेपाल सरकारले यातना निषेध तथा अन्य मानवअधिकार सम्बन्धी विषयवस्तुलाई यो ऐन लागू भएको ५ वर्ष भित्रमा प्राथमिक, माध्यमिक तथा विश्वविद्यालय स्तरीय पाठ्यक्रममा समावेश गर्नेछ ।

(७) नेपालमा कानूनी शासन प्रवर्द्धन गर्नका निम्ति मानवअधिकार तथा नागरिक अधिकार संरक्षणको महत्वबारे आम नागरिकलाई सचेत गराउने उद्देश्यले नेपाल सरकारले नियमित तथा कम्तीमा वर्षको एक पटक मानवअधिकार सचेतना अभियान सञ्चालन गर्नेछ । यस्ता सचेतना अभियानका कार्यक्रम निर्धारण तथा कार्यान्वयन गर्नमा नेपाल सरकारले राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार संघसंस्था तथा नागरिक समाजको सल्लाह तथा सहयोग लिनेछ ।

## १२. अनिष्कासन

(१) यातना तथाा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथाा सजायको जोखिममा रहेको कुनै पनि व्यक्तिलाई सुपुर्दगी गरिने, फिर्ता पठाईने वा देश निकाला गरिने छैन ।

(क) प्रचलित नेपाल कानूनमा अन्यत्र जे सुकै लेखिएको भएता पनि कुनै व्यक्तिलाई अर्को देशमा पठाउदा, फिर्ता पठाउदा वा सुपुर्दगी गर्दा उक्त व्यक्ति यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजाय पाउने खतरामा पर्नेछ भन्ने विश्वास गर्ने दह्रिलो आधार भएमा नेपाल सरकारले त्यस्तो व्यक्तिलाई अर्को देशमा पठाउने, फिर्ता पठाउने वा सुपुर्दगी गर्ने छैन ।

(ख) दफा १२(१)(क) को परिस्थितिको विद्यमानता रहे नरहेको ठहर गर्न सक्षम निकायले सम्भव भएसम्म सम्बन्धित देशमा भएको चरम, जघन्य वा व्यापक मानवअधिकार उल्लंघन लगायतका सान्दर्भिक विषयहरू प्रति ध्यान दिनेछ ।

## १३. अनुगमन प्रणाली

(१) यो ऐनअन्तर्गत देश भरिका बन्दीहरूलाई थुनामा राखिने सम्पूर्ण थुनास्थलहरूको अनुगमन गर्ने अधिकार राष्ट्रिय मानवअधिकार आयोगलाई हुनेछ । यस्ता थुनास्थलहरूको अवस्था लगायत मानवअधिकार हनन्, उल्लंघन तथा यस ऐनको परिपालना भए नभएको विषयलाई राष्ट्रिय मानवअधिकार आयोगको वार्षिक प्रतिवेदनमा उल्लेख गरिनेछ ।

(क) यस ऐनमा रहेका व्यवस्थाले राष्ट्रिय मानवअधिकार आयोग बाहेकका अन्य निकायले गर्ने थुनास्थल अनुगमन भ्रमणमा बन्देज लगाएको मानिने छैन ।

(२) अनुगमन कार्य सहजीकरण गर्नका निम्ति राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य अनुगमन संस्थाका कर्मचारीलाई थुनास्थलहरूमा निर्वाध पहुँच उपलब्ध गराइने छ ।

(३) राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य अनुगमन संस्थालाई तत्काल र जुनसुकै बखत अघोषितरूपमा जुनसुकै थुनास्थलको भ्रमण गर्ने अधिकार हुनेछ । राष्ट्रिय मानवअधिकार आयोगलाई थुनास्थल, थुनुवा, थुनास्थलका कर्मचारी तथा जुनसुकै तथ्याङ्कमा पहुँच हुनेछ ।

(४) थुनास्थलहरूको अनुगमन निष्पक्ष, स्वतन्त्र तथा आवश्यक सावधानीका साथ सञ्चालन गरिनेछ ।

(५) राष्ट्रिय मानवअधिकार आयोग वा अन्य अनुगमन संस्थाले यातनाको दिइएको हुन सक्ने प्रमाण फेला पारेमा तत्काल महान्यायाधिवक्ताको कार्यालयलाई अनुसन्धान सुरु गर्न सिफारिस गर्नेछ ।

(६) कुनै अधिकारप्राप्त व्यक्ति, संस्था वा निकायहरूलाई थुनास्थल अनुगमन वा निरीक्षण गर्नबाट रोक लगाउने सार्वजनिक अधिकारीहरू यस ऐनको दफा ६(७) बमोजिम सजायका भागीदार हुनेछन् ।

## १४. यातनाको प्रयोगबाट प्राप्त प्रमाण ग्राह्य नहुने

(१) यातनाको अभियोग लागेको व्यक्ति विरुद्धको सुनुवाइमा बाहेक यातना दिएर वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गरेर प्राप्त कुनै पनि सूचना वा प्रमाण प्रमाण ऐन २०३१ बमोजिम अदालती कारवाहीमा प्रमाण ग्राह्य हुने छैन ।

(२) अदालतले दफा १४(१) बमोजिम संकलन गरिएको सूचना वा अन्य कुनै प्रमाणलाई अस्तित्वमा नरहेको मान्नेछ । यातनाका माध्यमबाट कुनै सूचना प्राप्त गरिएको रहेछ भन्ने जानकारी कुनै न्यायिक प्रक्रियाको अवधिमा वा सोपछि अदालत वा मुद्दाको सुनुवाइ गर्ने निकायले पाउँछ भने उक्त न्यायिक

प्रक्रियालाई त्रुटिपूर्ण सुनुवाइ मानी नयाँ न्यायाधीश नियुक्त गरी नयाँ सुनुवाइ सुरु गर्न आदेश गर्नु पर्नेछ ।

(३) यातना दिई कुनै सूचना प्राप्त गरिएको रहेछ भन्ने जानकारी प्राप्त हुने बित्तिकै सक्षम न्यायाधीशले यस ऐनको दफा ५ अनुरूपको फौजदारी अनुसन्धान सुरु गर्न आदेश दिनेछन् ।

## १५. नियम बनाउने

(१) यो ऐन लागू गर्न आवश्यक पर्ने नियमावली नेपाल सरकारले बनाउने छ ।

## १६. खारेजी

(१) यातना क्षतिपूर्ति ऐन, २०५३ खारेज गरिएको छ ।

(२) यातना क्षतिपूर्ति ऐन, २०५३ अन्तर्गत सुनुवाइ भएका विगतका मुद्दाहरूलाई यस ऐनअन्तर्गत सुनुवाइ भएको मानिने छ र विचाराधिन मुद्दाहरूको सुनुवाइ भने यसै ऐनअन्तर्गत अघि बढाइनेछ ।

(३) नेपाल सरकारले यातना विरुद्धको संयूक्त राष्ट्रसंघीय महासन्धि अनुमोदन गरेपश्चात घटेका यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार तथा सजायका घटनाहरूको अनुसन्धान गरी अभियोजन गरिनेछ ।

# परिशिष्ट–ख

## यातनालाई अपराध घोषित गर्न सर्वोच्च अदालतको फैसला

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री बलराम के.सी

माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी

आदेश

सम्बत् २०६२ सालको रिट नं.३२१९

विषय : परमादेश ।

| | | |
|---|---|---|
| लम्जुङ्ग जिल्ला श्रीमञ्जन ६ स्थायी घर भई अधिकार संरक्षण मञ्च नेपालमा कार्यरत अधिवक्ता राजेन्द्र घिमिरे.................................................... | १ | निवेदक |
| सुनसरी जिल्ला घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ३१ वस्ने अधिवक्ता केदारप्रसाद दाहाल .................................................................. | १ | |

बिरुद्ध

| | | |
|---|---|---|
| प्रधान मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार.................................. | १ | विपक्षी |
| कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरवा................................ | १ | |
| परराष्ट्र मन्त्रालय, सिंहदरवार ............................................................ | १ | |
| संसद सचिवालय, सिंहदरवार ................................................................ | १ | |
| नेपाल कानुन सुधार आयोगको कार्यालय, सिंहदरवार .................................... | १ | |

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३/८८ बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

यातना मानवता विरुद्धको एक गम्भिर अपराध हो । यातनालाई निषेध गर्दै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(४) मा "अनुसन्धान तहकिकात वा पूर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिने वा निजसँग निर्मम अमानविय वा अपमानजनक व्यवहार गरिने छैन, त्यस्तो व्यवहार गरिएको

व्यक्तिलाई कानूनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइनेछ" भन्ने व्यवस्था गरिएको छ । उक्त संवैधानिक व्यवस्थालाई मूर्तरुप दिनका लागि यातना क्षतिपूर्ति ऐन, २०५३ निर्माण भई हाल कार्यान्वयनमा समेत आइसकेको छ । उक्त संवैधानिक र कानुनी व्यवस्थाहरुले यातनालाई निषेध गर्ने र यातना पीडितलाई क्षतिपूर्ति दिने व्यवस्था भए तापनि यातनालाई फौज्दारी अपराधको रुपमा परिभाषित गरी पीडकलाई उचित सजायको व्यवस्था गरिएको छैन । वर्तमान अवस्थामा नेपालमा प्रचलित कानुनी व्यवस्थाहरु हेर्दा यातना निषिद्ध कार्य भएतापनि अपराध भने होइन भन्ने देखिन आउँछ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्ध, १९६६ समेतले कुनै पनि व्यक्तिलाई यातना तथा अमानवीय व्यवहार गरिनु नहुने भन्दै यसलाई निषिद्ध कार्यको रुपमा लिएको छ । यस्तै यातना विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८४ (UN Convention against Torture and other Cruel, Inhuman or Degrading Treatment or Punishment, 1984) को धारा ४ मा समेत यातनालाई अपराधको रुपमा परिभाषित गरी पीडकलाई उचित सजाय गर्नु पर्ने भन्ने व्यवस्था गरिएको छ । नेपाल पनि सन् १९९१ मा यस महासन्धिको पक्ष राष्ट्र बनिसकेको अवस्था छ । यो महासन्धिको पक्ष राष्ट्र बन्नासाथ नै सो महासन्धिमा रहेका व्यवस्थाहरुको कार्यान्वयन गर्नु पक्ष राष्ट्रहरुको स्वतः दायित्व हुन जान्छ । सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम पनि उक्त महासन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनु पर्ने हुन्छ । उक्त महासन्धिको पक्ष बनेको करीब १५ वर्ष बितिसक्दा पनि नेपालले यातनालाई अपराधको रुपमा परिभाषित गरी पीडक र सो को मतियारहरुलाई दण्ड सजाय गर्ने कुनै प्रकारको कार्य गरेको छैन । कुनै पनि कार्यलाई राज्यको कानूनले प्रष्ट रुपमा फौज्दारी अपराध भनी परिभाषित नगरेसम्म सजाय गर्न नपाइने सैद्धान्तिक पक्षलाई हेर्दा समेत पीडकलाई सजाय गर्नका लागि पनि यातनालाई अपराधको रुपमा कानूनले नै परिभाषित गर्नु पर्ने टड्कारो आवश्यकता रहेको छ । यस्तो कानुनी व्यवस्था नहुँदा यातनाका पीडकहरुको मनोबल बढ्न गई दण्डहीनता (impunity) को स्थितिको सिर्जना भइरहेको छ ।

साथै संयुक्त राष्ट्र संघ अन्तर्गतका विभिन्न निकायहरु र अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था तथा अधिकारकर्मीहरुले नेपालमा यातना संस्थागत र व्यापक भएको कुरा औंल्याई रहेका छन् । यातना विरुद्धको महासन्धि अन्तर्गतको यातना विरुद्धको समितिले समेत नेपालको प्रतिवेदनमाथि छलफल गरी निष्कर्ष र सिफारिस गर्दा यातनालाई अपराधको रुपमा परिभाषित गरी उचित दण्ड सजायको व्यवस्था यथाशिघ्र गर्नु भनी प्रष्ट रुपमा निर्देश समेत गरेको छ । जुन कुरामाथि सरकारले ध्यान नदिई बसेकोले अन्तर्राष्ट्रिय स्तरमा समेत नेपालको छवि धुमिल हुन पुगेको छ ।

तसर्थ संविधान, यातना विरुद्धको महासन्धि, यस अन्तर्गतको समितिको निष्कर्ष तथा सुझाव एवं नेपाल सन्धि ऐन समेतका अक्षर र भावनाका आधारमा यातनालाई अपराधको रुपमा

नियम बमोजिम पेश हुन आएको प्रस्तुत निवेदनमा मिसिल संलग्न विभिन्न कागजातको अध्ययन गरी निवेदक एवं अधिवक्ता श्री राजेन्द्र घिमिरे तथा केदारप्रसाद दाहालले नेपाल यातना विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र बनेको र संविधानले समेत यातनालाई निषेध गर्ने व्यवस्था गरेको अवस्थामा यातनालाई अपराधको रुपमा परिभाषा गरी पीडकलाई सजाय गर्नका लागि तत्सम्बन्धी कानुन निर्माण गर्नु भनी परमादेश जारी हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनी हेर्दा निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो होइन भनी निर्णय गर्नु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(४) (जसलाई यसपछि तत्कालीन संविधान भनिने छ ) मा कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न नपाइने व्यवस्था गरिएको छ । त्यस्तो व्यवहार गरिएमा त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई क्षतिपूर्ति दिइने संवैधानिक व्यवस्था भएअनुसार क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा क्षतिपूर्ति ऐन, २०५३ बनेको छ तर यातनालाई अपराधको रुपमा परिभाषित (Criminalize) गर्ने र यातना दिने व्यक्तिलाई सजाय हुने सम्बन्धी कानून नबनेकोले संयुक्त राष्ट्रसंघीय यातना विरुद्धको महासन्धिको धारा १ र ४ बमोजिम यातनालाई फौज्दारी अपराधको रुपमा परिभाषित गरी यातना दिने व्यक्तिलाई दण्ड सजायको व्यवस्था गर्ने र यातनाबाट पिडित व्यक्तिलाई पुनर्स्थापना गर्ने सम्बन्धी कानून निर्माण गर्नु भन्ने आदेश जारी गरी पाउँ भन्ने मुख्य निवेदन जिकिर देखिन्छ ।

यसैगरी विपक्षी मध्येको कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको लिखित जवाफबाट नेपालमा यातना विरुद्धको एकीकृत कानून नभए पनि यस सम्बन्धमा मुलुकी ऐन ज्यान सम्बन्धीको महल, कुटपीटको महल लगायतमा विविध व्यवस्था भएकोले यातना सम्बन्धमा दण्डहीनताको स्थिति नभएको भन्ने देखिन्छ भने अर्को विपक्षी संसद सचिवालयको लिखित जवाफमा कानून निर्माण गर्ने कार्य देशको विधायिकी अंगको एकलौटी अधिकार क्षेत्र भित्रको विषय भएकोले यस्ता अमुक विषयमा अमुक प्रकारका प्रावधानहरुको सम्बन्धमा कानून निर्माण गर्नु भनी संसदलाई राष्ट्रको कुनै पनि अंगले आदेश र निर्देश गर्न मिल्दैन भन्ने उल्लेख भएको देखिन्छ ।

निवेदन एवं लिखित जवाफ लगायतका मिसिल संलग्न कागजात अध्ययन गरी निवेदक तर्फका विद्वान कानून व्यवसायीहरुको बहस समेत सुनी शारीरिक वा मानसिक यातनाको परिभाषा गरी दुवै खालको यातनालाई अपराध घोषित (Criminalize) गरी यातना दिने व्यक्तिलाई दण्ड सजायको व्यवस्था र पिडितलाई पुनर्स्थापना गर्ने सम्बन्धी कानून निर्माण हुनुपर्ने हो होइन र सो सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन गर्नुपर्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

सो सम्बन्धमा विचार गर्दा, निवेदकको मुख्य माग यातनालाई अपराध घोषित (Criminalize) गरी यातना दिने कार्यलाई दण्डनीय बनाइनु पर्दछ भन्ने भएको हुँदा तत्कालीन

नियम बमोजिम पेश हुन आएको प्रस्तुत निवेदनमा मिसिल संलग्न विभिन्न कागजातको अध्ययन गरी निवेदक एवं अधिवक्ता श्री राजेन्द्र घिमिरे तथा केदारप्रसाद दाहालले नेपाल यातना विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र बनेको र संविधानले समेत यातनालाई निषेध गर्ने व्यवस्था गरेको अवस्थामा यातनालाई अपराधको रुपमा परिभाषा गरी पीडकलाई सजाय गर्नका लागि तत्सम्बन्धी कानुन निर्माण गर्नु भनी परमादेश जारी हुनुपर्दछ भनी गर्नु भएको बहस समेत सुनी हेर्दा निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो होइन भनी निर्णय गर्नु पर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(४) (जसलाई यसपछि तत्कालीन संविधान भनिने छ ) मा कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न नपाइने व्यवस्था गरिएको छ । त्यस्तो व्यवहार गरिएमा त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई क्षतिपूर्ति दिइने संवैधानिक व्यवस्था भएअनुसार क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा क्षतिपूर्ति ऐन, २०५३ बनेको छ तर यातनालाई अपराधको रुपमा परिभाषित (Criminalize) गर्ने र यातना दिने व्यक्तिलाई सजाय हुने सम्बन्धी कानून नबनेकोले संयुक्त राष्ट्रसंघीय यातना विरुद्धको महासन्धिको धारा १ र ४ बमोजिम यातनालाई फौज्दारी अपराधको रुपमा परिभाषित गरी यातना दिने व्यक्तिलाई दण्ड सजायको व्यवस्था गर्ने र यातनाबाट पिडित व्यक्तिलाई पुनर्स्थापना गर्ने सम्बन्धी कानून निर्माण गर्नु भन्ने आदेश जारी गरी पाउँ भन्ने मुख्य निवेदन जिकिर देखिन्छ ।

यसैगरी विपक्षी मध्येको कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको लिखित जवाफबाट नेपालमा यातना विरुद्धको एकीकृत कानून नभए पनि यस सम्बन्धमा मुलुकी ऐन ज्यान सम्बन्धीको महल, कुटपीटको महल लगायतमा विविध व्यवस्था भएकोले यातना सम्बन्धमा दण्डहीनताको स्थिति नभएको भन्ने देखिन्छ भने अर्को विपक्षी संसद सचिवालयको लिखित जवाफमा कानून निर्माण गर्ने कार्य देशको विधायिकी अंगको एकलौटी अधिकार क्षेत्र भित्रको विषय भएकोले यस्ता अमुक विषयमा अमुक प्रकारका प्रावधानहरुको सम्बन्धमा कानून निर्माण गर्नु भनी संसदलाई राष्ट्रको कुनै पनि अंगले आदेश र निर्देश गर्न मिल्दैन भन्ने उल्लेख भएको देखिन्छ ।

निवेदन एवं लिखित जवाफ लगायतका मिसिल संलग्न कागजात अध्ययन गरी निवेदक तर्फका विद्वान कानून व्यवसायीहरुको बहस समेत सुनी शारीरिक वा मानसिक यातनाको परिभाषा गरी दुवै खालको यातनालाई अपराध घोषित (Criminalize) गरी यातना दिने व्यक्तिलाई दण्ड सजायको व्यवस्था र पिडितलाई पुनर्स्थापना गर्ने सम्बन्धी कानून निर्माण हुनुपर्ने हो होइन र सो सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन गर्नुपर्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो ।

सो सम्बन्धमा विचार गर्दा, निवेदकको मुख्य माग यातनालाई अपराध घोषित (Criminalize) गरी यातना दिने कार्यलाई दण्डनीय बनाइनु पर्दछ भन्ने भएको हुँदा तत्कालीन

संविधानको धारा १४, नेपालले १४ मे १९९१ मा अनुमोदन गरेको Convention Against Torture and other cruel Inhuman and Degrading Treatment or Punishment 1984 यातना सम्बन्धी महासन्धी जुन हाम्रो लागि नेपाल कानून सरह लागू हुने वन्धनकारी महासन्धि (Convention) हो सो तथा अन्य क्षेत्रीय महासन्धिहरु समेत हेर्नु पर्ने हुनआयो ।

सर्वप्रथम सम्वैधानिक व्यवस्था तर्फ हेर्दा, तत्कालीन संविधान नेपाल अधिराज्यको संविधान, २०४७ ले यातना विरुद्धको हकलाई छुट्टै मौलिक हकको रुपमा नराखी संविधानले यातना विरुद्धको हकलाई फौज्दारी न्यायको हकमा राखेको त्यो पनि हिरासतमा रहेको अवस्थामा यातना दिन नहुने भन्ने व्यवस्था गरेको देखिन्छ तर वर्तमान लागू नेपालको अन्तरिम संविधान, २०६३ ले भने यातना विरुद्धको हकलाई फौजदारी न्यायको हक अर्न्तगत नराखी धारा २६ मा छुट्टै यातना विरुद्धको हकको व्यवस्था गरेको देखिन्छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा २६ यस प्रकार छ :-

धारा २६(१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलमा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । २६(२) को उपधारा (१) वमोजिमको कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे वमोजिमको क्षतिपूर्ति दिइने छ ।

वर्तमान संविधानले यातना विरुद्धको हकलाई छुट्टै धारामा राखी नेपाली नागरिक वा गैर नागरिक सवैलाई कुनै पनि प्रकारको चाहे त्यो शारीरिक होस वा मानसिक कुनै पनि प्रकारको यातना दिन नपाउने गरी जुनसुकै प्रकारको यातना विरुद्धको हकलाई मौलिक हककै रुपमा धारा १०७(२) वमोजिम enforceable हक प्रदान गरी थुनामा रहेको व्यक्तिलाई यातना दिन नहुने व्यवस्था गरेको देखिन्छ ।

प्रस्तुत निवेदन नेपाल अधिराज्यको संविधान २०४७ लागू रहँदा परेको र हाल उक्त संविधान खारेज भएपनि तत्कालको संविधानको धारा १४(४) र वर्तमान संविधानको धारा २६ को व्यवस्था एकै प्रकारको भएकोले निवेदकले उल्लेख गरेको तत्कालिन संविधानको धारा १४ का सवै व्यवस्थाहरु हेर्न पर्ने हुन्छ । धारा १४(१) मा तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै कार्य गरे वापत सजाय नहुने व्यवस्था गरेको देखिन्छ । अर्थात् यो हक भनेको पश्चातदर्शी कानुन (Ex-Post Facto Law) विरुद्धको हक हो भने उपधारा (२) मा एउटै कसुरमा एक पटक भन्दा वढी मुद्दा चलाउन नपाइने र सजाय पनि गर्न नपाइने व्यवस्था रहेको छ । यो हकलाई दोहोरो खतरा (Double Jeopardy) विरुद्धको हक भनिन्छ । यो हक अन्तर्गत एउटै कसुरमा दोश्रो पटक सजाय गर्न नपाइने मात्र हैन एउटै कसुरमा दोश्रो पटक अभियोग लगाई मुद्दा चलाउन समेत प्रतिवन्धित हुन्छ । यो व्यवस्था Collateral Estoppel को सिद्धान्तमा आधारित छ । यो हक कसैलाई कुनै एउटा अपराधमा वैध तथा सक्षम निकाय (Valid and Competent Authority) वाट अपराधको अनुसन्धान गरी अभियोग लगाई सक्षम अदालतमा मुद्दा चलाई सक्षम अदालतले सबूद प्रमाणको आधारमा

Due Process र fair trial गरी मुद्दा टुङ्गो लगाई सकेपछि पुनः त्यही विषयमा त्यही पक्ष विरुद्ध त्यही कुरामा पुनः अर्कै मुद्दा चल्न सक्तैन भन्ने सिद्धान्तमा आधारित व्यवस्था हो ।

अमेरिकाको संविधानको पाँचौं संशोधनमा "Nor shall any person be subject for the same offence to be twice put in jeopardy of life or liberty" भनिएको छ । सो व्यवस्था अन्तर्गत एक पटक कुनै व्यक्तिलाई सक्षम अधिकारीले सक्षम अदालत समक्ष मुद्दा चलाएकोमा पुनः सोही अपराधमा दोश्रो पटक मुद्दा चलाउन निषेध गर्दछ । अमेरिकी संविधानको उक्त व्यवस्था वास्तवमा वेलायतको Common Law मा आधारित व्यवस्था हो । Common Law को Rule को रुपमा मानिने Nemo debet bis vexari अर्थात् एक व्यक्तिलाई एउटै अपराधमा दुइपटक खतरामा राख्न हुँदैन भन्ने मान्यता हो । Common Law को यो सिद्धान्त अनुसार एक पटक सक्षम निकायले सक्षम अदालत समक्ष मुद्दा चलाएकोमा सफाई पाएपछि त्यस्तो व्यक्तिले autrefois convict र autrefois acquit दुबै दावी (Plea) लिन र उन्मुक्ति प्राप्त गर्न सक्दछ । सो सम्वन्धमा वेलायतको १९०२ को R vs. Plummer K.B. 339 को मुद्दामा King's Bench Devision ले Where an offence has already been the subject of judicial investigation and adjudication and there has been an acquittal, The acquittal is conclusive and it would be a very dangerous principle to adopt to regard a judgement of not guilty as not fully establishing the innocence of the accused भनिएको छ ।

प्रस्तुत निवेदन यातनालाई Criminalize गरी पाउँ भन्ने हुँदा उल्लेखित धारा १४ को उपधारा (१) र (२) प्रासंगीक नभएकोले यहाँ यसभन्दा वढी विवेचना गरिरहनु परेन । प्रस्तुत निवेदनमा उपधारा (३) र (४) महत्वपूर्ण छ । उपधारा (३) मा कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन भन्ने व्यवस्था भएको देखिन्छ । उपधारा (३) को हक राज्यले कुनै व्यक्तिलाई कुनै अपराधको आरोप वा अभियोग लगाई सक्षम अदालतमा कानून वमोजिम मुद्दा चलाएमा त्यस्तो व्यक्ति आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने व्यवस्था हो । फौज्दारी अपराधमा हाम्रो जस्तो अभियोजनत्मक प्रणाली भएको राज्यमा कार्यपालिकाको तर्फवाट अनुसन्धान तहकिकात भई राज्य आफै वादी भई अभियोग लगाई मुद्दा चलाउने व्यवस्थासँग सो हक सम्वन्धित हुन्छ । फौज्दारी अपराधको अभियोजन (Criminal Prosecution) मा मुख्यतयाः दुइ प्रकारको प्रणाली प्रचलनमा रहेको देखिन्छ । एउटा अन्वेषणात्मक (Inquisitorial) प्रणाली र अर्को अभियोजनात्मक (Acquisitorial) प्रणाली । कार्यपालिकावाट अपराधको अनुसन्धान भई कार्यपालिकाको तर्फबाट नै अभियोग लगाई मुद्दा दायर गरी अन्तिम अवस्थासम्म पनि राज्यको तर्फवाट त्यस्तो मुद्दामा प्रतिरक्षा गरी पिडितलाई राहत प्रदान गरिने प्रणालीलाई अभियोजनात्मक प्रणाली अर्थात Acquisitorial System of Prosecution भनिन्छ । यस्तो प्रणालीमा सरकार अथवा राज्य आफै वादी वनी आफ्नै Agent वाट अभियोग लगाइएको अभियुक्तलाई लगाएको आरोपको वारेमा केही नबोली अर्थात आफू दोषी हो वा होइन भन्ने सम्वन्धमा केही नवोली चुप लागि वस्ने

अधिकार प्राप्त हुन्छ । फौजदारी अपराधमा कसूर प्रमाणित गर्ने भार वादीमा रहन्छ र दोषी ठहर नगरुन्जेल निर्दोष मानिन्छ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त अन्तर्गत कानूनी राज्य र मौलिक हकलाई लिखित संविधानले Guarentee गरेको देशमा संविधानले यस्तो हकलाई मौलिक हकको रुपमा प्रदान गरेको हुन्छ । अभियोग प्रमाणित गर्ने भार अभियोग लगाई मुद्दा चलाउने राज्य माथि रहन्छ । अभियुक्तले अनुसन्धानको अवस्थामा अनुसन्धानकर्ता समक्ष पनि र अदालत समक्ष पनि अभियोगको सम्बन्धमा केही नबोली चुप लागि बस्न सक्छ । सम्पूर्ण आरोप प्रमाणित गर्ने भार वादीमा अर्थात् राज्यमा रहन्छ । हिरासतमा रहेका व्यक्तिलाई कुनै प्रकारको जोर जुलुम करकाप वा शारिरीक वा मानसिक यातना दिन पाइदैंन ।

वेलायतमा Acquisitorial System of Prosecution भएता पनि १६ औं शताब्दितिर आरोप लागेको अभियुक्तसँग सोधपुछ गर्न सकिने र सोधपुछ गर्दा जवाफ दिन पर्ने व्यवस्था थियो । यसको विरोधस्वरुप No man is bound to accuse himself अर्थात् Latin मा Nemo tenetur prodere or nemo tenetur scripsum accusare भन्ने सिद्धान्त स्थापित भयो । Mavne को Criminal Law मा "It is the business of the crown to prove him guilty and he need not do anything but stand by and see what case has been made out against him. He is entitled to rely on the defence that the evidence as it stands is in conclusive and that the crown is bound to make it conclusive without any help from him" भन्ने उल्लेख गरेको पाइन्छ ।

आफ्नो विरुद्ध आफै साक्षी हुन कर नलाग्ने व्यवस्था दोषी ठहर नहुन्जेल निर्दोष मान्ने presume innocence till the guilt is proved को सिद्धान्तमा आधारित व्यवस्था हो जसलाई वेलायतको अर्थात अभियोजनात्मक प्रणाली (Acquisitorial system) को एक विशेषताको रुपमा लिइन्छ ।

हाम्रो संविधानको धारा १४ को उपधारा (४) मा यातना विरुद्धको हक सम्बन्धी व्यवस्था गरिएको छ । सो व्यवस्था अनुसार अपराधको अनुसन्धान तहकिकातको अवस्थामा थुनामा रहेको वा मुद्दा पुर्पक्षको सिलसिलामा थुनामा रहेको वा अन्य कुनै कारणले जुनसुकै किसिमले थुनामा रहेपनि त्यसरी थुनामा रहेको व्यक्तिलाई राज्य वा अरु कसैले पनि शारीरिक वा मानसिक कुनै पनि प्रकारको यातना दिन नपाइने र थुनामा रहेको व्यक्तिलाई निर्मम, अमानवीय र अपमानजनक व्यवहार गर्न नपाइने हुँदा संविधानको उक्त व्यवस्था अर्थात यातना विरुद्धको हक व्यक्तिलाई मौलिक हकको रुपमा प्राप्त भएको छ ।

उपधारा (४) को हक फौज्दारी न्याय सम्बन्धी मौलिक हक हो । मौलिक हक राज्यको विरुद्ध प्राप्त हुने हक हो । धारा १४ को हकहरु मध्ये उपधारा (३) वाहेकका अन्य उपधाराका मौलिक हकहरु कुनै पनि व्यक्तिले आफ्नै स्वेच्छाले पनि परित्याग (wave) गर्न पनि पाउँदैन । उपधारा (३)

सर्वोच्च अदालत काठमाडौं

को हक भने अभियुक्तले स्वेच्छाले परित्याग गर्न नसक्ने देखिदैन । यातना विरुद्धको हकको रुपमा रहेको उक्त उपधारा (४) मा यातनाको परिभाषा भएको देखिदैन । सो उपधाराले प्रत्येक व्यक्तिलाई मानसिक र शारीरिक कुनै पनि प्रकारको यातना दिन नपाइने गरी यसलाई मौलिक हककै रुपमा राखिएको भएता पनि उपधारा (४) को समग्र व्यवस्था हेर्दा थुनामा रहेको व्यक्तिलाई मात्र यातना दिन नहुने थुनामा नरहेकोलाई चाहि यातना दिन मिल्ने व्याख्या गर्न मिल्दैन । शारीरिक वा मानसिक दुवै यातनाको छुट्टै परिभाषा नभए पनि यातना सम्वन्धी क्षतिपूर्ति ऐन, २०५३ मा यातनाको परिभाषा गरिएको देखिन्छ । उक्त ऐनमा भएको परिभाषा बमोजिम यातना भन्नाले "अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शव्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ" भन्ने व्यवस्था गरेको देखिन्छ । ऐनको यो व्यवस्थाले पनि राज्यले हिरासतमा रहेको वा नरहेको कुनै पनि व्यक्तिलाई यातना दिन सक्तैन । कुनै व्यक्तिमाथिको जुनसुकै प्रकारको यातना उसको विरुद्ध अमानवीय व्यवहार हो । यातना दिने कार्यले प्रत्येक स्वतन्त्र नागरिकको अनतिक्रम्य शरीरको मानसिक, शारीरिक एवं भौतिक आक्रमण र स्वतन्त्रताको अपहरण गर्दछ । राज्य आफ्नो नागरिकहरुको अधिकारको संरक्षक र पिडित व्यक्तिहरुको अभिभावक समेत भएको कारण अपराध गर्नेहरु उपर कानूनी बमोजिम अनुसन्धान गरी सवूद प्रमाण संकलन गरी मुद्दा चलाई कानून बमोजिम अदालतबाट सजाय दिलाउन सक्छ तर नागरिकहरुको अनतिक्रमण शारीरिक भौतिक वा मानसिक अतिक्रमण गर्न सक्दैन । यातनालाई कानूनी राज्य र मौलिक हकमा विश्वास गर्ने सभ्य समाजले स्वीकार्न नसक्ने मानवता विरुद्धको अपराध मान्न सकिन्छ ।

कानून उल्लङ्घन गरी अपराध गरेको भन्ने आरोपमा राज्यले कानून बमोजिम व्यक्तिलाई हिरासतमा राख्ने अधिकारप्राप्त गर्दछ । कुनै व्यक्ति अपराध गरेको आशंकामा अथवा Suspect को रुपमा अदालतको आदेशले हिरासतमा रही वा अनुसन्धान पूरा गरी अभियोग लगाई पुर्पक्षको लागि अर्थात् under trial को रुपमा अदालतको आदेशले Judicial custody मा वा सक्षम अदालतले सुनवाई गरी सवूद प्रमाणको आधारमा दोषी ठहरी कैदीको रुपमा वा सुरक्षा कानून अन्तर्गत हिरासत वा थुनामा रहन सक्छ । जुनसुकै अवस्थामा थुनामा रहेको होस् व्यक्तिको भौतिक एवं मानसिक शरीर अनतिक्रम्य छ । राज्यले व्यक्तिको अनतिक्रम्य शरीरलाई चाहे शारीरिक होस् वा मानसिक जुनसुकै प्रकारको अमानवीय व्यवहारले व्यक्तिको अनतिक्रम्य शरीरमा अतिक्रमण गर्न सक्तैन । राज्यलाई कानून बमोजिमको कार्यविधि पुरा गरी कानून बमोजिम हिरासतमा राख्न सक्ने अधिकार हुन्छ तर व्यक्तिको भौतिक शरीरमा अतिक्रमण गरी शारीरिक वा मानसिक यातना दिने अधिकार हुँदैन ।

सर्वोच्च अदालत काठमाडौं

को हक भने अभियुक्तले स्वेच्छाले परित्याग गर्न नसक्ने देखिँदैन । यातना विरुद्धको हकको रुपमा रहेको उक्त उपधारा (४) मा यातनाको परिभाषा भएको देखिँदैन । सो उपधाराले प्रत्येक व्यक्तिलाई मानसिक र शारीरिक कुनै पनि प्रकारको यातना दिन नपाइने गरी यसलाई मौलिक हककै रुपमा राखिएको भएता पनि उपधारा (४) को समग्र व्यवस्था हेर्दा थुनामा रहेको व्यक्तिलाई मात्र यातना दिन नहुने थुनामा नरहेकोलाई चाहि यातना दिन मिल्ने व्याख्या गर्न मिल्दैन । शारीरिक वा मानसिक दुवै यातनाको छुट्टै परिभाषा नभए पनि यातना सम्वन्धी क्षतिपूर्ति ऐन, २०५३ मा यातनाको परिभाषा गरिएको देखिन्छ । उक्त ऐनमा भएको परिभाषा बमोजिम यातना भन्नाले "अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शव्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ" भन्ने व्यवस्था गरेको देखिन्छ । ऐनको यो व्यवस्थाले पनि राज्यले हिरासतमा रहेको वा नरहेको कुनै पनि व्यक्तिलाई यातना दिन सक्तैन । कुनै व्यक्तिमाथिको जुनसुकै प्रकारको यातना उसको विरुद्ध अमानवीय व्यवहार हो । यातना दिने कार्यले प्रत्येक स्वतन्त्र नागरिकको अनतिक्रम्य शरीरको मानसिक, शारीरिक एवं भौतिक आक्रमण र स्वतन्त्रताको अपहरण गर्दछ । राज्य आफ्नो नागरिकहरुको अधिकारको संरक्षक र पिडित व्यक्तिहरुको अभिभावक समेत भएको कारण अपराध गर्नेहरु उपर कानूनी बमोजिम अनुसन्धान गरी सवूद प्रमाण संकलन गरी मुद्दा चलाई कानून वमोजिम अदालतवाट संजाय दिलाउन सक्छ तर नागरिकहरुको अनतिक्रमण शारीरिक भौतिक वा मानसिक अतिक्रमण गर्न सक्दैन । यातनालाई कानूनी राज्य र मौलिक हकमा विश्वास गर्ने सभ्य समाजले स्वीकार्न नसक्ने मानवता विरुद्धको अपराध मान्न सकिन्छ ।

कानून उल्लङ्घन गरी अपराध गरेको भन्ने आरोपमा राज्यले कानून वमोजिम व्यक्तिलाई हिरासतमा राख्ने अधिकारप्राप्त गर्दछ । कुनै व्यक्ति अपराध गरेको आशंकामा अथवा Suspect को रुपमा अदालतको आदेशले हिरासतमा रही वा अनुसन्धान पूरा गरी अभियोग लगाई पुर्पक्षको लागि अर्थात् under trial को रुपमा अदालतको आदेशले Judicial custody मा वा सक्षम अदालतले सुनवाई गरी सवूद प्रमाणको आधारमा दोषी ठहरी कैदीको रुपमा वा सुरक्षा कानून अन्तर्गत हिरासत वा थुनामा रहन सक्छ । जुनसुकै अवस्थामा थुनामा रहेको होस् व्यक्तिको भौतिक एवं मानसिक शरीर अनतिक्रम्य छ । राज्यले व्यक्तिको अनतिक्रम्य शरीरलाई चाहे शारीरिक होस् वा मानसिक जुनसुकै प्रकारको अमानवीय व्यवहारले व्यक्तिको अनतिक्रम्य शरीरमा अतिक्रमण गर्न सक्तैन । राज्यलाई कानून बमोजिमको कार्यविधि पुरा गरी कानून वमोजिम हिरासतमा राख्न सक्ने अधिकार हुन्छ तर व्यक्तिको भौतिक शरीरमा अतिक्रमण गरी शारीरिक वा मानसिक यातना दिने अधिकार हुँदैन ।

व्यक्तिबाट अपराधबारे संपूर्ण विवरण यर्थाथ खुलाउन साबित गराउनलाई बल प्रयोग गरिने कार्यलाई Third degree method भन्ने गरिन्छ ।

सन् १९३० ताका अपराध अनुसन्धानको सिलसिलामा अनुसन्धानकर्ता प्रहरीबाट थुनुवालाई यातना दिइने गरेको भन्ने बेलायतको National Commission on Law Observance and Enforcement Report on Lawlessness in Law Enforcement (1931) जसलाई Wickersham Report पनि भनिन्छ सो प्रतिवेदनमा It is significant that instances of third degree treatment of prisoners almost invariably took place during the period between arrest and preliminary examination. भन्ने उल्लेख भएको हुँदा उन्नत राष्ट्रहरुमा पनि त्यतिबेला अपराध अनुसन्धानका क्रममा अपराध अनुसन्धान गर्ने सिलसिलामा अभियुक्तलाई यातना दिइने रहेछ भन्ने देखिन्छ ।

धारा १४ को उपधारा (३) को आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने व्यवस्था र उपधारा (४) को शारिरीक वा मानसिक यातना दिन नपाइने व्यवस्थाको Check and Balance को रुपमा उपधारा (६) को पक्राउ गरिएको व्यक्तिलाई २४ घण्टाभन्दा बढी अवधि थुनामा राख्न पर्दा थुनुवालाई मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरी मुद्दा हेर्ने अधिकारीको आदेशले मात्र थुनामा राख्न सकिने व्यवस्था भएको हो । अपराध अनुसन्धानको सिलसिलामा हुने सोधपुछमा थुनुवाबाट सूचना, जानकारी वा प्रमाण फेला पार्न अनुसन्धान अधिकारीबाट बल प्रयोग गरी यातना दिने बढी संभावना रहने हुँदा पक्राउमा परेको व्यक्तिलाई थुनामा राख्न आवश्यक छ छैन र थुनुवालाई यातना दिइएको छ छैन हेर्न थुनामा रहेको व्यक्तिको शरीरलाई नै मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्ने र मुद्दा हेर्ने अधिकारीले सबै हेरी न्यायिक मन लगाई उपयुक्त आदेश दिन थुनावालाई मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरी मुद्दा हेर्ने अधिकारीको आदेशले मात्र थुनामा राख्ने व्यवस्था भएको हो । हिरासतमा लिइएको व्यक्तिलाई २४ घण्टाभन्दा बढी अवधि थुनामा राख्नु पर्दा थुनुवालाई नै मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्न पर्ने व्यवस्थालाई सम्भावित यातनाको Checks and Balance को रुपमा लिइन्छ ।

अपराध अनुसन्धानको सिलसिलामा वा थुनामा रहेको व्यक्तिलाई राज्यले उच्च मर्यादा र उच्च नैतिकता कायम गरी व्यवहार गर्नुपर्छ । अपराध अनुसन्धानको नाउँमा वा कार्यकारी अधिकार सम्पन्न हैसियतको अधिकारीको नाममा राज्यले संवैधानिक एवं कानूनी व्यवस्था र मानव अधिकारको न्यूनतम मान्यता वा सीमा नाघी कसैलाई पनि कुनै प्रकारको यातना दिन सक्दैन । अनुसन्धान गर्ने अधिकारी वा थुनामा राख्ने आदेश दिने, अधिकारी राज्यको पदाधिकारी भएको कारण तिनीहरुले देशको संविधानले नागरिकहरुलाई दिएको मौलिक हक वा मानव अधिकारको सरक्षण गर्नुपर्ने उनिहरुको संवैधानिक एवं कानूनी कर्तव्य हुन्छ । सभ्य समाजमा नागरिकलाई यातना दिन राज्यले कुनै पद, कार्यलय वा अधिकारी खडा गर्दैन । अपराध गर्ने व्यक्ति किन नहोस्

सर्वोच्च अदालत
काठमाडौं

उ पनि राज्यको नागरिक भएको कारण suspect हुँदैमा उसको सबै मौलिक हक एवं उसको अधिकारहरु निलम्बन हुँदैन त्यस्तो हकहरु राज्यबाट संरक्षण हुनपर्छ ।

संविधानले प्रत्येक नागरिक एवं प्रत्येक व्यक्तिलाई प्रदान गरेको मौलिक हकको संरक्षण गर्ने यस अदालतको संवैधानिक कर्तव्य हो । थुनामा रहेका व्यक्तिलाई सोधपुछको सिलसिलामा वा अन्य कुनै पनि कारणले यातना दिनु कानूनी राज्यको लागि ठूलो भड्का हो । कानूनी राज्यको आधारमा राज्य संचालन हुने र लिखित संविधानद्वारा मौलिक हक संरक्षण गरिएको राष्ट्रमा कानून लागु गर्ने निकायले अधिकार पनि कानूनबाट नै प्राप्त गर्दछन र तिनीहरुको अधिकार पनि कानूनले नै सिमित गरेको हुन्छ । धारा १४ मा उल्लेखित उपधाराहरुमा उल्लेख भएको शब्दबाट नै यातना दिने काम हिरासतमा लिन कानूनले अधिकार पाएका व्यक्तिबाट नै हुने सम्भावना हुन्छ भन्ने देखिन्छ । जसमा बाहिरी समाज विलकुल अनभिज्ञ हुन्छ । थुनामा पर्ने व्यक्ति निःसहाय हुन्छ । धारा १४ मा यातनाको परिभाषा नगरिए पनि यातना भन्नाले हिरासतको अवस्थामा कानून कार्यन्वयन र जनताको जिउ धनको सुरक्षा गर्ने काम कर्तव्य भएको अधिकारीबाट आफैले हिरासतमा लिएको व्यक्तिलाई शारिरीक वा मानसिक पिडा दिने जुनसुकै कार्य यातना हो । यस्तो काम अमानविय, अनधिकृत एवं गैरकानूनीसमेत भएकोले कानूनीराज्य र मौलिक हक सहितको लिखित संविधान भएको कुनै पनि सभ्य समाजमा यस्तो जंगली Barbaric कार्य स्वीकार्य नहुने हुँदा धारा १४(४) ले प्रत्येक नागरिकलाई यातना विरुद्धको हकलाई मौलिक हकको रुपमा प्रदान गरी यातना विरुद्धको हक हनन भएमा त्यसको उपचार पनि तत्कालिन संविधानको हो भने धारा ८८(२) र वर्तमान संविधान को हो भने धारा १०७(२) अन्तर्गत प्राप्त हुने व्यवस्था गरेको हो ।

वेलायतमा पनि धेरै पहिला अपराध अनुसन्धानको सिलसिलामा प्रमाण प्राप्त गर्न हिरासतमा रहेको suspect लाई यातना दिने प्रचलन रहेको भन्ने देखिन्छ । तर त्यस्तो प्रचलनलाई Common Law को विकासको कारण नियन्त्रित हुँदै गए पनि यदाकदा थुनामा रहेको व्यक्तिहरुबाट अपराध बारे जानकारी एवं सूचना प्राप्त गर्न थुनामा रहेकाहरुलाई यातना दिईएको भन्ने भनाई रहेको कारण सरकारले Sir cyril Philip &c committee गठन गऱ्यो र उसले दिएको प्रतिवेदन जसलाई Royal Commission on Criminal Procedure भनिन्छ १९८१ मा दिएको उक्त समितिको प्रतिवेदनले अधिकार दुरुपयोगबाट हुन सक्ने यातनालाई कम गर्न पक्राउ परे पनि त्यसरी पक्राउ परेको व्यक्तिलाई थुनामा नराख्दा सवुद प्रमाण नष्ट गर्न सक्ने अवस्था वा साक्षीलाई धम्क्याउन, थर्काउन सक्ने अवस्थामा मात्र थुनामा राख्न सक्ने गरी प्रतिवेदन दिएको देखिन्छ । उक्त Royal Commission ले पक्राउ परे पनि देहायको अवस्था देखिए मात्र थुनामा राख्न सुझाव गरेको देखिन्छ केही अंश यसप्रकार छ :-

We recommend that detention upon arrest for an offence should continue only on one or more of the following criteria:-

सर्वोच्च अदालत काठमाडौं

1. The person's unwillingness to identify himself so that a summons may be served upon him,
2. The need to prevent the continuation or repetition of that offence,
3. The need to protect the arrested person himself or other persons or property,
4. The need to secure or preserve evidence of or relating to that offence or to obtain such evidence from the suspect by questioning him and
5. The likelihood of the person failing to apperar at court to answer any charge made against him.

यसको अतिरिक्त उक्त आयोगले आफ्नो प्रतिवेदनमा "To help reduce the use of arrest we would also propose the introduction here of a scheme that is used in ontario enabling a police officer to issue what is called an appearance notice. That procedure can be used to obtain attendance notice at the police station without resorting to arrest provided a power to arrest exists, for example to be finger printed or to participate in an identification parade. It could also be extended to attendance for interview at a time convenient both to the suspect and to the police officer investigating the case. भन्ने उल्लेख भएको देखिन्छ ।

बेलायतमा सुचना वा जानकारी लिन थुनामा रहेको व्यक्तिलाई यातना दिइने भन्ने प्रचलन प्राय पूर्णरुपमा उन्मुलन भइसकेपनि सम्भावित फाटफुट हुनसक्ने घटनालाई पनि निर्मूल गर्न उपरोक्त सुझाव दिएको र उक्त Royal Comission को राय सुझावलाई police and criminal evidence act, 1984 मा समावेश गरी हिरासतमा रहने व्यक्ति उपर हुन सक्ने सम्भावित यातना अर्थात् custodial violence लाई निर्मुल गरिएको भन्ने देखिन्छ ।

खुला र प्रजातान्त्रिक समाजमा नागरिकहरुलाई देशको मूल कानूनले र अन्य कानूनले विभिन्न हक तथा अधिकारहरु प्रदान गरको हुन्छ । प्रजातान्त्रिक समाजमा कानूनले प्रतिवन्ध लगाएको बाहेक अन्य सम्पूर्ण काम र गतिविधि गर्न सकिन्छ । प्रजातान्त्रिक अभ्यास अन्तर्गत आफ्नो हकको उपभोग गर्ने क्रममा वेला वेलामा कानून उलङ्घन भई अपराधजन्य कार्य हुन पुग्छ । देशको फौज्दारी कानूनले अपराधिक भनेको काम र आफ्नो हकको उपभोगको नाउँमा अर्काको हक हनन गर्ने छुट कसैलाई प्राप्त हुँदैन । यस्तो कार्य अपराधिक कार्य हुन्छ । अपराधजन्य कार्य गरे बापत आवश्यक सवुद प्रमाण संकलन गरी अभियोग लगाई मुद्दा चलाई सक्षम अदालतबाट अपराध माफिकको सजाय दिलाउनु राज्यको संवैधानिक कर्तव्य हो । यसको लागी कानून उलङ्घन गर्ने व्यक्तिसंग सोधपुछ गर्ने लगायतको काम कानून कार्यान्वयन गर्ने निकाय अपराध अनुसन्धान कर्ता प्रहरीलाई अधिकार प्राप्त हुन्छ । सार्वजनिक हितको लागि मौलिक हकको प्रयोगमा वन्देज लाग्न सक्ने मान्य सिद्धान्त अन्तर्गत नागरिकहरुको मौलिक हक कानून बमोजिम मात्र नियन्त्रित हुन सक्छ र कानून बमोजिम प्रहरीले थुनामा राख्न सक्छ । तर राज्यले सार्वजनिक हितका लागि मौलिक

हकमा नियन्त्रण गर्न सवछ भन्दैमा राज्यले स्वेच्छाचारी ढंगले यातना दिन सक्ने होइन । राज्यको यस्तो अधिकार उचित, निस्पक्ष र मनासिव हुनुपर्छ । सो सम्बन्धमा भारतको सर्वोच्च अदालतले DK Basu vs State of W.B.A.I.R 1997 Sc 611 को मुद्दामा :-

Section 330 of penal code directly makes torture during interrogation and investigation punishable under the Indian penal code. It is however inadequate to repair the wrong done to the citizen. Prosecution of the offender is an obligation of the state in case of every crime but the victim of crime needs to be compensated monetarily also. The court where the infringement of the fundamental right is established therefore cannot stop by giving a mere declaration. It must proceed further and give compensatory relief, not by way of damages as in a civil action but by way of compensation under the public law jurisdiction for wrong done due to breach of public duty by the state of not protecting the fundamental right to life of the citizen. To repair the wrong done and give judicial redress for legal injury is a compulsion of judical conscience. भन्ने व्याख्या भएको देखिन्छ ।

यातना क्रुर र अमानवीय व्यवहार हो । सभ्य समाजले जस्तोसुकै पेशेवर पटके अपराधी भए पनि यातना दिन सक्दैन । यातना विरुद्धको हक मौलिक हक एवं मानव अधिकार दुवै हो । वास्तवमा राज्य सभ्य हो वा असभ्य हो भन्ने कुरा नै राज्यले आफ्नो नागरिकलाई कस्तो व्यवहार गर्छ त्यसवाट देखिने र मूल्याङ्कन गरिने कुरा हो । अमेरिकाको Olmstead vs United States (१९२८) २७७ U.S.४३८ को मुद्दामा न्याय मूर्ति Mr. Justice Brandeis ले the quality of a Nation's civilization can be largely measured by the methods it uses in the enforcement of its criminal Law" भनेको देखिन्छ ।

यातना विरुद्धको हक वा अपराध अनुसन्धानको लागी प्रहरी हिरासतमा रहेको व्यक्तिका सम्बन्धमा सम्भावित प्रहरीको ज्यादती विरुद्धको उपचार वा प्रहरी हिरासतमा पर्दा साथ हिरासतको कानूनी अधिकार सम्बन्धमा जे भने पनि अमेरिकाको सर्वोच्च अदालतको Miranda warning पनि भनिने miranda v Arizona (१९६६) ३८४ U.S. को मुद्दामा स्थापित सिद्धान्त फौज्दारी न्यायमानै एउटा महत्वपूर्ण फैसला मानिन्छ । उक्त मुद्दामा धुनुवालाई हिरासतमा राख्नु अगावै उसको चार हकहरु सुसूचित गराउन पर्ने सिद्धान्त स्थापित गरेको छ जुन सिद्धान्त यस प्रकार छ -

To summarize, we hold that when an individual is taken into custody or otherwise deprived of his freedom by the authorities in any significant way and is subjected to questioning, the privilege against self-incrimination is jeopardized. Procedural safeguards must be employed to protect the privilege, and unless other fully effective means are adopted to notify the person of his right of silence and to assure that the exercise of the right will be scrupulously honored, the following measures are required. He must be warned prior to any questioning that he has the right to remain silent, thaf anything he says can be used against him in a court of law, that he has

the right to the presence of an attorney, and that if he cannot afford an attorney one will be appointed for him prior to any questioning if he so desires. Opportunity to exercise these rights must be afforded to him throughout the interrogation. After such warnings have been given, and such opportunity afforded him, the individual may knowingly and intelligently waive these rights and agree to answer questions or make a statement. But unless and until such warnings and waiver are demonstrated by the prosecution at trial, no evidence obtained as a result of interrogation can be used against him. प्रहरी हिरासतमा रहेको suspect को यातना विरुद्धको हकको सम्बन्धमा अमेरिकाको सर्वोच्च अदालतको यो व्याख्यालाई महत्वपूर्ण मानिन्छ ।

द्वितीय विश्वयुद्ध पश्चात र संयुक्त राष्ट्रसंघको गठनपछि विश्वव्यापी रुपमा पारित मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय एवं क्षेत्रीय convention हरु र विभिन्न राष्ट्रको संविधानमा समावेश यातना विरुद्धको हकलाई मौलिक हकमा समावेश गरिएको देखिन्छ ।

Universal Declaration of Human Rights, 1948 को Article 5 मा "No one shall be subjected to torture or to cruel, inhuman or degrading treatment or punishment." भन्ने घोषणा भएको छ ।

संयुक्त राष्ट्रसंघको साधारण सभाले ९ डिसेम्बर १९७५ मा प्रस्ताव नं.३४५२ द्वारा Declaration on Protection from Torture, १९७५ लाई adopt गर्‍यो । हुनत यो घोषणासम्म मात्र हो तर यसले अन्तर्राष्ट्रिय कानूनको विकास र यातना विरुद्धको महासन्धि (Convention against Torture) को निमार्ण गर्नमा महत्वपूर्ण रुपमा सघाउ पुर्‍यायो । यसको धारा ३ र धारा ४ महत्वपूर्ण छ । यो declaration ले यातना दिने प्रचलन तुरुन्त रोक्नु पर्ने र कुनै पनि अवस्था जस्तै देशमा संकटकाल वा युद्ध वा राजनीतिक अस्थिरता कुनै पनि वहानामा यातना justifiable हुन सक्दैन भनेको छ । धारा ३ र ४ यस प्रकार छ ।

धारा ३

No state may permit or tolerate torture or other cruel inhuman or degrading treatment or punishment. Exceptional circumstances such as state of war or a threat of war, internal political instability or any other public emergency may not be invoked as a justification of torture or other cruel in human or degrading treatment or punishment.

धारा ४

Each state shall in accordance with the provisions of this declaration take effective measures to prevent torture and other cruel inhuman or degrading treatment or punishsment from being practised within its jurisdiction.

उक्त Declaration को कारणले गर्दा २६ जुन १९८७ देखि लागू हुने गरी पक्ष राष्ट्रहरुलाई बन्धनकारी हुने गरी Convention Against Torture and other Cruel Inhuman and Degrading Treatment or Punishment, १९८४ लागु भयो । नेपाल सो convention मा पक्ष बनेको छ ।

उक्त convention को धारा १ मा यातनाको परिभाषा देहाय बमोजिम भएको देखिन्छ;

For the purpose of this Convention, the term "torture" means any act by which severe pain or suffering, whether physical or mental, is intentionally inflicted on a person for such purposes as obtaining from him or a third person information or a confession, punishing him for an act he or a third person has committed or is suspected of having committed, or intimidating or coercing him or a third person, or for any reason based on discrimination of any, kind, when such pain or suffering is inflicted by or at the instigation of or with the consent or acquiescence of a public official or other person acting in an official capacity. It does not include pain or suffering arising only from, inherent in or incidental to lawful sanctions.

धारा ४ मा पक्ष राष्ट्रहरुले यातनालाई प्रतिवन्ध लगाउन आवश्यक कानून व्यवस्था गर्न पर्ने भनी देहाय वमोजिम व्यवस्था भएको छ। धारा ४ मा भएको व्यवस्था यस प्रकार छः

1. Each State Party shall ensure that all acts of torture are offences under its criminal law. The same shall apply to an attempt to commit torture and to an act by any person which constitutes complicity or participation in torture.
2. Each State Party shall make these offences punishable by appropriate penalties which take into account their grave nature.

नेपाल पक्ष वनी नेपाल कानून सरह लागु भएको International Covenant on Civil and Political Rights (ICCPR) को धारा ७ मा पनि यातनाको सम्वन्धमा देहाय वमोजिम व्यवस्था भएको देखिन्छः-

No one shall be subjected to torture or to cruel, inhuman, or degrading treatment or punishment. In particular, no one shall be subjected without his free consent to medical or scientific experimentation.

उक्त दुवै Convention हरु नेपालले अनुमोदन गरेको हुँदा नेपाल सन्धी ऐन, २०४७ को दफा ९ को व्यवस्थाले गर्दा उक्त व्यवस्थाहरु नेपाल कानून सरह लागू हुन्छ।

प्रत्येक व्यक्तिको मौलिक हक एवं मानव अधिकारको संरक्षण र रक्षा गर्नु यस अदालतको कर्तव्य हो । थुनामा रहेको व्यक्तिलाई कुटपीट गर्ने यातना दिने कार्य तथा प्रहरी हिरासतमा वेलावेलामा हुने मृत्यु अर्थात् custodial death/violence कानूनी राज्य विपरित र नागरिकहरुको मौकिल हक उल्लघंन हुने कार्यहरु हुन् । सवैभन्दा विचारणीय कुरा के हो भने यस्ता कार्यहरु शान्ति र व्यवस्था तथा नागरिकहरुका जिउधनको सुरक्षा गर्ने जिम्मा र उत्तरदायित्व वोकेको कार्यपालिका तर्फका पदाधिकारीवाटै हुने गर्दछ । यस्ता कार्यहरु सामान्यतयाः आम नागरिकलाई सहजै पहुँच हुन नसक्ने उर्दी-पोसाकधारी पदाधिकारीको कार्यालयमा नै हुने गर्दछ । यातना दिने कार्य मानव अधिकारको ठाडो उल्लंघन हो यसको कुनै justificaftion नै हुन सक्दैन जसरी महिला विरुद्ध हुने जवरजस्ती करणीले महिलाको सामाजिक, आर्थिक, वौद्धिक, चारित्रिक, पारिवारीक, पेशागत, शैक्षिक लगायत सम्पूर्ण चैतर्फी जीवनमा प्रतिकूल असर पार्दछ । त्यसै गरी यातना दिने

कार्यले पिडितको मानव मुल्यकै अपमान र अवमूल्यन गर्दछ। मानव जातिको अपमान र अवमूल्यन गर्नु भनेको मानव सभ्यतामा नै प्रहार गरेको मान्नु पर्दछ। यातना पिडित मानव व्यक्तित्व सायद पुर्नस्थापित हुन नसक्ला त्यसैले A.P.Bartow ले यातनालाई Torture is a wound in the soul so painful that sometimes you can almost touch it but it is aslo intangible that there is no way to heal it.

Torture is anguish squeezing in your chest cold as ice and heavy as a stone paralyzing as sleep and dark as the abyss. Torture is despair and fear and rage and hate. It is a desire to kill and destroy inculuding yourself. भनेका छन्।

[ निवेदकको माग यातनालाई फौजदारी अपराध मानी यातना दिनेलाई दण्ड सजाय र यातनावाट पीडितलाई पुर्नस्थापना गरी पाउँ भन्ने माग देखिन्छ। संविधानले यातना विरुद्धको हकलाई मौलिक हक मानेको छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा २६(२) मा शारीरिक वा मानसिक यातना दिने वा निर्मम अमानवीय वा अपमानजक कार्य गर्ने कार्य दण्डनिय हुने र त्यसवाट पीडित व्यक्तिलाई कानून वमोजिम क्षतिपूर्ति दिइने व्यवस्था भएको देखिन्छ। वर्तमान संविधानको भाग ४ को धारा ३३ को खण्ड (ग) मा मानव अधिकारको अवधारणाको पूर्ण पालना गरी दण्डहिनता अन्त्य गर्ने र खण्ड (ड) मा राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने राज्यको दायित्व हुने व्यवस्था भएको देखिन्छ। वर्तमान संविधानको धारा २६ को मौलिक हकको प्रभावकारी कार्यान्वयन हुन र यातना दिनेलाई सजाय गर्ने र यातनावाट पीडितलाई क्षतिपूर्ति दिलाउन कानून निर्माण गर्नुपर्ने राज्यको संवैधानिक कर्तव्य हो।

नेपालको अन्तरिम संविधानले मात्र होइन नेपालले International Covenant on Civil and Political Rights, १९६६ र Convention against Torture and other Cruel, Inhuman and Degrading Treatment or Punishment , १९८४ को पक्ष भएको कारण उक्त महासन्धि खास गरी Convention against Torture and other Cruel, Inhuman and Degrading Treatment or Punishment, १९८४ को धारा २ र धारा ४ अनुसार यातनालाई फौजदारी अपराध मानी यातना पीडितलाई क्षतिपूर्ति दिने कानूनी व्यवस्था गर्नु नेपालको अन्तर्राष्ट्रिय कटिवद्धता समेत हो।

Convention against Torture and other Cruel, Inhuman and Degrading Treatment or Punishment, १९८४ को धारा १४ यस प्रकार छ :-

Each state party shall ensure in its legal system that the victim of an act of torture obtains redresses and has an enforceable right to fair and edequate compensation including the means for as full rehabilitation as possible. In the event of the death of the victim as a result of an act of torture his dependents shall be entitled of compensation.

सो धाराले यातनालाई अपराध घोषित (Criminalize) गरी यातनावाट पीडितलाई उचित क्षतिपूर्ति दिलाउने कानूनी व्यवस्था हुनुपर्ने पक्ष राष्ट्रहरुको दायित्व हो। नेपाल यो दायित्ववाट पन्छिन सक्दैन।

समर्थ, Convention against Torture and other Cruel, Inhuman and Degrading Treatment or Punishment, १९८४ मा नेपाल पक्ष बनेको लामो अवधि बितिसक्दा पनि सो convention अनुकूलको कानून निर्माण भएको नदेखिएकोले Convention against Torture and other Cruel, Inhuman and Degrading Treatment or Punishment, १९८४ को अक्षरश पालना र कार्यान्वयनप्रति नेपालको Treaty obligation भएको र नेपालको अन्तरिम संविधान २०६३ को धारा २६ तथा धारा ३३(ड) को प्रयोजनको लागि यातना दिने कार्यलाई अपराध घोषित (Criminalize) गरी यातना दिनेलाई सजाय दिने कानून बन्नु पर्ने नेपालको संवैधानिक कर्तव्य भएकोले निवेदकको माग बमोजिम यातना दिने कार्यलाई अपराध घोषित (Criminalize) गर्न र यातना दिनेलाई सजाय गर्ने व्यवस्था समेतको कानून बनाउनु भनी विपक्षी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी गरी दिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई मिसिल नियमानुसार बुझाई दिनु।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत : यादवराज पोखरेल
हरिकृष्ण श्रेष्ठ
कम्प्युटर सेटिङ्ग : अमिररत्न महर्जन
इति सम्बत् २०६४ साल पौष २ गते रोज २ शुभम् -----------------------------------

Summary in english
whole - in Nepali

## परिशिष्ट–ग

### यातनासम्बन्धी तथ्याङ्क

एड्भोकेसी फोरम

जुन २००८ देखि मे २००९ सम्म

अन्तर्वार्ता लिइएका थुनुवाहरूको संख्या : ४३२८

**यातना दिइयो ?**

| | प्रतिशत |
|---|---|
| दिइयो | १९.५ |
| दिइएन | ८०.५ |

**यातना दिए नदिएको जिल्लागत तथ्याङ्क**

| जिल्ला | यातना भएको प्रतिशत | जम्मा थुनुवा संख्या |
|---|---|---|
| काठमाडौँ | २४ | १०३७ |
| रुपन्देही | २१.२ | ५१८ |
| धनुषा | २७.५ | १४९ |
| बाग्लुङ्ग | ६.५ | ९० |
| म्याग्दी | १८.२ | २२ |
| पर्वत | २२.९ | ३५ |
| बर्दिया | १५.९ | ११३ |
| मोरङ्ग | १७ | २४१ |
| रामेछाप | २३.८ | ४२ |
| दोलखा | ४.३ | १४० |
| झापा | १७.४ | २१९ |
| बाँके | २१ | ३१० |
| कास्की | १५.४ | ६११ |
| कंचनपुर | ७.५ | १६१ |
| उदयपुर | १३.९ | १०१ |
| सुर्खेत | २७.१ | २३६ |
| कपिलवस्तु | १६.७ | १५६ |
| ललितपुर | २५.९ | १४७ |

## नवालकहरू उपर भएको यातना

थुनुवा नाबालकको संख्या : ११०५

| | प्रतिशत |
|---|---|
| यातना पाएका बताउने | २४.९ |
| यातना नपाएको बताउने | ७५.१ |

## स्वास्थ्य परीक्षण

| | प्रतिशत |
|---|---|
| गरिएको | ८३.१ |
| नगरिएको | १६.९ |

## थुनुवालाई प्रक्राउ पुर्जी दिए नदिएको तथ्याङ्क

| | प्रतिशत |
|---|---|
| दिएको | ४.५ |
| नदिएको | ९५.५ |

## वकिलसँग परामर्श लिन पाउने अधिकारको बारेमा ज्ञान?

| | प्रतिशत |
|---|---|
| छ | २१.८ |
| छैन | ७८.२ |

## सहीछाप अगाडि बयान पढ्न दिइयो ?

| | प्रतिशत |
|---|---|
| दिइयो | १५.५ |
| दिइएन | ८४.५ |

## २४ घण्टाभित्र म्यादथप गरियो ?

| | प्रतिशत |
|---|---|
| गरियो | ४२.९ |
| गरिएन | ३६.९ |
| अदालत नलगिएको | २०.२ |

## जातीय तथ्याङ्क

| | यातना प्रतिशत |
|---|---|
| बाहुन/क्षेत्री | ३२.९ |
| दलित | ९.८ |
| जनजाति | ३०.८ |
| नेवार | ४.९ |
| अन्य | ८.८ |
| तराई जनजाति | १२.८ |

## लिङ्ग

| | यातना प्रतिशत |
|---|---|
| महिला | ५.७ |
| पुरुष | ९४.३ |